(रोजगारी खोजीकर्ताको लागि)

**सही रूपमा लाभ प्राप्ति गर्नका निमित्त अवश्य पनि पढ्नुहोला।**

（ネパール語）

# रोजगार बिमाको बेरोजगार लाभ आदि प्राप्त गर्न योग्य व्यक्ति सम्बन्धी पुस्तिका

| लाभ प्राप्ति योग्यता निर्धारित मिति | सन् साल महिना तारिख | प्रमाणीकरण मिति (सप्ताह नं. ー बार) |
|---|---|---|
| भुक्तानी नम्बर | □□ — □□□□□□ — □ | सप्ताह नं. बार |
| नाम | | |

## ◎ तपाईंको रोजगारी बिमा वर्णन-भेला, निम्न अनुसार हुनेछ।

| रोजगार बिमा वर्णन-भेलाको मिति र समय | महिना | तारिख ( | बार) | बजे | मिनेट |
|---|---|---|---|---|---|

* रोजगार बिमा वर्णन-भेलामा, ○ चिन्हले घेरेको कागजात लिएर आउनुहोला।

1 प्राप्त गर्न योग्य व्यक्ति सम्बन्धी पुस्तिका

2 लेख्ने सामाग्री

3 भुक्तानी इच्छाएको वित्तीय संस्था तोक्ने निवेदन, अथवा डिपोजिट (बचत) खाताको पासबुक (सम्बन्धित व्यक्ति स्वयंको)

4 फोटो प्रति (ठाडो 3cm × तेर्सो 2.5cm को शरीरको माथिल्लो भागको)

5 माइनम्बर कार्ड, सूचना कार्ड, व्यक्तिगत नम्बर भएको बसोबास पत्र(ज्युमिन ह्योउ) मध्ये कुनै एक (*)

6 ड्राइभिङ् लाइसेन्स, सरकारी कार्यालयले जारी गरेको परिचयपत्र, योग्यता प्रमाणपत्र (फोटो भएको) मध्ये कुनै एक
(जहाजी कर्मचारी भए, जहाजी कर्मचारी हाते पुस्तिका)

7 'बसोबास तथ्य उल्लेखित प्रमाणपत्र' अर्थात 'ज्युमिन् ह्यो किसाइ-जिको-स्योउमेइ स्यो' (बसोबास पत्रको प्रतिलिपि, इन्खान दर्ता प्रमाणपत्र)
नागरिक स्वास्थ्य बिमा अथवा स्वास्थ्य बिमाको बिमित कार्ड

8 अन्य( )

(*) भुक्तानी प्राप्त गर्ने प्रक्रियाको लागि व्यक्तिगत नम्बर जाँच गर्न मिल्ने कागजात (माइनम्बर कार्ड आदि)को आवश्यकता पर्छ।

## ◎ तपाईंको पहिलो बेरोजगार प्रमाणीकरण मिति निम्न अनुसार हुनेछ।

| पहिलो बेरोजगार प्रमाणीकरण मिति | महिना | तारिख ( | बार) | बजे | मिनेटदेखि | बजे | मिनेटसम्म |
|---|---|---|---|---|---|---|---|

* प्रमाणीकरण मितिमा अवश्य पनि निम्न कागजात लिएर आउनुहोला।

रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड, बेरोजगार प्रमाणीकरण पत्र, अन्य ( )

**रोजगारी बिमा वर्णन-भेलामा सहभागी हुन नसक्ने अवस्था आएमा, पहिल्यै सम्पर्क गर्नुपर्छ।**

* रोजगार बिमा लाभ प्राप्तिको प्रक्रिया चाल्यो भने, प्रक्रिया चालेको दिन भन्दा अगाडिसम्म, रोजगार बिमामा सामेल रहेको अवधि भरिको आधारभूत भत्ता भुक्तानी भएको वा नभएको जे भएपनि, त्यस पछिको रोजगार बिमाको भुक्तानीको हिसाबमा समावेश नहुने भएकोले ख्याल गर्नुहोला।

* अन्तर्वस्तुमा कुनै अस्पष्टता भएमा, धक नमानि सम्बन्धित अधिकारीलाई सोधपुछ गर्नुहोला।

* पार्किङ् गर्ने ठाउँ सीमित भएकोले, कृपया सकेसम्म सार्वजनिक यातायात प्रयोग गर्नुहोला।

स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइटमा रोजगार बिमा सम्बन्धित Q&A
अर्थात् प्रश्न उत्तर राखिएको हुनाले हेर्न सक्नु हुनेछ।
[URL को लागि यता] https://www.mhlw.go.jp/stf/seisakunitsuite/bunya/0000139508.html

हेलोवर्क (सार्वजनिक पेसा संरक्षण कार्यालय) श्रम ब्युरो पेसा संरक्षण विभाग पेसा संरक्षण शाखा

LL020801保00

# हेलोवर्कको सेवा प्रयोग गर्नुहोस्

हेलोवर्कले, यहाँहरू एक दिन भएपनि चाँडो आफूले इच्छा गर्नुभएको दिगो हुने काममा लाग्न सक्नुहोस् भन्ने हेतुले, काम गर्न चाहेको पेसा सिफारिस गर्ने लगायतका विभिन्न सेवाहरू प्रदान गर्ने गरेको छ।

हेलोवर्क भनेको स्वास्थ्य श्रम तथा कल्याण मन्त्रालयको मातहतमा रहने राष्ट्रको निकाय भएकोले, सम्पूर्ण सेवाहरू निःशुल्क प्रयोग गर्न सकिनेछ। तल हेलोवर्कको प्रमुख सेवाहरू बारे जानकारी दिएकोले, अवश्य पनि प्रयोग गर्नुहोला।

पुनश्च, हेलोवर्क प्रयोग गर्नुहुने बखतमा, "रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड" ल्याउनुहोला।

## काम बारेको परामर्श

हेलोवर्कको पेसागत परामर्श सेवा काउण्टरले जागिरमा लाग्ने सम्बन्धमा विभिन्न परामर्श सेवा दिने गरेको छ। "इच्छा अनुरूपको भ्याकेन्सी भेटिएन"अथवा "चासो लागेको भ्याकेन्सी भेटिन त भेटिएको छ, तर के गरौँ के..." आदि जस्तो जे खालको परामर्श भएपनि हुनेछ। धक नमानिकन काउण्टरमा पाल्नुहोला।

साथै, हालको भ्याकेन्सी स्थितिको वर्णन या, एक दिन भएपनि चाँडो पुनर्रोजगारीमा लाग्नका निमित्त चाहिने सुझावहरू पनि दिने गरिएको छ।

## भ्याकेन्सी जानकारी प्रदान

हेलोवर्कमा, विभिन्न कम्पनीहरूबाट, हरेक दिन नयाँ भ्याकेन्सी प्राप्त हुने गरेको छ।

भ्याकेन्सी जानकारी, कम्प्युटर प्रयोग गरेर सजिलैसँग हेर्न सक्नुहुनेछ।

अझै, हेलोवर्कबाट, अन्य स्थानको हेलोवर्कमा राखिएको भ्याकेन्सी जानकारी पनि प्रदान गर्ने गरिएकोले, व्यापक दायराको भ्याकेन्सी जानकारी हासिल गर्न सकिनेछ।

## इच्छा गर्नुभएको कम्पनीमा सिफारिस

दरखास्त दिन चाहनुभएको भ्याकेन्सी भएमा, पेसागत परामर्श सेवा काउण्टरमा पाल्नुहोला।

उक्त भ्याकेन्सी बारेको वर्णन या सुझावका साथै, यहाँहरूको प्रश्नको हल समेत गरी, कम्पनीको इन्चार्जसँग अन्तर्वार्ता मिति तथा समय आदि मिलाएर, सिफारिस पत्र हस्तान्तरण गर्नेछौँ।

साथै, भ्याकेन्सीका हर प्रकारका सर्तहरू धेरथोर यहाँको इच्छा अनुरूप नभएमा, कम्पनीसँग समन्वय गरेर मिलाउने गरिएको छ।

## काम खोजीको सहायता

हेलोवर्कमा, यहाँहरूको काम खोजीमा सहायता गर्नका निमित्त, आफूलाई उपयुक्त हुने काम भेट्टाउने विधि या, अन्तर्वार्ता दिने विधि बारेको सुझावहरू, विभिन्न खालका सेमिनारहरू आयोजना गर्ने गरिएको छ। विभिन्न खालका सेमिनारको समय तालिका इत्यादि बारेमा, सम्बन्धित हेलोवर्कहरूमा नै सोधपुछ गर्नुहोला।

## अन्य सेवाहरू

त्यस बाहेक पनि हेलोवर्क अनुसार विभिन्न सेवाहरू प्रदान हुँदै आएको छ।

सेवाको मेनु/अन्तर्वस्तु बारेमा, सम्बन्धित हेलोवर्कहरूमा सोधपुछ गर्नुहोला।

# लाभ प्राप्ति प्रक्रियाको प्रवाह

**काम छोडेको**

↓

**रोजगारी खोजी आवेदन र लाभ प्राप्ति योग्यताको निर्धारण**

लाभ प्राप्ति प्रक्रिया अपनाउने मूलव्यक्तिले, आवश्यक कागजात हेलोवर्कसम्म लिई आउनुहोला। हेलोवर्कमा, पेस गरिएको कागजात आदिद्वारा लाभ प्राप्ति योग्यताको पुष्टि/निर्धारण गरिनेछ।

↓

**रोजगार बिमा वर्णन-भेला**

लाभ प्राप्ति योग्यता प्रमाणपत्र जस्ता आवश्यक कागजात हस्तान्तरण गरिनेछ।
साथै, रोजगार बिमा लाभ प्राप्ति प्रक्रिया अघि बढाउने तरिका या जागिरमा लाग्ने गतिविधि बारेमा वर्णन गरिनेछ।
*रोजगार बिमा वर्णन-भेलाको आयोजना, प्रतिक्षा अवधि पूर्ण भइसके पश्चात् हुन जाने अवस्था पनि आउन सक्छ।

↓

**प्रतिक्षा अवधिको पूर्णता**

लाभ प्राप्ति योग्यताको निर्धारण प्राप्त गरेको दिनदेखि, बेरोजगारीको स्थिति जोड्दा सात दिन नबिते सम्मलाई "प्रतिक्षा अवधि" भनिन्छ र, यस अवधि रोजगार बिमा भुक्तानीको दायरा भित्र पर्ने छैन।

↓

**लाभ प्रदानमा हदबन्दी**

आफ्नै परिस्थितिजन्य कारणले अवकाश लिएका व्यक्तिलाई, प्रतिक्षा अवधि पूर्ण भएको भोलिपल्टबाट थप तीन महिनासम्म आधारभूत भत्ता भुक्तानी गरिने छैन। यसलाई "लाभ प्रदानमा हदबन्दी" भनिने छ।

↓

**बेरोजगार प्रमाणीकरण**

प्रत्येक प्रमाणीकरणको दिन (सिद्धान्ततः चार हप्तामा एक पटक) पिच्छे बेरोजगार प्रमाणीकरण निवेदन फाराम पेस गर्नुहोस्।
मजदुरीमा लागे-नलागेको, रोजगारी खोज्ने गतिविधि गरे-नगरेको आदि निश्चय गरेर मात्र बेरोजगार प्रमाणीकरण गरिनेछ।

↓

**आधारभूत भत्ताको भुक्तानी**

बेरोजगार प्रमाणीकरण प्राप्त गरेको दिन सङ्ख्या बराबरको आधारभूत भत्तालाई तपाईँको साधारण बचत खातामा रकमान्तर गरिनेछ। (रकमान्तर गर्ने अवधि वित्तीय निकाय अनुसार फरक-फरक परी, लगभग एक हप्ता जति लाग्ने हुन सक्छ, कृपया बुझि दिनुहोला)

↓

**सिद्धान्ततः प्रत्येक चार-चार हप्तामा तपाईँको प्रमाणीकरण मिति तोकिनेछ।**

*पेसागत परामर्श सेवा प्रयोग गर्नुहोस्*
कस्ता-कस्ता भ्याकेन्सीहरू छन् हेर्न या पेसागत परामर्श सेवाहरू लिनका लागि, प्रमाणीकरण मिति बाहेकको दिन पनि प्रयोग गर्न सकिनेछ।
सक्रिय रूपमा रोजगारी खोज्ने गतिविधि गरेर एक दिन भएपनि चाँडो पुनर्रोजगार हुने।

↓

**जागिरे**

पुनर्रोजगारी प्रतिको लाभ रकम स्वरूप, पुनर्रोजगार भत्ता/इलम प्रोत्साहन तथा कायम भत्ता/अल्पकालीन इलम भत्ता/नियमित जागिर तयारी भत्ता/जेष्ठ नागरिक पुनर्रोजगार लाभ रकम इत्यादिका लागि आवेदन दिन सकिने हुनसक्छ।

↓

**भुक्तानी समापन**

*भुक्तानी समापन पछि पनि पेसागत परामर्श सेवा प्रयोग गर्न सक्नुहुनेछ।*
*बिना हिचकिचाहट, हेलोवर्कमा पाल्नुहोस्।*

## 1 रोजगार बिमाको लाभ प्राप्त गर्न सक्ने व्यक्ति भन्नाले?

रोजगार बिमाले, बेरोजगार अवस्थामा दैनिक जीवनयापनको चिन्ता नगरी काम खोज्ने कुरामा ध्यान केन्द्रित गरी, एक दिन भएपनि चाँडो पुनर्रोजगार हुन सकून् भन्नका निमित्त "रोजगारी खोजीकर्ता लाभ" भुक्तानी गर्दछ।

यस रोजगारी खोजीकर्ता लाभ, काम छोड्दैमा अवश्य पनि भुक्तानी पाइन्छ भन्ने चिज चाहिँ होइन।

रोजगारी खोजीकर्ता लाभ प्राप्त गर्न सक्ने भनेको, बेरोजगार स्थितिमा रहेको व्यक्तिले मात्र हो।

## 2 बेरोजगार स्थिति भन्नाले?

बेरोजगार स्थिति भन्नाले, निम्न सर्तहरू सबै पुरा गरेको अवस्थालाई भनिन्छ।

○ सक्रिय रूपमा जागिरमा लागौँ भन्ने मनसाय भएको।

○ जतिखेर पनि जागिरमा लाग्न सक्ने क्षमता (स्वास्थ्य स्थिति/वातावरण आदि) भएको।

○ सक्रिय रूपमा काम खोज्दा खोज्दै पनि, हालसम्म रोजगारीमा लाग्न नसकेको।

तलका मध्ये कुनै एक अवस्था भित्र पर्ने व्यक्तिले, सिद्धान्ततः रोजगारी खोजीकर्ता लाभ प्राप्त गर्न सक्ने छैन।

1. रोग या चोटपटक लागेकोले तुरुन्तै जागिरमा लाग्न नसक्ने (श्रमिक दुर्घटना बिमाबाट बिदा [क्षतिपूर्ति] लाभ रकम अथवा स्वास्थ्य बिमाबाट घाउचोट वा बिमारी भत्ता रकमहरूका भुक्तानी प्राप्त गरिरहेको अवस्था समेत समावेश)
2. गर्भावस्था, प्रसूति, शिशु स्याहार जस्ता कारणले तुरुन्तै जागिरमा लाग्न नसकेको
3. नजिकका नातेदारको स्याहार-सुसार गर्नुपर्ने जस्ता कारणले तुरुन्तै जागिरमा लाग्न नसकेको
4. सेवा निवृत्ति उमेर भएर काम छोडी केही समयको लागि विश्राम लिएको
5. विवाह गरेर घरायसी काममा ध्यान केन्द्रित भई जागिरमा लाग्ने इच्छा नगरेको
6. घरायसी काम सघाउने या कृषि, व्यापार जस्ता घरेलु उद्यममा संलग्न भएर, जागिरमा लाग्न नसकेको
7. स्वरोजगार (त्यसको तयारी) गरिरहेको *आम्दानी भए नभएको कुराले फरक पार्दैन।
8. कुनै कम्पनी आदिको पदाधिकारीमा नियुक्त रहेको (कुनैपनि गतिविधि गर्नुपर्दैन या पारिश्रमिक छैन भने हेलोवर्कमा बुझ्नुहोस्)
9. जागिररत (हेरेर सिक्दै, परीक्षण काल, प्रशिक्षण अवधि समेत, आम्दानी भए नभएको कुराले फरक नपार्ने)

   *प्रति हप्ताको श्रम समय 20 घण्टा भन्दा मुनि भएमा, मजदुरीमा लागेको दिन, आम्दानी राशि घोषणा गर्नुपर्ने हुन्छ तर, त्यस बाहेकको बेरोजगार रहेको दिनको हकमा आधारभूत भत्ताको भुक्तानी प्राप्त गर्न सकिने पनि हुनसक्छ।
10. अध्ययनमा ध्यान केन्द्रित रहेको (दिवा स्कुल जाने गरेकोले तुरुन्तै जागिरमा लाग्न नसक्ने)
11. आगामी जागिर निर्धारण भएको (रोजगारी बुकिङ भएको/नियुक्ति प्रस्ताव पाएको समेत)

* 1. 2. 3. 4. को कारणले, तुरुन्तै रोजगारीमा लाग्न नसक्दा, लाभ प्राप्त गर्ने अवधि लम्ब्याउन सकिने पनि हुनसक्छ। (पृष्ठ 17 हेर्ने)

## बिमा शुल्क वहन गर्दा गर्दै पनि रोजगारी खोजीकर्ता लाभ प्राप्त गर्न नसकिने पनि हुनसक्छ र?

रोजगार बिमा प्रणाली अन्तर्गत, सञ्चित बचत रकम जसरी बिमा शुल्क वहन गर्दैमा भुक्तानी प्राप्त गर्न सकिन्छ नै भन्ने चाहिँ होइन।

रोजगार बिमा भनेको, तपाईँ आफैँले चुक्ता गर्नुभएको बिमा शुल्कको अलावा, अन्य काम गर्ने व्यक्ति या उद्यम मालिकले भरेको बिमा शुल्क र कर रकमद्वारा, राष्ट्रले सञ्चालन गरिरहेको आपसी सहायताको प्रणाली हो।

यसर्थ, कानुनले तोकेको आवश्यक सर्त भित्र नपरेसम्म, भुक्तानी प्राप्त हुने छैन।

## काम गर्ने मन भएको तर, अहिले भने बिरामी भएको जस्ता कारणले काम गर्न नसकेको अवस्थामा के गर्दा ठिक होला?

रोजगारी खोजीकर्ता लाभ प्राप्त गर्न सक्ने भनेको, सिद्धान्ततः काम छोडेको दिनको भोलिपल्ट देखि एक वर्षको अवधि सम्म मात्र हो। यस अवधिलाई "लाभ प्राप्ति अवधि" भनिन्छ।

अवकाश पछि, बिरामी, गर्भावस्था जस्ता कारणले तुरुन्तै काम गर्न नसकिने अवधिमा, लाभ प्राप्ति अवधि बितेर गइदियो भने, त्यति महत्त्वपूर्ण बिमा प्रणाली प्रयोग गर्न नसकिने हुन जान्छ।

तसर्थ, एक निश्चित मापदण्ड पुरा गरेमा भने, यस लाभ प्राप्ति अवधिलाई एक निश्चित अवधि लम्ब्याएर, तत्पश्चात्, काम गर्न पाइने भएपछि, रोजगार बिमाको लाभ प्राप्ति प्रक्रिया गर्न पाइने प्रणाली रहेको छ (विस्तृतमा पृष्ठ 17 हेर्ने)।

## काम छोडेर, योग्यता हासिल गर्नको लागि दिवा स्कुल जाने भएमा, बिमा पाउन सकिन्छ त?

दिवा स्कुल गएको कारणले, अघिल्लो पृष्ठमा वर्णन गरेको "बेरोजगार स्थिति" बाट हटेको अवस्थामा भने, रोजगारी खोजीकर्ता लाभ प्राप्त हुने छैन।

साथै, विद्यालय शिक्षा ऐन दफा 1 मा व्यवस्था गरिएको स्कुल, सोही ऐनको दफा 124 मा व्यवस्था गरिएको व्यावसायिक विद्यालय अथवा सोही ऐनको दफा 134 उपदफा 1 मा व्यवस्था गरिएको विविध विद्यालयका विद्यार्थीहरू (सञ्चार प्रणाली/रात्रीकालीन/निर्धारित समय प्रणाली बाहेक। उपरान्त "दिवाकालीन विद्यार्थी" भनिने) या सारगत रूपमा भन्नुपर्दा, दिवाकालीन विद्यार्थी र सोसँग मिल्दाजुल्दा व्यक्तिको हकमा सिद्धान्ततः रोजगार बिमा ऐन उपरको श्रमिकमा नपर्ने भएकोले, रोजगारी खोजीकर्ता लाभको भुक्तानी प्राप्त गर्न सकिने छैन।

## कस्तो खालको स्थितिलाई "जागिरे"भन्ने त?

रोजगार बिमा ऐन अनुसार "जागिरे" भन्नाले, खाली सेइ-स्याइन भनिने स्थायी कर्मचारी मात्र नभएर, आरुबाइतो या पार्टटाइमर एवम् प्रशिक्षण आदि समेत समावेश हुनेछ।

साथै, कम्पनीको पदाधिकारीमा नियुक्त भएको अवस्थालाई त निस्सन्देह नै भई हाल्यो, त्यस बाहेक स्वरोजगारको तयारी या स्वरोजगार सञ्चालन, कृषि/व्यापार जस्ता घरेलु उद्यममा संलग्न, ठेक्का/अख्तियारी लिएर गरिने श्रम, घर बसेर गर्ने घरायसी पेसा, भोलन्टियर गतिविधि आदिको हकमा समेत, "जागिरे"भनेर मान्ने अवस्था हुनसक्छ। विस्तृतमा, "12 बेरोजगार प्रमाणीकरण निवेदन फाराम लेख्ने तरिका" हेर्नुहोला।

# 3 रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड हेर्ने तरिका

◎अघिल्लो पृष्ठ

## 雇用保険受給資格者証

（第１面）

| | | | | | |
|---|---|---|---|---|---|
| 1. 支給番号 1 | | | 2. 氏名 2 | | |
| 3. 被保険者番号 3 | 4. 性別 | 5. 離職時年齢 5 | 6. 生年月日 6 | | 7. 求職番号 |
| 8. 住所又は居所 | | | | | |
| 9. 支払方法(記号(口座)番号 - 金融機関名 - 支店名) 9 | | | | | |
| 10. 資格取得年月日 | | 11. 離職年月日 11 | | 12. 離職理由 12 | |
| 13. 60歳到達時賃金日額 | | 14. 離職時賃金日額 14 | | 15. 給付制限 15 | |
| 16. 求職申込年月日 16 | | 17. 認定日 17 | | 18. 受給期間満了年月日 18 | |
| 19. 基本手当日額 19 | | 20. 所定給付日数 20 | | 21. 通算被保険者期間 21 | |
| 22. 離職前事業所名 | | | | | |
| 23. 再就職手当支給歴 23 | | 24. 特殊表示（災害時、一括、巡相、市町村） | | | |

◎पछिल्लो पृष्ठ

[काम छोड्ने कारण 11, 12, 21, 22, 23, 24, 25, 31, 32, 33 भएमा]

| 行数 | 処理月日 | 認定（支給）期間 | 日数 | 種類 | 支給金額 | 残日数 | 備考 |
|---|---|---|---|---|---|---|---|
| 1 | 0530 | 20−012345−6 | | कोयोउ तारोउ | | अर्को पटक प्रमाणीकरण मिति जुन 27 | |
| 2 | | प्रतिक्षा अवधि पूर्ण | | प्रतिक्षा अवधि पूर्ण मिति | | | |
| 3 | | 020509−0529 | 21 | आधारभूत भत्ता | ¥○○○, ○○○ | 69 | |
| 4 | | | | | | | |

"020509-0529" "21" भन्नाले, प्रमाणीकरण अवधि (जापानी रेइवा संवत् 2 साल 5 महिना 9 तारिख देखि 5 महिना 29 तारिख)भनी प्रमाणीकरण भएको भुक्तानी दिन सङ्ख्या (21 दिन) हो।

बाँकी रहेको भुक्तानी दिन सङ्ख्या हो।

[काम छोड्नुको कारण 40, 50 भएमा](लाभ प्रदानमा हदबन्दी भएमा)

| 行数 | 処理月日 | 認定（支給）期間 | 日数 | 種類 | 支給金額 | 残日数 | 備考 |
|---|---|---|---|---|---|---|---|
| 1 | 0530 | 20−012345−6 | | कोयोउ तारोउ | | अर्को पटक प्रमाणीकरण मिति अगष्ट | |
| 2 | | प्रतिक्षा अवधि पूर्ण | | प्रतिक्षा अवधि पूर्ण मिति | | | |
| 3 | | लाभ प्रदानमा हदबन्दी अवधि 020509-020808 काम छोड्नुको कारण 40 | | | | | |
| 4 | | | | | | | |

"020509-020808" भन्नाले, लाभ प्रदानमा हदबन्दी लागेको समयमा डिस्प्ले हुन्छ र, यस अवधि (जापानी रेइवा संवत् 2 साल 5 महिना 9 तारिख देखि 8 महिना 8 तारिख)मा आधारभूत भत्ता भुक्तानी हुँदैन।

अन्तर्वस्तुमा गल्ती भएको त छैन, अवश्य पनि निश्चय गर्नुहोला। कथमकदाचित गल्ती भएको खण्डमा, कृपया सम्बन्धित अधिकारीलाई बताउनुहोला।

| | | |
|---|---|---|
| 1 | भुक्तानी नम्बर | लाभ प्राप्तिका निमित्तको नम्बर हो। हेलोवर्क आदि (हेलोवर्क अथवा स्थानीय परिवहन ब्युरो/समुद्रवर्ती कार्यालय)मा गर्ने सोधपुछ या बेरोजगार प्रमाणीकरण निवेदन फाराममा उल्लेख गर्ने नम्बर हो। |
| 2 | पुरा नाम | नाम उच्चारण गर्ने तरिका गल्ती भएको त छैन? (वित्तीय निकायमा दर्ता भएको उच्चारण गर्ने तरिकासँग फरक पर्न गएमा रकमान्तर नहुने भएकोले, कृपया ध्यान पुऱ्याउनु होला) |
| 3 | बिमित नम्बर | रोजगार बिमामा, आउँदा दिनको रोजगारीमा समेत यस नम्बर प्रयोग गरिनेछ। |
| 5 | काम छोड्दाको उमेर | तपाईँको काम छोड्दाको समयमा पुगेको उमेर हो। |
| 6 | जन्ममिति | पहिलो अङ्क "3"ले "स्योउवा संवत्", 4 ले "हेइसेइ संवत्"लाई जनाउँछ। "-"को दायाँ तर्फमा साल महिना र तारिख लेखिन्छ। |
| 9 | भुक्तानी विधि | तोकिएको वित्तीय निकायको नाम, शाखाको नाम, खाता नम्बर हो। |
| 11 | काम छोड्दाको मिति | तपाईँले काम छोडेको दिन हो। |
| 12 | काम छोड्नुको कारण | काम छोड्नुको कारणलाई नम्बरले जनाइएको छ।<br>11, 12 : बर्खासी (50 बाहेक)<br>21 : रोजगारी अन्त्य (एउटै उद्यम मालिककोमा 3 वर्ष वा सो भन्दा बढी रोजगारी)<br>22 : रोजगारी अन्त्य (एउटै उद्यम मालिककोमा 3 वर्ष भन्दा कमको रोजगारी, नवीकरण स्पष्ट देखिएको)<br>23 : अवधि पूर्ण (एउटै उद्यम मालिककोमा 3 वर्ष भन्दा कमको रोजगारी, नवीकरण गरिने व्यहोरा प्रकट भएको)<br>24 : अवधि पूर्ण (21, 22, 23 भन्दा बाहेक)<br>25 : सेवा निवृत्ति उमेर (जहाजी कर्मचारी बाहेक), स्थानान्तरित सरुवा<br>31, 32 : मनासिब कारण भएको आफ्नै परिस्थितिजन्य कारणको अवकाश (उद्यम मालिकको करकाप आदि बाट)<br>33 : मनासिब कारण भएको आफ्नै परिस्थितिजन्य कारणको अवकाश (31, 32 भन्दा बाहेक)<br>40, 45 : मनासिब कारण नभएको आफ्नै परिस्थितिजन्य कारणको अवकाश<br>50, 55 : आफ्नै दोषले निम्तिएको गम्भीर कारणद्वारा बर्खासी |
| 14 | काम छोड्दाको दैनिक ज्याला राशि | सिद्धान्ततः काम छोड्नु भन्दा ठिक अगाडिको 6 महिना अवधिमा भुक्तानी गरिएको ज्यालाको योगफललाई 180 ले भाग गरेर आएको राशि हो। |
| 15 | लाभ प्रदानमा हदबन्दी | लाभ प्रदानमा हदबन्दी लागेको बेलामा उक्त लाभ प्रदानमा रहेको हदबन्दी अवधि हो। |
| 16 | रोजगारी खोजी आवेदन मिति | तपाईँले हेलोवर्क आदिमा काम छोडपत्र पेस गरी, रोजगारी खोज्ने आवेदन दिएको दिन हो। |
| 17 | प्रमाणीकरण मिति | बायाँ तर्फले सप्ताह नं., दायाँ तर्फले बारलाई जनाउँछ (पृष्ठ 11 हेर्नें)। |
| 18 | लाभ प्राप्ति अवधि पूर्ण मिति | तपाईँले आधारभूत भत्ता प्राप्त गर्न सक्ने अवधिको आखिरी दिन हो। |
| 19 | आधारभूत दैनिक भत्ता राशि | तपाईँले प्राप्त गर्ने आधारभूत भत्ताको एक दिनको हिस्सा बराबरको रकम हो। |
| 20 | तोकिएको लाभ दिन सङ्ख्या | तपाईँले आधारभूत भत्ता प्राप्त गर्न सक्ने अधिकतम दिन सङ्ख्या हो (पृष्ठ 8 हेर्नें)। |
| 21 | कुल बिमित अवधि | तपाईँले बिमित स्वरूप रोजगारी गर्दै आउनुभएको कुल अवधि हो (पृष्ठ 7 हेर्नें)। |
| 23 | पुनर्रोजगार भत्ता भुक्तानी इतिहास | तपाईँले विगतमा पुनर्रोजगार भत्ता प्राप्त गर्नुभएको भएमा, अन्तिममा भुक्तानी प्राप्त गरेको दिन हो। |

☆ रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड, अन्य व्यक्तिलाई सापटी दिने वा प्रयोग गर्न दिने गर्न मिल्दैन। साथै हराएको खण्डमा, तुरुन्तै हेलोवर्क आदिमा सूचना दाखिला गर्नुहोस्।

☆ रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड, कम्प्युटरबाट काम-कारबाई गरिने भएकोले, फोल्ड गर्न मिल्ने लाइन भन्दा बाहेकको ठाउँबाट फोल्ड गर्ने, फोहर पार्ने नगर्नुहोस्।

☆ रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्डलाई, भुक्तानी समाप्ति पश्चात् पनि जतनका साथ राख्नुहोला।

## 4 आधारभूत भत्ताको दैनिक राशि र लाभ दिन सङ्ख्या भनेको?

रोजगारी खोजीकर्ता लाभ अन्तर्गत पर्ने, बेरोजगार रहेको दिन प्रति भुक्तानी गरिने भत्तालाई “आधारभूत भत्ता” भनिन्छ।

(1) आधारभूत भत्ताको दैनिक राशि, सिद्धान्ततः काम छोड्नु भन्दा ठिक अगाडिको 6 महिना अवधिमा भुक्तानी गरिएको ज्यालाको योगफल रकमलाई, 180 ले भाग गरेर आएको रकम (दैनिक ज्याला राशि)को लगभग 80% देखि 45% हुन्छ (आधारभूत भत्ताको दैनिक राशिको हकमा, भिन्न अधिकतम सीमा निर्धारण गरिएको छ)।

* आधारभूत भत्ताको दैनिक राशिलाई, “मासिक श्रम तथ्याङ्क”को नतिजामा आधारित रही, हरेक वर्ष अगष्ट 1 तारिखमा संशोधन गरिनेछ।

(2) आधारभूत भत्ताको दैनिक राशिमा, उमेर समूह अनुसार पनि अधिकतम सीमा निर्धारण गरिएको छ।

(आधारभूत भत्ताको भुक्तानी दायरामा पर्ने दिन सन् 2020 अगष्ट 1 तारिख देखि सन् 2021 जुलाई 31 तारिख सम्म भएमा)

| दैनिक ज्याला राशि (w येन) | लाभ दर | आधारभूत दैनिक भत्ता राशि (y येन) |
|---|---|---|
| ●काम छोड्दाको उमेर 30 वर्ष भन्दा मुनि अथवा 65 वर्ष वा सो भन्दा माथि भएका व्यक्ति | | |
| 2,574 येन वा सो भन्दा बढी 5,030 येन भन्दा मुनि | 80% | 2,059 येन देखि 4,023 येन |
| 5,030 येन वा सो भन्दा बढी 12,390 येन वा सो भन्दा कम | 80% देखि 50% | 4,024 येन देखि 6,195 येन (*1) |
| 12,390 येन नाघेको13,700 येन वा सो भन्दा कम | 50% | 6,195 येन देखि 6,850 येन |
| 13,700 येन (अधिकतम सीमा राशि) नाघेको | - | 6,850 येन (अधिकतम सीमा राशि) |
| ●काम छोड्दाको उमेर 30 वर्ष वा सो भन्दा माथि 45 वर्ष भन्दा मुनि भएका व्यक्ति | | |
| 2,574 येन वा सो भन्दा बढी 5,030 येन भन्दा मुनि | 80% | 2,059 येन देखि 4,023 येन |
| 5,030 येन वा सो भन्दा बढी 12,390 येन वा सो भन्दा कम | 80% देखि 50% | 4,024 येन देखि 6,195 येन (*1) |
| 12,390 येन नाघेको 15,210 येन वा सो भन्दा कम | 50% | 6,195 येन देखि 7,605 येन |
| 15,210 येन (अधिकतम सीमा राशि) नाघेको | - | 7,605 येन (अधिकतम सीमा राशि) |
| ●काम छोड्दाको उमेर 45 वर्ष वा सो भन्दा माथि 60 वर्ष भन्दा मुनि भएका व्यक्ति | | |
| 2,574 येन वा सो भन्दा बढी 5,030 येन भन्दा मुनि | 80% | 2,059 येन देखि 4,023 येन |
| 5,030 येन वा सो भन्दा बढी 12,390 येन वा सो भन्दा कम | 80% देखि 50% | 4,024 येन देखि 6,195 येन (*1) |
| 12,39 0 येन नाघेको 16,740 येन वा सो भन्दा कम | 50% | 6,195 येन देखि 8,370 येन |
| 16,740 येन (अधिकतम सीमा राशि) नाघेको | - | 8,370 येन (अधिकतम सीमा राशि) |
| ●काम छोड्दाको उमेर 60 वर्ष वा सो भन्दा माथि 65 वर्ष भन्दा मुनि भएका व्यक्ति | | |
| 2,574 येन वा सो भन्दा बढी 5,030 येन भन्दा मुनि | 80% | 2,059 येन देखि 4,023 येन |
| 5,030 येन वा सो भन्दा बढी 11,140 येन वा सो भन्दा कम | 80% देखि 45% | 4,024 येन देखि 5,013 येन (*2) |
| 11,140 येन नाघेको 15,970 येन वा सो भन्दा कम | 45% | 5,013 येन देखि 7,186 येन |
| 15,970 येन (अधिकतम सीमा राशि) नाघेको | - | 7,186 येन (अधिकतम सीमा राशि) |

*1 $y=0.8w-0.3\ \{(w-5{,}030)/7{,}360\}\ w$

*2 $y=0.8w-0.35\ \{(w-5{,}030)/6{,}110\}\ w$, $y=0.05w+4{,}456$ मध्येको कुनै एक न्यून राशि चाहिँ

(3) आधारभूत भत्ता प्राप्त गर्न सकिने दिन सङ्ख्याको अधिकतम सीमालाई, काम छोडेको दिनमा हुने उमेर, बिमित स्वरूप रोजगार भएको अवधि एवम् सिद्धान्ततः अन्तिम पटकको काम छोड्दाको कारण इत्यादि अनुसार, यसपछिको पृष्ठको तालिका अनुरूप निर्धारण गरिएको छ (यसलाई “तोकिएको लाभ दिन सङ्ख्या” भनिन्छ)।

### बिमित स्वरूप रोजगार भएको अवधि

काम-बदली आदिको कारणले बिमित रहेको अवधि बीचमा खाली भएर, उक्त खाली अवधि 1 वर्ष भित्र रहेको अवस्थामा, अघिपछिको बिमित रहेको अवधि जोडिनेछ। तथापि, विगतमा आधारभूत भत्ता (पुनर्रोजगार भत्ता आदि समेत।) अथवा बिगतमा विशेष प्रावधानमूलक एकमुस्ट रकमको भुक्तानी प्राप्त गरिसकेको भए, उक्त भुक्तानी प्राप्त गरेपछिको बिमित रहेको अवधि मात्र जोडिने हुन जान्छ।

साथै, सरकारी/प्राइभेट कर्मचारी विनिमय ऐन दफा 21 उपदफा 1 मा प्रावधान गरिएको निरन्तर रोजगारी विनिमयको लागि नियुक्त कर्मचारी रहेको अवधि एवम् शिशु स्याहार बिदा लाभको भुक्तानी प्राप्त गरेको अवधिलाई (सन् 2007 अक्टोबर 1 तारिख पश्चात्) पनि, तोकिएको लाभ दिन सङ्ख्या गणना गरेर आएको हिसाबमा अलग राखिनेछ।

तोकिएको लाभ दिन सङ्ख्या

① करार अवधि पूर्ण, सेवा निवृत्ति उमेरको अवकाश, आफ्नो मनसायले काम छोडेको व्यक्ति (② एवम् ③ बाहेकका सम्पूर्ण काम छोड्ने व्यक्ति)

| बिमित रहेको अवधि / काम छोड्दाको उमेर | 10 वर्ष भन्दा कम | 10 वर्ष वा सो भन्दा बढी 20 वर्ष भन्दा कम | 20 वर्ष वा सो भन्दा बढी |
|---|---|---|---|
| सबै उमेर | 90 दिन | 120 दिन | 150 दिन |

② टाट पल्टिएर, बर्खासीमा परेर, एक निश्चित आवश्यक सर्त पुरा भइ रोजगारी अन्त्य भएर काम छोडेका व्यक्ति (③ बाहेक)

<table>
<tr><th>बिमित रहेको अवधि / काम छोड्दाको उमेर</th><th>1 वर्ष भन्दा कम</th><th>1 वर्ष वा सो भन्दा बढी 5 वर्ष भन्दा कम</th><th>5 वर्ष वा सो भन्दा बढी 10 वर्ष भन्दा कम</th><th>10 वर्ष वा सो भन्दा बढी 20 वर्ष भन्दा कम</th><th>20 वर्ष वा सो भन्दा बढी</th></tr>
<tr><td>30 वर्ष भन्दा मुनि</td><td rowspan="5">90 दिन</td><td>90 दिन</td><td>120 दिन</td><td>180 दिन</td><td>-</td></tr>
<tr><td>30 वर्ष वा सो भन्दा माथि 35 वर्ष भन्दा मुनि</td><td>120 दिन</td><td rowspan="2">180 दिन</td><td>210 दिन</td><td>240 दिन</td></tr>
<tr><td>35 वर्ष वा सो भन्दा माथि 45 वर्ष भन्दा मुनि</td><td>150 दिन</td><td>240 दिन</td><td>270 दिन</td></tr>
<tr><td>45 वर्ष वा सो भन्दा माथि 60 वर्ष भन्दा मुनि</td><td>180 दिन</td><td>240 दिन</td><td>270 दिन</td><td>330 दिन</td></tr>
<tr><td>60 वर्ष वा सो भन्दा माथि 65 वर्ष भन्दा मुनि</td><td>150 दिन</td><td>180 दिन</td><td>210 दिन</td><td>240 दिन</td></tr>
</table>

* एक निश्चित आवश्यक सर्त पुरा भएको रोजगारी अन्त्यद्वारा काम छोडेका व्यक्तिका लागि ②को तालिका लागु गरिने अन्तरिम प्रबन्ध हो (सन् 2022 मार्च 31 तारिख सम्मको बीचमा काम छोडेका व्यक्ति दायरामा)।

③ अपाङ्गता आदि भएर जागिरमा लाग्न मुश्किल हुने व्यक्ति (मूलव्यक्तिले नै निवेदन दिनुपर्ने हुन्छ)

<table>
<tr><th>बिमित रहेको अवधि / काम छोड्दाको उमेर</th><th>1 वर्ष भन्दा कम*</th><th>1 वर्ष वा सो भन्दा बढी</th></tr>
<tr><td>45 वर्ष भन्दा मुनि</td><td rowspan="2">150 दिन</td><td>300 दिन</td></tr>
<tr><td>45 वर्ष वा सो भन्दा माथि 65 वर्ष भन्दा मुनि</td><td>360 दिन</td></tr>
</table>

* “1 वर्ष भन्दा कम” स्तम्भ, ② अन्तर्गत पर्ने कारण अथवा अन्य नछोडी नहुने कारणले गर्दा काम छोडेका व्यक्तिका लागि मात्र लागु गरिनेछ।

## 5 आधारभूत भत्ताको भुक्तानी प्राप्त गर्न सकिने अवधि भनेको?

आधारभूत भत्ता प्राप्त गर्न सकिने अवधि, सिद्धान्ततः काम छोडेको दिनको भोलिपल्टदेखि 1 वर्ष (तोकिएको लाभ दिन सङ्ख्या 330 दिन भएका व्यक्तिको लागि 1 वर्ष+30 दिन, 360 दिन भएका व्यक्तिको लागि 1 वर्ष+60 दिन) हुन्छ। यस अवधिलाई “लाभ प्राप्ति अवधि” भनिन्छ।


यस अवधि भित्रको बेरोजगार स्थितिमा रहेको दिनको हकमा, तोकिएको लाभ दिन सङ्ख्यालाई हद मानेर आधारभूत भत्ताको भुक्तानी प्राप्त गर्न सकिनेछ।

यस अवधि बित्यो भने, तोकिएको लाभ दिन सङ्ख्याको हिस्सा प्राप्त भइनसकेको भएपनि तत्पश्चात्को आधारभूत भत्ताको भुक्तानी प्राप्त हुने छैन।

उदाहरणको लागि

आफ्नै परिस्थितिजन्य कारणले काम छोडेर, हेलोवर्क आदिबाट प्रक्रिया अपनाउन ढिलो हुन गएको अवस्थामा।


तोकिएको लाभ दिन सङ्ख्या 150 दिन थियो तर...




यस अवस्थामा, 120 दिनको हिस्सा भुक्तानी प्राप्त गरेको समय बिन्दुमा नै लाभ प्राप्ति अवधि समाप्त हुने भएकाले, 30 दिनको हिस्सा भुक्तानी प्राप्त हुने छैन।

तथापि, रोग या चोटपटक, गर्भावस्था आदिले गर्दा लगातार 30 दिन वा सो भन्दा बढी काम गर्न नसकेको बखतमा भने, लाभ प्राप्ति अवधि लम्ब्याउन सकिन्छ (“16 लाभ प्राप्ति अवधि लम्ब्याउने भन्नाले?” हेर्नुहोला)।

साथै, पृष्ठ 8 ③ को व्यक्ति जसलाई तोकिएको लाभ दिन सङ्ख्या 300 दिन अथवा 360 दिन रहेको छ र, लाभ प्रदानमा 3 महिनाको हदबन्दी लागेको खण्डमा, निम्न लाभ प्राप्ति अवधिको विशेष प्रावधान लागु हुन्छ।




यस अवस्थामा, प्रारम्भिक लाभ प्राप्ति अवधिमा A थप गरेको अवधि नै लाभ प्राप्ति अवधि हुनेछ।

* A=21 दिन+3 महिना (लाभ प्रदानमा हदबन्दी)+300 दिन (तोकिएको लाभ दिन सङ्ख्या)-1 वर्ष

## 6 सुरुवातमा काम खोजीको आवेदन

रोजगार बिमाको प्रक्रिया, हेलोवर्क आदि (अवकाश लिएका जहाजी कर्मचारीले, अब पनि निरन्तर जहाजी कर्मचारीकै जागिरमा लाग्ने इच्छा गरेमा स्थानीय परिवहन ब्युरो) समक्ष काम छोडपत्र पेस गरी, साथसाथै काम खोजीको आवेदन दिएको समयबाट सुरुवात हुन्छ।

यस प्रक्रिया सुरुवातको दिनलाई “लाभ प्राप्ति योग्यता निर्धारित मिति” भनिन्छ।

काम खोजीको आवेदन दिँदा, “रोजगारी खोजी आवेदन फाराम”मा इच्छा अनुरूपको कामको प्रकार या आम्दानी आदि उल्लेख गर्नुपर्छ।


## 7 लाभ प्राप्ति योग्यता निर्धारित मितिदेखिको “प्रतिक्षा अवधि”

लाभ प्राप्ति योग्यता निर्धारित दिनदेखि बेरोजगार स्थितिमा रहेको दिन जोडेर 7 दिन नबितेसम्म, आधारभूत भत्ताको भुक्तानी प्राप्त हुने छैन। यस अवधिलाई “प्रतिक्षा अवधि” भनिन्छ।

तसर्थ, यस “प्रतिक्षा अवधि”को आखिरी दिनको भोलिपल्ट देखि भुक्तानीको दायरामा पर्नेछन् र, हेलोवर्क आदिबाट बेरोजगार प्रमाणीकरण प्राप्त गरेको दिनको सन्दर्भमा आधारभूत भत्ता भुक्तानी हुनेछ।

## 8 भुक्तानी सुरु हुने भनेको (लाभ प्रदानमा हदबन्दी नभएमा)

प्रतिक्षा अवधि बिते (उपरान्त “प्रतिक्षा अवधि पूर्ण” भनिने) पछि पनि निरन्तर बेरोजगार स्थितिमा रहे, आधारभूत भत्ता भुक्तानीको दायरामा पर्नेछन्।





## 9 काम छोड्नुको कारण अनुसार, 3 महिनाको लाभ प्रदानमा हदबन्दी लाग्न सक्छ

निम्न मध्ये कुनै भित्र पर्नुहुने व्यक्तिको लागि, प्रतिक्षा अवधि बितेपछि (यसलाई "प्रतिक्षा अवधि पूर्ण" भनिन्छ) को भोलिपल्टबाट गनेर 3 महिना बिते पश्चात्, निरन्तर बेरोजगार स्थितिमा रहेमा आधारभूत भत्ताको भुक्तानी सुरु हुनेछ।

① मनासिब कारण नभई आफ्नै कारणले अवकाश लिएको भएमा

② आफैं जिम्मेवार रहेको गम्भीर कारणद्वारा बर्खासी गरिएको भएमा




भुक्तानी प्राप्त गर्न सकिने भनेको, लाभ प्रदानमा हदबन्दी अवधि बिते पश्चात्को प्रमाणीकरण मितिमा प्रमाणीकरण प्राप्त गरेपछि हो तर,

पहिलो प्रमाणीकरण मितिमा बेरोजगार प्रमाणीकरण प्राप्त भएन भने प्रतिक्षा अवधि बितेको मानिदैन।

लाभ प्रदानमा हदबन्दी लागेका व्यक्तिले पनि तोकिएको प्रमाणीकरण मितिमा अवश्य पनि हेलोवर्कहरूका कार्यालयमा आएर, बेरोजगार प्रमाणीकरण प्राप्त गर्नुहोला।

## 10 लाभ भुक्तानी पटक्कै नलिँदै अर्को काम निर्धारण भएमा?

पुनर्रोजगार निर्धारण भएमा, जागिरमा लाग्ने भन्दा अघिल्लो दिनमा, हेलोवर्क आदिमा जागिरमा लागेको सूचना दाखिला गर्नुपर्ने हुन्छ (विस्तृतमा, “20 जागिर अथवा उद्यम सुरु गर्ने कुरा निर्धारित भएको बखतमा?” हेर्नुहोला)।

आधारभूत भत्ता या पुनर्रोजगार भत्ता आदिको भुक्तानी प्राप्त नगरी पुनर्रोजगार भएको अवस्थामा, अहिले सम्ममा रोजगार बिमामा सामेल रही आएको अवधि हिसाब गरिन्छ र, आगामी दिनमा, कथमकदाचित बेरोजगार हुन गएको बखतको रोजगार बिमाको तोकिएको लाभ दिन सङ्ख्या जोडेर, बिमित स्वरूप रोजगार भएको अवधिमा समावेश गरेर हिसाब गरिनेछ।

जोड्न सकिने अवधिको परिधि या सर्त बारेमा, केही प्रावधानहरू रहेकाले, विस्तृतमा हेलोवर्क आदिका सम्बन्धित अधिकारीलाई सोधपुछ गर्नुहोला।

## 11 बेरोजगार प्रमाणीकरण भन्नाले?

आधारभूत भत्ताको भुक्तानी प्राप्त गर्नको लागि, सिद्धान्ततः 4 हप्ता (28 दिन)मा 1 पटकको निर्दिष्ट दिन (यसलाई बेरोजगार प्रमाणीकरण मिति भनिन्छ)मा, तपाईँ स्वयं नै हेलोवर्कहरूको कार्यालयमा आएर, बेरोजगार स्थितिमा थिएँ(छु) भन्ने कुरा "बेरोजगार प्रमाणीकरण निवेदन फाराम" मार्फत घोषणा गर्नुपर्ने हुन्छ।

"बेरोजगार स्थिति" हो कि होइन भनेर वस्तुगत तथा ठोसगत रूपमा निश्चय गरेर मात्र लाभ प्रदान गर्नु महत्त्वपूर्ण भएकोले, बेरोजगार प्रमाणीकरणको लागि, कुनै एक निश्चित परिधिको रोजगारी खोज्ने गतिविधिको रेकर्ड हेरेर निर्णय गर्ने मापदण्ड स्थापित गरिएको छ। बेरोजगार प्रमाणीकरण निवेदन फाराममा, बेरोजगार प्रमाणीकरण प्राप्त गर्न खोजेको अवधिमा भएको रोजगारी खोज्ने गतिविधिलाई सही तरिकाले उल्लेख गर्नुहोला (बेरोजगार प्रमाणीकरण निवेदन फाराम बारेमा "12 बेरोजगार प्रमाणीकरण निवेदन फाराम भर्ने तरिका" मा गएर, रोजगारी खोज्ने गतिविधिको रेकर्ड बारेमा “13 रोजगारी खोज्ने गतिविधिको रेकर्ड भन्नाले?” मा गएर हेर्नुहोला)।

हेलोवर्क आदिमा, निजको घोषणाको आधारमा, बेरोजगार स्थितिमा रहेको दिनको हकमा बेरोजगार प्रमाणीकरण गरी, आधारभूत भत्ता भुक्तानी गर्ने प्रक्रिया हुने गरेको छ।

### "बेरोजगार प्रमाणीकरण मिति" बारेमा

तपाईँको रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्डको प्रमाणीकरण मिति भन्ने स्तम्भमा, प्रमाणीकरण मितिको सप्ताह नं. र बार देखाइएको हुन्छ।

संलग्न क्यालेन्डर प्रयोग गरेर, प्रमाणीकरण मिति चेक गरिनेछ।

| 週型 \ 曜日型 | | 日 | 月 | 火 | 水 | 木 | 金 | 土 |
|---|---|---|---|---|---|---|---|---|
| 9 | 4 | | 1 | 2 | 3 | 4 | 5 | 6 |
| | 1 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
| | 2 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| | 3 | 21 | 22 | 23 | 24 | 25 | 26 | 27 |
| | 4 | 28 | 29 | 30 | | | | |
| 10 | 4 | | | | 1 | 2 | 3 | 4 |
| | 1 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 |
| | 2 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 |
| | 3 | 19 | 20 | 21 | 22 | 23 | 24 | 25 |
| | 4 | 26 | 27 | 28 | 29 | 30 | 31 | |
| | 4 | | | | | | | 1 |

"सप्ताह नं.2-मङ्गल" भनेर प्रिन्ट भएको भए

"सप्ताह नं.2” ले प्रमाणीकरण मितिको सप्ताह नं.लाई जनाउँछ (सप्ताह नं. 1 देखि 4 सम्म)।

"मङ्गल" ले बारलाई जनाउँछ (सोम, मङ्गल, बुध, बिहि, शुक्र)।

*यो भनेको महिनाको दोस्रो मङ्गलबार भन्ने अर्थ होइन त्यसैले, कृपया ध्यान पुऱ्याउनु होला।

बायाँको क्यालेन्डर हेर्ने हो भने, सप्ताह नं. 2 (तेर्सो) र मङ्गलबार (ठाडो) काटिएको साझा बिन्दु सेप्टेम्बर 16 तारिख नै प्रमाणीकरण मिति हुनेछ।

साथै, अर्को प्रमाणीकरण मिति, अक्टोबर 14 तारिख हुनेछ।

**कृपया ध्यान पुऱ्याउनु होला**

★प्रमाणीकरण मिति 1 महिनामा 2 पटक पर्ने महिना पनि हुन्छ।

★प्रमाणीकरण मिति सार्वजनिक बिदाको दिनमा पर्न गएमा, अग्रिम रूपमा हेलोवर्क आदिबाट प्रमाणीकरण मिति परिवर्तन गरी, कार्यालय भित्र सूचना टाँस आदि गरी, जानकारी गराउनेछौँ टाँसिएको सूचनाहरू अवश्य पनि हेर्नुहोला।

★लाभ प्राप्ति योग्यता कार्डमा अर्को पटकको प्रमाणीकरण मिति छापिएको हुन्छ।

# 12 बेरोजगार प्रमाणीकरण निवेदन फाराम भर्ने तरिका

## "बेरोजगार प्रमाणीकरण निवेदन फाराम" बारेमा

बेरोजगार प्रमाणीकरण निवेदन फाराम भनेको, आधारभूत भत्ता प्राप्त गर्नका निमित्त जरुरी कागजात हो, त्यसैले सम्बन्धित स्तम्भमा सही तरिकाले भर्नुहोला। कथमकदाचित, छलछामपूर्ण घोषणा गरेमा, अवैध लाभ प्राप्ति स्वरूप कार्यवाही हुनेछ।

1 प्रमाणीकरण मितिमा, ①रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड ②बेरोजगार प्रमाणीकरण निवेदन फाराम ③इन्खान अर्थात नामको छाप (स्ट्याम्प इन्खान नचल्ने) ल्याउनुहोस्।

2 बेरोजगार प्रमाणीकरण निवेदन फाराम, कालो बलपेन अथवा फाउण्टेन पेनले भर्नुहोस्।
यदि, गल्ती भइहालेमा, सच्याएको छाप लगाउने अथवा, आफैँले हस्ताक्षर गरेर सच्याउने गर्नुहोस्।

3 निम्न अवस्थामा, अझै आम्दानी प्राप्त नभएपनि, सम्बन्धित स्तम्भमा सही तरिकाले भर्नुहोस्।

(1) जागिर (हेरेर सिक्ने/परीक्षण काल समेत)मा लागेको अवस्थामा, नियुक्त भएको मिति

(2) घरायसी पेसा या सघाउ पुऱ्याएको अवस्थामा, उक्त मिति

(3) पार्टटाइम, आरुबाइतो, अस्थायी रोजगारी एवम् दैनिक रोजगारी जस्ता मजदुरीमा लागेको अवस्थामा, काम गरेको मिति
(यी कामहरू दोहोऱ्याएर लामो अवधि पुगेको अवस्थामा, "जागिरमा लागेको" मानिने हुनसक्छ)

(4) स्वरोजगारको सुरुवात (तयारी अवधि समेत) गरेको अवस्थामा, कम्पनीको पदाधिकारी आदिमा नियुक्त भएको अवस्थामा, कृषि/व्यापार जस्ता घरेलु उद्यममा संलग्न भएको अवस्थामा, ठेक्का/अख्तियारी लिएर श्रम गरेको अवस्थामा, भोलन्टियर गतिविधि गरेको अवस्थामा, उक्त मिति

### कृपया ध्यान पुऱ्याउनु होला

★ मजदुरीमा लागेको दिनको हकमा, आधारभूत भत्ताको भुक्तानी प्राप्त हुने छैन तर, कुनै एक निश्चित आवश्यक सर्त पुरा गरेको अवस्थामा "अल्पकालीन इलम भत्ता" को भुक्तानी प्राप्त गर्न सकिने हुनसक्छ ("25 अल्पकालीन इलम भत्ता बारेमा" हेर्नुहोला)।

★ घरायसी पेसा वा सघाउ पुऱ्याएको कारणले आम्दानी भएको अवस्थामा, एक निश्चित मापदण्डबाट गणना गरेर आधारभूत भत्ता राशि घटाइने, अथवा भुक्तानी नहुने पनि हुनसक्छ। विस्तृतमा, हेलोवर्क आदिका सम्बन्धित अधिकारीलाई सोधपुछ गर्नुहोला।

★ आवश्यकता अनुरूप, प्रमाणीकरणको बखतमा ड्राइभिङ लाइसेन्स तथा अन्य मूलव्यक्तिको पहिचान पुष्टि हुने कागजात देखाउनुपर्ने हुन्छ।

### काउण्टरबाट बोलाउने बारेमा

बेरोजगार प्रमाणीकरण गर्ने काउण्टरमा लाभार्थीलाई बोलाउने बखतमा, काउण्टरको कार्यलाई सहजीकरण गरेर प्रतिक्षा समय कम गर्न र कागजातहरू अन्य व्यक्तिको नाममा जारी हुन सक्ने भुललाई रोक्नका लागि पुरानाम लिएर बोलाउने गरिएको छ। यसप्रति यहाँहरूको सहयोग र समझदारीको लागि अनुरोध गर्दछौँ।

पुनश्च, विभिन्न परिस्थितिहरूले गर्दा पुरानामले नबोलाइयोस् भनी चाहनुहुने महानुभावले, पहिले नै स्टाफ समक्ष परामर्श गर्नुहोला।

ढाँचा फाराम नं. 14 (दफा 22 सम्बन्धित) (पहिलो पृष्ठ)

# बेरोजगार प्रमाणीकरण निवेदन फाराम

(अवश्य पनि दोस्रो पृष्ठको नोट राम्रोसँग पढेर मात्र भर्नुहोला।)

* फाराम प्रकार 11203

(मिल्ने विकल्पमा ठिक अर्थात ○ गोलो चिन्ह लगाएर, आवश्यक जानकारीहरू भर्नुहोला। )

①
1 बेरोजगार प्रमाणीकरण लिन खोजेको अवधि भित्रमा, जागिरमा लाग्ने, कुनै मजदुरी वा घरायसी पेसा वा सघाउने कार्य गर्नुभयो?

(अ) गरेँ (circled)
(कुनै जागिर वा मजदुरीमा लागेको दिनमा ठिक अर्थात ○ गोलो चिन्ह, घरायसी पेसा अथवा सघाएको दिनमा × बेठिक चिन्ह, दायाँको क्यालेन्डरमा भर्नुहोला।)

(आ) गरिन

4 महिना

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 8 | 9 | 10 | 11 | 12 | 13 | 14 |
| 15 | 16 | 17 | 18 | 19 | 20 | 21 |
| 22 | 23 | 24 | 25 | 26 | 27 | 28 |
| 29 | 30 | 31 | | | | |

5 महिना

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 8 | 9 | 10 | 11 | 12 | 13 | 14 |
| X 15 | 16 | 17 | X 18 | 19 | ○ 20 | 21 |
| 22 | 23 | 24 | 25 | 26 | 27 | 28 |
| 29 | 30 | 31 | | | | |

②
2 घरायसी पेसा अथवा सघाएर आम्दानी हासिल गरेको व्यक्तिले , आम्दानी भएको दिन, सोको राशि (कति दिनको हिस्सा हो) आदि भर्नुहोला।

| आम्दानी भएको दिन | आम्दानी राशि | कति दिनको हिस्साको आम्दानी हो? |
|---|---|---|
| 5 महिना 25 तारिख | 2000 येन | 2 |
| महिना तारिख | येन | |
| महिना तारिख | येन | |

③
3 बेरोजगारीको प्रमाणीकरण लिन खोजेको अवधि भित्रमा, रोजगारी खोज्ने गतिविधि गर्नुभयो?

(अ) रोजगारी खोज्ने गतिविधि गरेँ (circled)

(1) रोजगारी खोज्ने गतिविधि कस्तो तरिकाले गर्नुभयो?

| रोजगारी खोज्ने गतिविधिको तरिका | गतिविधि गरेको दिन | प्रयोग गरेको निकायको नाम | रोजगारी खोज्ने गतिविधिको अन्तर्वस्तु |
|---|---|---|---|
| (अ) सार्वजनिक पेसा संरक्षण कार्यालय अथवा स्थानीय परिवहन ब्युरो मार्फत पेसागत परामर्श, पेसा सिफारिस आदि (circled) | 5/20 | हेलोवर्क ○○ | पेसागत परामर्शको नतिजा, △△ कम्पनी लिमिटेडबाट सिफारिस गराइएर, मे 23 तारिखमा अन्तर्वार्ता। नियुक्त हुने नहुने नतिजाको प्रतिक्षामा। (मे 29 तारिखमा नियुक्त हुने नहुने सूचना प्राप्त गर्ने योजना) |
| (आ) पेसा सिफारिस उद्यमी मार्फत पेसागत परामर्श, पेसा सिफारिस आदि | | | |
| (इ) श्रमिक आपूर्तिकर्ता मार्फत आपूर्ति कर्मचारीको स्वरूपको इलमको परामर्श आदि | | | |
| (ई) सार्वजनिक निकाय मार्फत पेसागत परामर्श, पेसा सिफारिस आदि | | | |

(2) (1)को रोजगारी खोज्ने गतिविधि बाहेकको उद्यमस्थलको भ्याकेन्सीमा दरखास्त दिएको भएमा , तलको स्तम्भमा उल्लेख गर्नुहोस्।

| उद्यमस्थलको नाम, विभाग | दरखास्त मिति | दरखास्त विधि | पेसाको प्रकार | दरखास्त दिएको मूल कारण | दरखास्तको नतिजा |
|---|---|---|---|---|---|
| □□ उद्योग कं.लि. (टेलिफोन नं. 03-5253-1111 ) | 5/6 | प्रत्यक्ष भ्रमण | कार्य सञ्चालन | (अ) चिनजानको व्यक्तिद्वारा सिफारिस (circled) (आ) अखबारको विज्ञापन (इ) रोजगारी जानकारी पत्रिका (ई) इन्टरनेट (उ) अन्य | मे 16 तारिख नियुक्त नहुने सूचना आएको |
| (टेलिफोन नं. ) | | | | (अ) चिनजानको व्यक्तिद्वारा सिफारिस (आ) अखबारको विज्ञापन (इ) रोजगारी जानकारी पत्रिका (ई) इन्टरनेट (उ) अन्य | |

(आ) रोजगारी खोज्ने गतिविधि गरिन (त्यसको कारण स्पष्ट रूपमा उल्लेख गर्नुहोला।)

④
4 अहिले, सार्वजनिक पेसा संरक्षण कार्यालय अथवा स्थानीय परिवहन ब्युरोबाट आफूलाई उपयुक्त हुने काम सिफारिस भएमा, तुरुन्तै स्वीकार गर्न सक्नुहुन्छ?

(अ) स्वीकार गर्न सक्छु (circled)

(आ) स्वीकार गर्न सक्दिन

(आ) मा ○ चिन्ह लगाएको व्यक्तिले , तुरुन्तै स्वीकार गर्न नसक्ने कारण दोस्रो पृष्ठको नोटको 8 भित्रबाट चयन गर्नुहोस् र उक्त किगोउ नम्बरलाई ○चिन्हले घेर्नुहोला।

(अ) (आ) (इ) (ई) (उ)

⑤
5 जागिर वा स्वरोजगारमा लागेको व्यक्ति अथवा त्यसको योजना भएको व्यक्तिले भर्नुहोला।

(अ) जागिर
(1) सार्वजनिक पेसा संरक्षण कार्यालय अथवा स्थानीय परिवहन ब्युरोको सिफारिस
(2) स्थानीय सार्वजनिक समूह अथवा पेसा सिफारिस उद्यमीको सिफारिस
महिना तारिखदेखि जागिरमा लाग्ने (योजना)

(आ) स्वरोजगार
महिना तारिखदेखि स्वरोजगार सुरुवात गर्ने (योजना)

(जागिरमा लागेको कार्यालय)
कार्यालयको नाम ( )
अवस्थित ठेगाना (〒 )
टेलिफोन नं.(

⑥
रोजगार बिमा ऐन कार्यान्वयन नियमावली नियम 22 उपनियम 1 को प्रावधान बमोजिम माथि उल्लेख भए अनुसार घोषणा निवेदन गर्दछु।

सन् 2 साल 5 महिना 28 तारिख
(यो निवेदन फाराम पेस गर्ने दिन)

○○ सार्वजनिक पेसा संरक्षण कार्यालय प्रमुख
स्थानीय परिवहन ब्युरो प्रमुख ज्यू

प्राप्त गर्न योग्य व्यक्तिको नामथर कोयोउ तारोउ छाप
भुक्तानी नम्बर ( 20-123456-7 )

*सार्वजनिक पेसा संरक्षण कार्यालय अथवा स्थानीय परिवहन ब्युरोले भर्ने स्तम्भ

| | | |
|---|---|---|
| 1. भुक्तानी नम्बर - - | 2. गैर-भुक्तानी वर्गीकरण (खाली स्तम्भ गैर-भुक्तानी बाहेक 1 गैर-भुक्तानी) | 2. प्रतिक्षा अवधि पूर्ण मिति साल महिना तारिख |
| 4. भुक्तानी अवधि (पहिलो दिन) साल महिना तारिख देखि (अन्तिम दिन) महिना तारिख | 5. घरायसी पेसा वा सघाउबाट भएको आम्दानी (श्रम दिन तारिख (आम्दानी येन | 6. आधारभूत भत्ता भुक्तानी दिन सङ्ख्या तारिख |
| 7. अल्पकालीन इलम भत्ता भुक्तानी मिति तारिख | 8. अल्पकालीन इलम भत्ता बराबरको विशेष लाभ भुक्तानी दिन सङ्ख्या तारिख | 9. जागिरमा लागेको मिति - रूट साल महिना तारिख - |

| अर्को पटकको प्रमाणीकरण मिति, समय | |
|---|---|
| महिना तारिख बजे देखि बजे सम्म | प्रमाणीकरणको दायरा अवधि महिना तारिख देखि महिना तारिख *बताउन चाहेको बुँदा |
| | कैफियत कार्यवाहकको छाप अपरेटरको छाप |

## ◎ बेरोजगार प्रमाणीकरण निवेदन फाराममा जस्तो छ त्यस्तै नै भरौं।

भर्ने बारेको विस्तृत वर्णन, रोजगार बिमा वर्णन-भेलामा गरिनेछ।

① बेरोजगार प्रमाणीकरण लिन लागेको अवधि बीचमा, जागिर या मजदुरीमा लागेको, घरायसी पेसा गरेको/सघाउ पुऱ्याएको भएमा"ア　した　((अ) गरें)" मा ○ चिन्ह लगाउनुहोस्।

बेरोजगार प्रमाणीकरण लिन खोजेको अवधि भित्र भन्नाले

सिद्धान्ततः अघिल्लो पटकको प्रमाणीकरण मितिदेखि यस पटकको प्रमाणीकरण मितिको अघिल्लो दिनसम्मलाई भनिन्छ।

जागिर वा मजदुरीमा लागेको दिन (○), घरायसी पेसा अथवा सघाउ पुऱ्याएको दिन (x)

पृष्ठ 15 को आवश्यक सर्तलाई सन्दर्भ सामाग्री मानेर, क्यालेन्डरमा ○ चिन्ह अथवा x चिन्ह लगाउनुहोस्।

* जुनसुकै अवस्थामा पनि, आम्दानी भएको या नभएको जे भएपनि अवश्य भर्नुहोस्।

साथै, जागिर वा मजदुरीमा लागेको अथवा घरायसी पेसा वा सघाउने काम गरेको भनेर लेख्न मिल्ने-नमिल्ने थाहा नभएमा, हेलोवर्क आदिका सम्बन्धित अधिकारीलाई सोधपुछ गरेर मात्र, भर्नुहोस्।

② बेरोजगार प्रमाणीकरण लिन लागेको अवधि बीचमा, घरायसी पेसा अथवा सघाउ पुऱ्याएर आम्दानी प्राप्त गरेमा, उक्त घरायसी पेसाको आम्दानी, सघाउ बापतको इनाम आदि प्राप्त गरेको दिन र आम्दानी राशि, उक्त आम्दानी कति दिनको हिस्सा हो भनेर अवश्य भर्नुहोस्।

③ रोजगारी खोज्ने गतिविधिको स्थितिलाई ठोस रूपमा भर्नुहोस् ("रोजगारी खोज्ने गतिविधि" स्वरूप मान्यता दिइने गतिविधि बारेमा पृष्ठ 16 हेर्नें)।

ठोस रूपमा उल्लेख गर्नुपर्ने आवश्यक बुँदाहरू निम्नानुसार छन्।

○ बेरोजगार प्रमाणीकरण लिन लागेको अवधि बीचमा रोजगारी खोज्ने गतिविधि गरेको भएमा, (1) स्तम्भको सम्बन्धित बुँदा भर्नुहोस्।
(1)स्तम्भको रोजगारी खोज्ने गतिविधि बाहेक, उद्यमस्थलको भ्याकेन्सीमा दरखास्त दिएको भए, (2)स्तम्भमा सम्बन्धित बुँदा उल्लेख गर्नुहोस्।

○ काम छोड्नुको कारण अनुसार लाभ प्रदानमा हदबन्दी लागेका महानुभावले, लाभ प्रदानमा हदबन्दी पश्चात्को पहिलो बेरोजगार प्रमाणीकरण मितिमा, लाभ प्रदानमा हदबन्दी रहेको अवधिभरमा गर्नुभएको रोजगारी खोज्ने गतिविधिको स्थिति पनि उल्लेख गर्नुहोस्।

○ (1)स्तम्भमा, (अ) देखि (ई) बमोजिम रोजगारी खोज्ने गतिविधि गरेको भएमा, मिल्ने ठाउँमा ○ चिन्ह लगाई, "गतिविधि गरेको दिन", "प्रयोग गरेको निकायको नाम" एवम्" रोजगारी खोज्ने गतिविधिको अन्तर्वस्तु" लाई ठोस रूपमा उल्लेख गर्नुहोस्।
(आ) देखि (ई) को प्राइभेट पेसा सिफारिस गराउने निकाय, श्रमिक आपूर्ति निकाय, सार्वजनिक निकायहरू प्रयोग गरेको भएमा, "प्रयोग गरेको निकायको नाम" स्तम्भमा निकायको नामका अलावा, उक्त निकायको फोन नम्बर समेत उल्लेख गर्नुहोस्।

○ (2)स्तम्भको "उद्यमस्थलको नाम, विभाग" स्तम्भमा, दरखास्त दिएको उद्यमस्थलको नाम र विभागको नामका अलावा, उक्त विभागको फोन नम्बर समेत भर्नुहोस्।
साथै, "दरखास्त विधि" स्तम्भमा, कागजातलाई हुलाक प्रेषण गर्ने हो वा, प्रत्यक्ष भ्रमण गरेर गर्ने हो, भ्याकेन्सीमा दरखास्त दिँदाको विधिलाई ठोस रूपमा भर्नुहोस्।
"दरखास्तको नतिजा" स्तम्भमा, उदाहरणको लागि "हाल नियुक्त हुने नहुने नतिजाको प्रतिक्षामा ( x महिना x तारिखमा नियुक्त हुने नहुने सूचना प्राप्त गर्ने योजना)", " x महिना x तारिखमा नियुक्ति पाएको(वा नपाएको) सूचना आएको" आदि, उक्त स्थितिलाई ठोस रूपमा भर्नुहोस्।

④ हेलोवर्कको पेसा सिफारिसलाई स्वीकार गर्न सक्नुहुन्छ भने "**ア　応じられる** ((अ) स्वीकार गर्न सक्छु)" मा ○ चिन्ह लगाउनुहोस्। सिफारिसलाई स्वीकार गर्न नसक्ने भएमा "**イ　応じられない** ((आ) स्वीकार गर्न सक्दिन)" मा ○ चिन्ह लगाई, सोको कारण पछाडिको पृष्ठ 8 को (अ) देखि (उ) बाट चयन गरेर ○ चिन्ह लगाउनुहोस्।

⑤ जागिर निश्चित भएमा, जागिरमा लाग्ने (योजना) मिति, जागिर गर्ने उद्यमस्थल आदि सही तरिकाले भर्नुहोस् (हेरेर सिक्ने/परीक्षण काल आदि भएमा त्यसको प्रथम दिन भर्नुहोस्)।

⑥ प्रमाणीकरण मितिको साल महिना र तारिख, भुक्तानी नम्बर भर्नुहोस्। लाभ प्राप्त गर्न योग्य व्यक्तिको नामथर स्तम्भमा, लेख्ने मान्छेको छाप लगाउने, अथवा आफैंले हस्ताक्षर गर्नुहोस्।

## जागिर वा मजदुरीमा लाग्ने भन्नाले (अर्थात् बेरोजगार प्रमाणीकरण निवेदन फारामको क्यालेन्डरमा ○ चिन्ह लगाउँदा)

① रोजगार बिमाको बिमित हुने अवस्था (जागिरमा लागेको अवस्थामा बेरोजगार प्रमाणीकरण निवेदन फारामको 5(अ) स्तम्भमा पनि भर्ने)।

② उद्यम मालिकले रोजगारीमा लगाएको र, एक दिनको श्रम समय 4 घण्टा वा सो भन्दा बढी रहेको अवस्थामा।

*करार अवधि 7 दिन वा सो भन्दा बढी रहेको रोजगारी करारमा हप्ताको तोकिएको श्रम समय 20 घण्टा वा सो भन्दा बढी, र, हप्ताको मजदुरीमा लागेको दिन 4 दिन वा सो भन्दा बढी भएमा, वास्तविकतामा मजदुरीमा नलागेको दिनलाई समेत जागिरमा लागेको मानेर व्यवहार गरिनेछ।

③ कम्पनीको पदाधिकारीमा नियुक्त भएको अवस्था (एक दिनको श्रम समयले फरक नपार्ने)।

④ स्वरोजगारको तयारी, स्वरोजगार सञ्चालन गरेको, व्यापार/कृषि जस्ता घरेलु उद्यममा संलग्न, ठेक्का/अख्तियारी लिएर श्रम गरेको, घर बसेर गर्ने घरायसी पेसा, भोलन्टियर गतिविधि गरेको अवस्था भई, सिद्धान्ततः एक दिनको श्रम समय 4 घण्टा वा सो भन्दा बढी रहेको अवस्थामा।

⑤ ④मा उठान गरिएको गतिविधि गरेर, एक दिनको श्रम समय 4 घण्टा भन्दा मुनि रहेको तर, त्यसमा ध्यान केन्द्रित गर्नका निमित्त हेलोवर्क आदिले गराएको सिफारिसलाई तत्कालै स्वीकार गर्न नसक्ने जस्ता, अन्य रोजगारी खोज्ने गतिविधि नगरेको अवस्थामा।

* ①, ②, ③को अवस्थामा, ज्याला आदि पारिश्रमिक नभएपनि, जागिर वा मजदुरीमा लागेको मानिनेछ।

## घरायसी पेसा अथवा सघाउ (बेरोजगार प्रमाणीकरण निवेदन फारामको क्यालेन्डरमा x चिन्ह लगाउने अवस्था)

① उद्यम मालिकले रोजगारीमा लगाएको, स्वरोजगारको तयारी, स्वरोजगार सञ्चालन गरेको, व्यापार/कृषि जस्ता घरेलु उद्यममा संलग्न, ठेक्का/अख्तियारी लिएर श्रम गरेको, घर बसेर गर्ने घरायसी पेसा, भोलन्टियर गतिविधि गरेको र, सिद्धान्ततः एक दिनको श्रम समय 4 घण्टा भन्दा मुनि (रोजगार बिमाको बिमित हुने अवस्था बाहेक) भएको अवस्थामा।

② स्वरोजगारको तयारी, स्वरोजगार सञ्चालन गरेको, व्यापार/कृषि जस्ता घरेलु उद्यममा संलग्न, ठेक्का/अख्तियारी लिएर श्रम गरेको, घर बसेर गर्ने घरायसी पेसा, भोलन्टियर गतिविधि गरेको र, एक दिनको श्रम समय 4 घण्टा वा सो भन्दा बढी भएको तर, एक दिन बराबरको आम्दानी राशि दैनिक ज्याला राशिको न्यूनतम राशि (*) भन्दा मुनि भएको अवस्थामा।

* 2,574 येन। यो राशि हरेक वर्ष अगष्ट 1 तारिखमा परिवर्तन हुन सक्छ।

* घरायसी पेसा अथवा सघाउद्वारा आम्दानी प्राप्त नगरेको अवस्था भएपनि, घरायसी पेसा अथवा सघाउ पुऱ्याएको कुराको घोषणा भने आवश्यक हुनेछ। साथै, घरायसी पेसा अथवा सघाउद्वारा आम्दानी भएको (आफ्नो श्रमद्वारा आम्दानी गरेको) अवस्थामा, उक्त आम्दानी रकम घोषणा गर्नुपर्ने हुन्छ।

# 13 रोजगारी खोज्ने गतिविधिको रेकर्ड भन्नाले?

काम खोजीको विधिमा, हेलोवर्क आदिले व्यवस्था गरेको विविध मेन्यू त भई नै हाल्यो, पत्रपत्रिकाको विज्ञापन या इन्टरनेटबाट भ्याकेन्सी जानकारी सर्च गर्ने या, चिनजानका व्यक्तिलाई सिफारिस गराउन अनुरोध गर्ने जस्ता, विभिन्न विकल्पहरू छन् तर, आधारभूत भत्ताको भुक्तानी प्राप्त गर्नका निमित्त भने, वस्तुगत रूपमा पुष्टि हुन सक्ने काम खोजीको रेकर्ड आवश्यक पर्दछ। यस्ता रेकर्ड सम्बन्धी कुरालाई "रोजगारी खोज्ने गतिविधिको रेकर्ड" भनिन्छ (रोजगारी खोज्ने गतिविधिको रेकर्ड स्वरूप मान्यता दिइने गतिविधिको लागि अर्को पृष्ठ हेर्नुहोस्)।

आधारभूत भत्ताको भुक्तानी प्राप्त गर्नका निमित्त, रोजगारी खोज्ने गतिविधिको रेकर्ड स्वरूप मान्यता दिइने गतिविधिहरू, सिद्धान्ततः अघिल्लो पटकको प्रमाणीकरण मितिदेखि यस पटकको प्रमाणीकरण मितिको अघिल्लो दिनसम्मको अवधि बीचमा, न्यूनतम 2 पटक वा सो भन्दा बढी गर्नुपर्ने हुन्छ।

साथै, लाभ प्रदानमा हदबन्दी लागेको अवस्थामा, यस लाभ प्रदानमा हदबन्दी अवधि र त्यसको ठिक पछिको प्रमाणीकरण दायरामा पर्ने अवधि सहितको अवधि बीचमा, सिद्धान्ततः रोजगारी खोज्ने गतिविधिको रेकर्ड स्वरूप मान्यता दिइने गतिविधि न्यूनतम 3 पटक वा सो भन्दा बढी गर्नुपर्ने हुन्छ।

## 14 रोजगारी खोज्ने गतिविधिको रेकर्डमा कस्ता कुराहरू हुन्छन् त?

रोजगारी खोज्ने गतिविधिको रेकर्ड अनुरूप मान्यता दिइने प्रमुख कुराहरू निम्नानुसार हुन्छन्। हेलोवर्क या पत्रपत्रिका, इन्टरनेट आदिबाट भ्याकेन्सी जानकारी हेरेको, चिनजानका व्यक्तिलाई सिफारिसको लागि अनुरोध गरेको आदिलाई, रोजगारी खोज्ने गतिविधिको रेकर्डमा समावेश गरिँदैन।

① भ्याकेन्सीमा दरखास्त दिएको

② हेलोवर्कहरू, जहाजी कर्मचारी रोजगारी प्रोत्साहन सेन्टरले दिने पेसागत परामर्श, पेसा सिफारिस आदि लिएको

③ हेलोवर्कहरू, जहाजी कर्मचारी रोजगारी प्रोत्साहन सेन्टरले दिने विविध प्रशिक्षण कक्षा, सेमिनारमा भाग लिएको

④ अनुमति लिएका या सूचना दाखिला गरेका प्राइभेट निकाय (पेसा सिफारिस गरिदिने प्राइभेट अफिस, श्रमिक आपूर्ति अफिस)ले दिने पेसागत परामर्श, पेसा सिफारिस आदि लिएको

⑤ अनुमति लिएका या सूचना दाखिला गरेका प्राइभेट निकाय (पेसा सिफारिस गरिदिने प्राइभेट अफिस, श्रमिक आपूर्ति अफिस)ले दिने रोजगारी खोज्ने गतिविधिको विधिहरू मार्गनिर्देशन गर्ने सेमिनार आदिको कक्षा लिएको

⑥ सार्वजनिक संस्थाहरू (बृद्ध, अपाङ्ग तथा रोजगारी खोजीकर्ता रोजगारी टेवा सङ्गठन (स्वतन्त्र प्रशासनिक संस्थान), स्थानीय स्वायत्त निकाय, भ्याकेन्सी जानकारी प्रदान गर्ने कम्पनी, पत्रपत्रिका कम्पनी आदि) ले दिने पेसागत परामर्श सेवाहरू लिएको

⑦ सार्वजनिक निकायहरू (बृद्ध, अपाङ्ग तथा रोजगारी खोजीकर्ता रोजगारी टेवा सङ्गठन (स्वतन्त्र प्रशासनिक संस्थान), स्थानीय स्वायत्त निकाय, भ्याकेन्सी जानकारी प्रदान गर्ने कम्पनी, पत्रपत्रिका कम्पनी आदि) ले दिने विविध प्रशिक्षण कक्षा, सेमिनार, व्यक्तिगत परामर्श आदि गर्न सकिने उद्योगको वर्णन-भेला आदिमा सहभागिता आदि जनाएको

⑧ पुनर्रोजगार हुन योगदान पुऱ्याउने विविध राष्ट्रिय परीक्षा, केन्तेइ भनिने योग्यता परीक्षा दिने आदि गरेको

*रोजगारी खोज्ने गतिविधिको रेकर्डमा पर्छ कि पर्दैन अस्पष्ट भएमा, हेलोवर्कहरूमा सोधपुछ गर्नुहोला।

यी रोजगारी खोज्ने गतिविधि स्वरूप मान्यता दिइने रेकर्डहरू, एक दिन भएपनि चाँडो पुनर्रोजगारलाई साकार पार्नको लागि अत्यन्त प्रभावकारी भएकोले, दैनिक काम खोज्ने विधि मध्येमा यीन्लाई सक्रिय रूपमा अवलम्बन गर्ने गरौँ।

पुनश्च, घोषणा गरिएको रोजगारी खोज्ने गतिविधिको रेकर्ड बारेमा, प्रयोग गर्नुभएको निकायहरूमा सोधपुछ आदि गरेर तथ्य पुष्टि गर्नुपर्ने हुन सक्छ र, तथ्यसँग फरक पर्ने घोषणालाई अवैध लाभ प्राप्ति मानिने हुनसक्छ।

## 15 आधारभूत भत्ताको भुक्तानी बारेमा

आधारभूत भत्तालाई, बेरोजगार प्रमाणीकरण लिए पश्चात्, उक्त प्रमाणीकरण गरिएको दिन सङ्ख्याको हिस्सालाई, तपाईँले निर्दिष्ट गर्नुभएको वित्तीय निकायको डिपोजिट खातामा रकमान्तर गरिने छ।

पुनश्च, डिपोजिट खातामा रकमान्तर गर्दा, बेरोजगार प्रमाणीकरण मिति भन्दा करिब 7 दिन पश्चात् हुनेछ (वित्तीय निकाय अनुसार रकमान्तर सम्मको अवधि फरक पर्दछ। साथै, शनि, आइत, बिदाका दिन परेको जस्ता कारणले वित्तीय निकाय छुट्टी हुने दिन आदि पर्न गएमा, उक्त बिदा दिन बराबर रकम हाल्न ढिला हुनेछ)।

साथै, डिपोजिट (बचत) खाता मूलव्यक्ति कै नामको साधारण डिपोजिट (बचत खाता बाहेक) नभएमा रकमान्तर हुन नसक्ने भएकोले, कृपया ध्यान पुऱ्याउनु होला।

पुनश्च, रकमान्तर भएर आउने खातावालको नाम "コウセイロウドウショウショクギョウアンテイキョク (कोउसेइ रोउदोउ-स्योउ स्योकुग्योउ आन्तेइ-क्योकु)" हुनेछ। पासबुकमा, माथि उल्लिखित नामको बीचभाग सम्म मात्रै छापिनेछ। * वित्तीय निकाय अनुसार फरक पर्न सक्छ।

### कृपया ध्यान पुऱ्याउनु होला

☆ नामथर परिवर्तन गर्दा, पासबुकको नाम परिवर्तन गरेर मात्र रकमान्तर हुन नसक्ने भएकोले, अवश्य पनि नयाँ नामथर राखेको पासबुक सहित, हेलोवर्क आदिका सम्बन्धित अधिकारी समक्ष अनुरोध गर्नुहोला।

☆ रकमान्तर गरिएको लाभ रकमको राशि सम्बन्धमा, रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्डको रकम र डिपोजिट पासबुकमा आएको रकम फरक त परेको छैन, निश्चय गर्नुहोला।

☆ अस्पष्ट कुराहरू, हेलोवर्क आदिका सम्बन्धित अधिकारीसँग सोधपुछ गर्नुहोला।

## 16 लाभ प्राप्ति अवधि लम्ब्याउने भन्नाले?

आधारभूत भत्ता प्राप्त हुन सक्ने अवधि, सिद्धान्ततः काम छोडेको दिनको भोलिपल्टदेखि 1 वर्ष (पृष्ठ 8 हेर्नें) हो तर, निम्न अवस्थाहरूमा लाभ प्राप्ति अवधि लम्ब्याउन सकिने छ। यस अवधि बीचमा, बिरामी, चोटपटक, गर्भावस्था, प्रसूति, शिशु स्याहार (3 वर्ष भन्दा मुनिका), प्राथमिक स्कुल भर्ना अघिको बच्चाको स्याहार-सुसार, नजिकका नातेदार आदिको स्याहार-सुसार, पति/पत्नीको वैदेशिक रोजगारीमा मूलव्यक्ति सँगै गएको अवस्था, एक निश्चित भोलन्टियर गतिविधि आदिबाट लगातार 30 दिन वा सो भन्दा बढी काममा लाग्न नसकेको अवधि भएमा, उक्त काम गर्न नसकेको दिन सङ्ख्यालाई लाभ प्राप्ति अवधिमा थप गर्न सकिने छ (लाभ प्राप्ति अवधिमा थप गर्न सकिने अवधि अधिकतम 3 वर्ष हो)

### लाभ प्राप्ति अवधि लम्ब्याउने आवेदन प्रक्रिया बारेमा

लाभ प्राप्ति अवधि लम्ब्याउने आवेदन दिने गर्दा, सैद्धान्तिक रूपमा लगातार 30 दिन वा सो भन्दा बढी काम गर्न नसकेको अवस्थामा, त्यस दिनको भोलिपल्ट पश्चात्, सक्दो चाँडो गर्नुपर्छ तर, लम्ब्याए पश्चात्को लाभ प्राप्ति अवधिको अन्तिम दिनसम्मको अवधिमा भए, आवेदन दिन सकिने छ। हेलोवर्कहरूमा तलका कागजातहरू पेस गर्नुहोला।


1 "लाभ प्राप्ति अवधि लम्ब्याउने आवेदन फाराम"

2 "रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड"

3 "लम्ब्याउने कारणसँग सम्बन्धित तथ्य पुष्टि हुने कागजात"

(हुलाकबाट पठाउन अथवा प्रतिनिधि व्यक्तिद्वारा पेस गर्न पनि सकिने छ तर, प्रतिनिधि व्यक्तिको हकमा वारेसनामा आवश्यक पर्नेछ)।

### उदाहरणको लागि




लाभ प्राप्ति अवधिलाई लम्ब्याउन मान्यता दिइयो भने "लाभ प्राप्ति अवधि लम्ब्याउने सूचनापत्र" हस्तान्तरण गर्नेछौं तर, त्यसलाई लम्ब्याउने कारण समाप्त भएको बखतमा, तुरुन्तै हेलोवर्क आदिमा सूचना दाखिला दिनुहोला।

पुनश्च, लम्ब्याउने कारण आदि अनुसार, चिकित्सकको स्वास्थ्य जाँच पत्र जस्ता प्रमाण स्वरूपको कागजातहरू पेस गर्नुपर्ने हुन्छ।

लाभ प्राप्ति योग्यताको निर्धारण प्राप्त गरेपश्चात्, रोग या चोटपटकले गर्दा 15 दिन वा सो भन्दा बढी काम गर्न नसक्ने स्थितिमा भए, आधारभूत भत्ताको सट्टामा बराबर राशिको घाउचोट वा बिमारी भत्ताको भुक्तानी प्राप्त गर्न सकिने हुनसक्छ। विस्तृतमा “31 रोग या चोटपटकले काम गर्न नसक्ने हुँदा?” हेर्नुहोला।

### 60 वर्ष वा सो भन्दा माथिका सेवा निवृत्ति उमेरको अवकाश प्राप्त व्यक्ति आदिको लाभ प्राप्ति अवधि लम्ब्याउने बारेमा

60 वर्ष वा सो भन्दा माथि (जहाजी कर्मचारीको हकमा 50 वर्ष वा सो भन्दा माथि) का सेवा निवृत्ति उमेरको अवकाश या सेवा निवृत्ति उमेर पश्चात् निरन्तर रोजगारीको समाप्तिद्वारा अवकाश लिए, अवकाश पश्चात् एक निश्चित अवधि रोजगारी खोज्ने आवेदन नगर्ने अनुरोध गरेमा, यस अनुरोध गरेको अवधि (अधिकतम 1 वर्ष)को हिस्सा, लाभ प्राप्ति अवधि लम्ब्याउन सकिने छ। आवेदन म्याद, काम छोडेको दिनको भोलिपल्टदेखि 2 महिना भित्र रहने छ। यस्तो व्यवहार गरिदिए हुन्थ्यो भन्ने चाहनु हुन्छ भने, अवश्य पनि, हेलोवर्क आदिमा काम छोडपत्र पेस गर्दा सम्बन्धित अधिकारीलाई अनुरोध गर्नुहोला (रोजगारी खोज्ने आवेदन दिएपश्चात् भने, यस्तो व्यवहार गर्न नसक्ने हुँदा, कृपया ध्यान पुऱ्याउनु होला)।

## 17 सिफारिस इन्कार आदिको कारणले लाभ प्रदानमा हदबन्दी भन्नाले?

हेलोवर्क आदिले सिफारिस गराउने पेसामा लाग्ने, तोकिएको सार्वजनिक पेसागत तालिम लिने, हेलोवर्क आदिले दिने पेसागत मार्गनिर्देश प्राप्त गर्ने कार्यलाई मनासिब कारण नभई अस्वीकार गर्दा, अथवा, सार्वजनिक पेसागत तालिम आफ्नै परिस्थितिजन्य कारणले बीचमै छोड्दा, उक्त दिनदेखि 1 महिना, आधारभूत भत्ताको भुक्तानी प्राप्त हुने छैन।


## 18 प्रमाणीकरण मितिमा हेलोवर्क आदिमा उपस्थित नभएको बेलामा?

प्रमाणीकरण मितिमा हेलोवर्क आदिमा उपस्थित हुन नसकेमा, उक्त प्रमाणीकरण मिति सम्मको अवधि र उपस्थित नभएको प्रमाणीकरण हुने सोही दिनको हकमा, बेरोजगार प्रमाणीकरण (आधारभूत भत्ताको भुक्तानी) प्राप्त हुने छैन।

त्यसपछि, अर्को प्रमाणीकरण मितिको अघिल्लो दिनसम्ममा हेलोवर्क आदिमा उपस्थित भएर, पेसागत परामर्श सेवाजस्ता सक्रिय रोजगारी खोज्ने गतिविधि नगरेमा, तत्पश्चात्को प्रमाणीकरण मितिको अघिल्लो दिनसम्मको अवधिको हकमा समेत बेरोजगार प्रमाणीकरण प्राप्त हुने छैन।


तलको उदाहरण हेर्नुहोला।

① अक्टोबर 15 तारिखको प्रमाणीकरण मितिमा उपस्थित नभई, अर्को पटक नोभेम्बर 12 तारिखको प्रमाणीकरण मितिमा उपस्थित हुँदा




उपस्थित हुन नसकेको प्रमाणीकरण मिति (10/15) भन्दा पछिल्लो प्रमाणीकरण मिति (11/12) को अघिल्लो दिन (11/11) सम्ममा उपस्थित नभएमा, सेप्टेम्बर 17 तारिखदेखि नोभेम्बर 11 तारिखसम्मको 56 दिन भुक्तानी प्राप्त हुने छैन।


② अक्टोबर 15 तारिखको प्रमाणीकरण मितिमा उपस्थित नभई, अक्टोबर 16 तारिखदेखि नोभेम्बर 11 तारिखको बीचमा उपस्थित भएर पेसागत परामर्श सेवा लिए पश्चात्, अर्को पटक नोभेम्बर 12 तारिखको प्रमाणीकरण मितिमा उपस्थित भएमा




सेप्टेम्बर 17 तारिख देखि अक्टोबर 15 तारिखसम्मको 29 दिन भुक्तानी प्राप्त हुने छैन।

पुनश्च, अक्टोबर 16 तारिख देखि नोभेम्बर 11 तारिखको अवधिमा समेत, सिद्धान्ततः 2 पटक वा सो भन्दा बढीको रोजगारी खोज्ने गतिविधि गरेको रेकर्ड आवश्यक पर्नेछ।

③ लाभ प्रदानमा हदबन्दी 3 महिना लागेका व्यक्ति, निर्धारित प्रमाणीकरण मितिमा उपस्थित नभई, 3 महिना बितेपश्चात् उपस्थित भएमा




प्रतिक्षा अवधि एवम् लाभ प्रदानमा हदबन्दी समाप्त नभई, भुक्तानीको दायरामा पर्ने छैनन् (पृष्ठ 10 हेर्नें)।

## 19 प्रमाणीकरण मितिको परिवर्तन बारेमा

तोकिएको प्रमाणीकरण मितिमा उपस्थित हुन नसक्ने भएमा, तलका जस्ता नगरि नहुने कारण भएमा मात्र, विशेष व्यवहार स्वरूप प्रमाणीकरण मिति परिवर्तन गर्न सकिने छ।

उक्त अवस्थामा, अवश्य पनि अग्रिम रूपमा हेलोवर्क आदिमा सम्पर्क गरेर निर्देशन प्राप्त गर्ने गर्नुहोला।

पुनश्च, प्रमाणीकरण मितिको परिवर्तन सम्बन्धी व्यवहार गरी पाउँदा, सिद्धान्ततः उक्त तथ्य बुझिने प्रमाणपत्र आदि आवश्यक हुन्छ (आवश्यक प्रमाणपत्र आदि बारेमा, हेलोवर्क आदिको काउण्टरबाट निर्देशन प्राप्त गर्ने गर्नुहोला)।

**नगरि नहुने कारण भन्नाले?**

☆ जागिरमा जानु परेको

☆ भ्याकेन्सी खुलेको ठाउँको अन्तर्वार्ता, छनौट, नियुक्ति परीक्षा आदि

☆ विविध राष्ट्रिय परीक्षा, केन्तेइ भनिने योग्यता परीक्षा दिन जाने

☆ हेलोवर्क आदिको मार्गनिर्देश बमोजिम विविध प्रशिक्षण कक्षा आदिको कक्षा लिने अवस्था

☆ काम गर्न नसक्ने गरी बिमारी परेको 14 दिन भित्रको अवधि, चोटपटक


☆ मूलव्यक्ति स्वयंको विवाह

☆ नजिकका नातेदारको स्याहार-सुसार, नाजुक अवस्था अथवा मृत्यु, विवाह (सम्पूर्ण नजिकका नातेदारको नभई, परिधि सीमित गरिएको छ)

☆ माध्यमिक तह वा सो भन्दा मुनिका छोराछोरीको विद्यालय भर्ना समारोह अथवा दीक्षान्त समारोह
आदि हुनेछन्।

**उदाहरणको लागि**

बिरामी भएकोले अक्टोबर 15 तारिखको प्रमाणीकरण मितिमा उपस्थित हुन नसकी, हेलोवर्क आदिको निर्देशन बमोजिम अक्टोबर 17 तारिखमा उक्त तथ्य बुझिने प्रमाण स्वरूपको कागजात लिएर उपस्थित भएमा




अक्टोबर 17 तारिखमा, सेप्टेम्बर 17 तारिखदेखि अक्टोबर 16 तारिखसम्मको 30 दिन हिस्साको प्रमाणीकरण लिएर, नोभेम्बर 12 तारिखमा, अक्टोबर 17 तारिखदेखि नोभेम्बर 11 तारिख सम्म 26 दिन हिस्साको प्रमाणीकरण लिन सकिने छ।

साथै, निर्दिष्ट प्रमाणीकरण मितिमा उपस्थित हुन नसकेमा, त्यसको कारण, तलका ① देखि ③ सम्मको कुनै एक हो भने, त्यसको कारण प्रमाणित हुने प्रमाणपत्रद्वारा अर्को पटकको प्रमाणीकरण मितिमा एकमुस्ट प्रमाणीकरण लिन पनि सकिनेछ।

यस अवस्थामा समेत, अवश्य पनि हेलोवर्क आदिमा सम्पर्क गरेर, निर्देशन प्राप्त गर्ने गर्नुहोस्।

①काम गर्न नसक्ने गरी बिमारी परेको 14 दिन भित्रको अवधि, चोटपटक लाग्दा (घाउचोट वा बिमारी प्रमाणपत्र)

②हेलोवर्क आदिको सिफारिसद्वारा भ्याकेन्सी खुलाएको ठाउँमा अन्तर्वार्ता दिँदा (अन्तर्वार्ता प्रमाणपत्र)

③प्राकृतिक प्रकोप तथा अन्य रोक्न नसकिने दुर्घटना (बाढी, भूकम्प, सडक दुर्घटना आदि)को कारणले उपस्थित हुन नसक्दा
(सरकारी निकायद्वारा जारी प्रमाण)

## 20 जागिर वा उद्यम सुरु गर्ने कुरा निश्चित भएको बेलामा?

जागिर (परीक्षण काल, प्रशिक्षण अवधि, आरुबाइतो, पार्टटाइम समेत) अथवा उद्यम सुरु गर्ने कुरा निश्चित गरेको भए, सिद्धान्ततः जागिर वा मजदुरी (उद्यम सुरुवातका निमित्तको तयारी अवधि भएमा तयारी) सुरुवात गर्ने दिनको अघिल्लो दिनमा हेलोवर्क आदिमा उपस्थित भएर, बेरोजगार प्रमाणीकरण निवेदन फारामद्वारा जागिरमा लागेको सूचना दाखिला गरी बेरोजगार प्रमाणीकरण लिनुहोला।

जागिरमा लागेको सूचना दाखिला गर्दा आवश्यक पर्ने वस्तु

- □ रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड
- □ बेरोजगार प्रमाणीकरण निवेदन फाराम
- □ नियुक्ति प्रमाणपत्र आदि

पुनश्च, पुनर्रोजगार भत्ता आदिको भुक्तानीका लागि आवश्यक सर्तसँग मिल्ने जस्तो लागेमा, बेरोजगार प्रमाणीकरण भइसके पश्चात् भुक्तानी आवेदन फाराम हस्तान्तरण गर्नेछौं।

* रोजगार बिमा वर्णन-भेला सम्ममा जागिर निश्चित (जागिरमा लागेको दिन रोजगार बिमा वर्णन-भेला भन्दा अघिल्लो मिति) भएमा, यस "पुस्तिका" एवम् वर्णन-भेलामा लिएर आउन भनेर निर्देशन गरिएको वस्तु लिएर, जागिरमा लागेको दिनको अघिल्लो दिनमा हेलोवर्क आदिमा उपस्थित भई, जागिरमा लागेको सूचना दाखिला गर्नुहोला।
* जागिरमा लागेको दिन भन्दा अघि प्रमाणीकरण मिति निर्धारण गरिएको भएमा, उक्त प्रमाणीकरण मितिको लागि हेलोवर्क आदिमा उपस्थित भई, बेरोजगार प्रमाणीकरण लिनुपर्ने हुन्छ।
* हेलोवर्क आदिमा उपस्थित भएर तोकिएको प्रक्रिया नगरेमा, पुनर्रोजगार भत्ता आदिको आवेदन दिन नमिल्ने हुनाले, कृपया ध्यान पुऱ्याउनु होला।

## 21 पुनर्रोजगार भत्ता बारेमा

आधारभूत भत्ताको तोकिएको लाभ दिन सङ्ख्याको एक तिहाइ वा सो भन्दा बढी भुक्तानी पाइने दिन सङ्ख्या बाँकी राखेर, दिगो हुने पेसामा लागी, भुक्तानीका सम्पूर्ण आवश्यक सर्तहरू पुरा गरेमा, पुनर्रोजगार भत्ताको भुक्तानी प्राप्त हुनेछ।

भुक्तानी राशिका सन्दर्भमा, तोकिएको लाभ दिन सङ्ख्याको एक तिहाइ वा सो भन्दा बढी बाँकी राखेर जागिरमा लागेमा, भुक्तानी बाँकी दिन सङ्ख्याको 60%, तोकिएको लाभ दिन सङ्ख्याको दुई तिहाइ वा सो भन्दा बढी बाँकी राखेर जागिरमा लागेमा, भुक्तानी बाँकी दिन सङ्ख्याको 70%मा, आधारभूत दैनिक भत्ता राशि गुणा गरेर प्राप्त भएको रकम हुनेछ।

| तोकिएको लाभ दिन सङ्ख्या | भुक्तानी बाँकी दिन सङ्ख्या | | पुनर्रोजगार भत्ताको राशि |
|---|---|---|---|
| | भुक्तानी दर 60% भएमा | भुक्तानी दर 70% भएमा | |
| 90 दिन | 30 दिन वा सो भन्दा बढी | 60 दिन वा सो भन्दा बढी | आधारभूत दैनिक भत्ता राशि (*अधिकतम सीमा रहेको) X तोकिएको लाभ दिन सङ्ख्याको भुक्तानी X 60% अथवा 70%<br>(1 येन भन्दा मुनिको दशमलवलाई राउण्ड फिगर गर्ने) |
| 120 दिन | 40 दिन वा सो भन्दा बढी | 80 दिन वा सो भन्दा बढी | |
| 150 दिन | 50 दिन वा सो भन्दा बढी | 100 दिन वा सो भन्दा बढी | |
| 180 दिन | 60 दिन वा सो भन्दा बढी | 120 दिन वा सो भन्दा बढी | |
| 210 दिन | 70 दिन वा सो भन्दा बढी | 140 दिन वा सो भन्दा बढी | |
| 240 दिन | 80 दिन वा सो भन्दा बढी | 160 दिन वा सो भन्दा बढी | |
| 270 दिन | 90 दिन वा सो भन्दा बढी | 180 दिन वा सो भन्दा बढी | |
| 300 दिन | 100 दिन वा सो भन्दा बढी | 200 दिन वा सो भन्दा बढी | |
| 330 दिन | 110 दिन वा सो भन्दा बढी | 220 दिन वा सो भन्दा बढी | |
| 360 दिन | 120 दिन वा सो भन्दा बढी | 240 दिन वा सो भन्दा बढी | |

* पुनर्रोजगार भत्ता गणना गर्दाको आधारभूत दैनिक भत्ता राशिमा अधिकतम सीमा तोकिएको छ।

○ काम छोड्दाको उमेर 60 वर्ष भन्दा मुनिका व्यक्ति . . . . . . . . . . . . . . . . . . . . 6,195 येन

○ काम छोड्दाको उमेर 60 वर्ष वा सो भन्दा माथि 65 वर्ष भन्दा मुनिका व्यक्ति . . . 5,013 येन

(आधारभूत भत्ताको अधिकतम सीमा राशि, हरेक वर्ष अगष्ट 1 तारिखमा परिवर्तन हुन सक्छ)

पुनर्रोजगार भत्ताको भुक्तानी प्राप्त गरेमा, भत्ताको राशिलाई आधारभूत दैनिक भत्ता राशिले भाग गरेर आएको सङ्ख्या बराबरको दिन सङ्ख्या हिस्साको आधारभूत भत्ता भुक्तानी प्राप्त गरेको मानिने छ।

### "भुक्तानी बाँकी दिन सङ्ख्या" भन्नाले

तोकिएको लाभ दिन सङ्ख्याबाट, उही लाभ प्राप्ति योग्यतामा आधारित रही पहिले नै आधारभूत भत्ताको भुक्तानी प्राप्त गरेको दिन सङ्ख्या, अथवा, घाउचोट वा बिमारी भत्ता, अल्पकालीन इलम भत्ता, पुनर्रोजगार भत्ताको भुक्तानी प्राप्त गरे बमोजिम आधारभूत भत्ताको भुक्तानी प्राप्त गरेको भनेर मानिएको दिन सङ्ख्यालाई घटाएको दिन सङ्ख्या भन्ने बुझ्नुपर्छ।

* भुक्तानी बाँकी दिन सङ्ख्या, जागिरमा लागेको दिनदेखि लाभ प्राप्ति अवधि पूर्ण मितिसम्मको दिन सङ्ख्या भन्दा धेरै हुँदा, जागिरमा लागेको दिनदेखि लाभ प्राप्ति अवधि पूर्ण मितिसम्मको दिन सङ्ख्या नै भुक्तानी बाँकी दिन सङ्ख्या हुनेछ।

साथै, लाभ प्रदानमा हदबन्दी रहेको अवधिभरमा जागिरमा लागेर, भुक्तानी बाँकी दिन सङ्ख्या, लाभ प्रदानमा हदबन्दी अवधिको अन्तिम दिनको भोलिपल्टबाट लाभ प्राप्ति अवधि पूर्ण मितिसम्मको दिन सङ्ख्या भन्दा धेरै भएमा, लाभ प्रदानमा हदबन्दी अवधिको अन्तिम दिनको भोलिपल्टबाट लाभ प्राप्ति अवधि पूर्ण हुने मितिसम्मको दिन सङ्ख्या नै भुक्तानी बाँकी दिन सङ्ख्या हुनेछ।

## पुनर्रोजगार भत्ता भुक्तानीको आवश्यक सर्त

तलका ①देखि ⑧सम्मको आवश्यक सर्त सबै पूरा गरेमा, पुनर्रोजगार भत्ताको भुक्तानी प्राप्त हुनेछ।

साथै, आत्मनिर्भर भएको प्रमाणित हुने एक निश्चित आवश्यक सर्तको आधारमा उद्यम सुरुवात गरिएको अवस्थामा समेत, पुनर्रोजगार भत्ता भुक्तानी हुन सक्छ (यस अवस्थाको भुक्तानीका आवश्यक सर्तहरू, हेलोवर्क आदिका सम्बन्धित अधिकारीलाई सोधपुछ गर्नुहोला)।

### निम्न आवश्यक सर्तहरू सबै पूरा हुनु आवश्यक छ

①जागिरमा लागेको दिनको अघिल्लो दिनसम्मको बेरोजगारीको प्रमाणीकरण लिएपश्चात्को आधारभूत भत्ताको भुक्तानी बाँकी दिन सङ्ख्या, तोकिएको लाभ दिन सङ्ख्याको एक तिहाइ वा सो भन्दा बढी हुनुपर्ने

(भुक्तानी बाँकी दिन सङ्ख्या, जागिरमा लागेको दिनदेखि लाभ प्राप्ति अवधि पूर्ण मितिसम्मको दिन सङ्ख्या भन्दा माथि हुँदा जागिरमा लागेको दिनदेखि लाभ प्राप्ति अवधि पूर्ण मितिसम्मको दिन सङ्ख्या नै भुक्तानी बाँकी दिन सङ्ख्या हुनेछ) *भुक्तानी बाँकी दिन सङ्ख्या सम्बन्धमा, माथि उल्लिखित " 'भुक्तानी बाँकी दिन सङ्ख्या' भन्नाले" हेर्नें।

②1 वर्ष नाघ्ने गरी डिउटि गर्ने कुरा पक्का भएको ठहर हुनुपर्ने

(1 वर्ष वा सो भन्दा कमको रोजगारी अवधि तोकिएर, रोजगारी करारको नवीकरणको लागि, एक निश्चित उद्देश्य प्राप्तिको सर्त राखिएको खण्डमा "1 वर्ष नाघ्ने गरी डिउटि गर्ने कुरा पक्का भएको हुनुपर्ने" अन्तर्गत पर्दैन)

③प्रतिक्षा अवधि पूर्ण मिति पश्चात्को जागिर हुनुपर्ने

④काम छोड्नुको कारणले लाभ प्रदानमा हदबन्दी लागेमा, प्रतिक्षा अवधि पूर्ण मिति पश्चात् 1 महिना अवधिको हकमा, हेलोवर्क आदि अथवा अनुमति लिएका या सूचना दाखिला गरेका पेसा सिफारिस गरिदिने उद्यमी आदिको सिफारिस बमोजिम जागिर मिलेको हुनुपर्ने

⑤काम छोड्नु अघिको उद्यम मालिकद्वारा प्रदान गरिएको पुनर्रोजगार हुन नहुने

(पुँजी, कोष, जनशक्ति, लेनदेन आदिको स्थितिबाट हेर्दा, काम छोड्नु अघिको उद्यम मालिकसँग घनिष्ठ सम्बन्ध भएको उद्यम मालिक समेत समावेश हुन्छ)

⑥जागिरमा लागेको दिन अघि 3 वर्ष भित्रको जागिरको हकमा, पुनर्रोजगार भत्ता अथवा नियमित जागिर तयारी भत्ताको भुक्तानी प्राप्त नगरेको हुनुपर्ने

⑦लाभ प्राप्ति योग्यता निर्धारण (रोजगारी खोज्ने आवेदन) अघिदेखि नियुक्ति प्रस्ताव गरिराखेको उद्यम मालिकले रोजगारी दिएको हुन नहुने

⑧सिद्धान्ततः रोजगार बिमाको, बिमित हुन आवश्यक सर्तहरू पूरा गरेर रोजगारीमा लगाएको हुनुपर्ने

(उदाहरणको लागि, अख्तियारी करार, प्रत्यायोजन करार आदिको हकमा, रोजगार बिमाको बिमित भित्र पर्दैन)

* भुक्तानी निर्धारित मितिदेखि लगभग 1 हप्ता जतिमा तोकिएको खातामा रकम जम्मा गरिनेछ। तथापि, आवेदन अन्तर्वस्तुको जाँचबुझ नतिजा आदि बमोजिम, भुक्तानीको निर्धारण सम्ममा समय लाग्न पनि सक्छ।


"हेलोवर्क आदिको सिफारिस बमोजिमको जागिर" भन्नाले

हेलोवर्क आदिबाट सिफारिस प्राप्त गरेर, उद्यमस्थलमा अन्तर्वार्ता दिन गई, जागिर मिलेको अवस्थालाई भनिन्छ। तसर्थ, हेलोवर्क आदिले प्रकाशित गर्ने भ्याकेन्सी या भ्याकेन्सी जानकारी पत्रिका आदि हेर्ने जस्ता क्रियाकलापबाट, आफैँले सिधै प्रत्यक्ष दरखास्त दिएर जागिर मिलेको अवस्थामा "हेलोवर्क आदिको सिफारिस बमोजिमको जागिर" हुने छैन (पेसा सिफारिस गरिदिने उद्यमी आदिको अवस्थामा पनि सोही अनुरूप हुनेछ)

## 22 पुनर्रोजगार भत्ताको सदुपयोग गरौँ

चाँडै पुनर्रोजगार हुन सकेमा पुनर्रोजगार भत्ताको लाभ दर 60%→70% बढ्ने छ।


□ आधारभूत दैनिक भत्ता राशि 4,000 येन, तोकिएको लाभ दिन सङ्ख्या 90 दिन भएको व्यक्तिलाई भुक्तानी बाँकी दिन सङ्ख्या 60 दिन रहेको समयमा जागिर मिलेमा




□ तोकिएको लाभ दिन सङ्ख्या 90 दिनको अनुपातमा, आधारभूत भत्ताको बाँकी दिन सङ्ख्या 60 दिन (दुई तिहाइ वा सो भन्दा बढी) भएकोले, पुनर्रोजगार भत्ता भुक्तानी दर 70% हुनेछ।

□ पुनर्रोजगार भत्ता रकम, 4.000 येन x 60 दिन x 70% = 168,000 येन हुनेछ।

□ आधारभूत दैनिक भत्ता राशि 4,000 येन, तोकिएको लाभ दिन सङ्ख्या 90 दिन भएको व्यक्तिले बाँकी दिन सङ्ख्या 59 दिन रहँदा जागिरमा लागेमा




□ तोकिएको लाभ दिन सङ्ख्या 90 दिनको अनुपातमा, आधारभूत भत्ताको बाँकी दिन सङ्ख्या 59 दिन (एक तिहाइ वा सो भन्दा बढी) भएकोले, पुनर्रोजगार भत्ताको भुक्तानी दर 60% हुनेछ।

□ पुनर्रोजगार भत्ता रकम, 4,000 येन x 59 दिन x 60% = 141,600 येन हुनेछ।

# 23 पुनर्रोजगार भत्ताको प्रक्रिया?

पुनर्रोजगार भत्ताको आवेदन प्रक्रिया बारेमा

आवेदन म्याद, जागिरमा लागेको दिनको भोलिपल्टदेखि 1 महिना भित्र रहनेछ।

पुनर्रोजगार भत्ताको आवेदन दिने भएमा, निम्न कागजातहरू हेलोवर्कहरूमा पेस गर्नुहोला।

1 पुनर्रोजगार भत्ता भुक्तानी आवेदन फाराम (जागिरदाता उद्यम मालिकको प्रमाण आवश्यक पर्छ)

2 रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड

3 अन्य, हेलोवर्क आदिले माग गरेको कागजातहरू

* पेस गर्दा हुलाकबाट पठाएपनि फरक पर्दैन।

कृपया ध्यान पुर्‍याउनु होला

हेलोवर्क आदिमा जागिरमा लागेको सूचना दाखिला गरेपश्चात् नभइकन, पुनर्रोजगार भत्ताको आवेदन प्रक्रिया दिन मिल्दैन।

साथै, पुनर्रोजगार भत्ता भुक्तानी प्राप्त भयो भने, सोही जागिरको कारण देखाएर जेष्ठ नागरिक पुनर्रोजगार लाभ रकम भुक्तानी हुने छैन।

विस्तृतमा "36 रोजगारी निरन्तरता लाभ बारेमा" हेर्नुहोला।

# 24 पुनर्रोजगार भत्ता लाभ प्राप्ति पश्चात् पनि लाभ प्राप्त हुन्छ

चाँडै नै पुनर्रोजगारीमा लागेर पुनर्रोजगार भत्ता भुक्तानी प्राप्त गरेको व्यक्तिले, निरन्तर उक्त पुनर्रोजगार स्थलमा 6 महिना वा सो भन्दा बढी रोजगार गराएको, र पुनर्रोजगार स्थलबाट 6 महिनाको बीचमा तिरेको ज्याला, रोजगार बिमाको लाभ प्राप्त गर्नु भन्दा ठिक अघिको ज्यालासँग तुलना गर्दा घटेको अवस्थामा, इलम प्रोत्साहन तथा कायम भत्ता प्राप्त गर्न सकिनेछ।

## इलम प्रोत्साहन तथा कायम भत्ता भुक्तानीका लागि आवश्यक सर्त

निम्न आवश्यक सर्तहरू सबै पूरा हुनुपर्छ

① पुनर्रोजगार भत्ताको भुक्तानी प्राप्त गरेको हुनुपर्ने।

② पुनर्रोजगार भत्ताको भुक्तानी प्राप्त गरी पुनर्रोजगारीमा लागेको दिनदेखि, सोही उद्यम मालिक कहाँ लगातार 6 महिना वा सो भन्दा बढी रोजगार भएको हुनुपर्ने

*उद्यम मालिकको कारणबाट भएको सरूवा आदि भएपनि, पुनर्रोजगार भत्ता भुक्तानी प्राप्त गरी पुनर्रोजगारीमा लागेको दिनदेखि 6 महिना बित्नु भन्दा अगावै रोजगार बिमाको बिमित योग्यता गुमाएमा भने, यस भत्ताको भुक्तानी प्राप्त हुने छैन।

(उद्यम सुरुवात गरेकोले पुनर्रोजगार भत्ता भुक्तानी भएमा, यस भत्ता भुक्तानी प्राप्त हुने छैन।)।

③ पुनर्रोजगार भत्ता भुक्तानी प्राप्त गरी पुनर्रोजगारीमा लागेको दिनदेखि 6 महिनाको बीचमा भुक्तानी पाएको ज्याला राशिको एक दिनको हिस्सा बराबरको राशि (A), काम छोड्नु अघिको दैनिक ज्याला राशि (B) भन्दा कम हुनुपर्ने (A र B को सैद्धान्तिक गणना विधिको लागि P6 को 14 हेर्नुहोला।)।

*काम छोड्नु अघिको दैनिक ज्याला राशि न्युनतम हदमा भए, पुनर्रोजगारीमा लागेपश्चात्को 6 महिनाको ज्यालाको एक दिनको हिस्सा बराबरको राशि, काम छोड्नु अघिको दैनिक ज्याला राशि भन्दा कम नहुने भएकोले, यस भत्ता भुक्तानी प्राप्त हुने छैन।

## भुक्तानी राशि बारेमा

भुक्तानी राशि = (B - A) x पुनर्रोजगारीमा लागेको दिनदेखि 6 महिना भित्रमा आउने ज्याला भुक्तानीको आधार स्वरूपको दिन सङ्ख्या

(मासिक तलब प्रणाली भएमा क्यालेन्डरको दिन सङ्ख्या, दैनिक तलब प्रणाली या घण्टे तलब प्रणाली भएमा श्रम दिन सङ्ख्या)

तथापि, निम्नानुसारको अधिकतम सीमा राशि हुन्छ।

अधिकतम सीमा राशि: आधारभूत दैनिक भत्ता राशि (*1) x आधारभूत भत्ताको भुक्तानी बाँकी दिन सङ्ख्या बराबरको दिन सङ्ख्या (*2) x 30% (*3)

*1 आधारभूत दैनिक भत्ता राशिमा पनि पुनर्रोजगार भत्तामा झैँ अधिकतम सीमा राशि हुन्छ।

*2 पुनर्रोजगार भत्ता लाभ प्राप्त गर्नु अघिको भुक्तानी बाँकी दिन सङ्ख्या हो।

*3 पुनर्रोजगार भत्ताको भुक्तानी दर 60% हुँदा, 40% हुन्छ।

□ 60 वर्ष उमेर भन्दा मुनिको समयमा काम छोडेको, काम छोडेको बेलाको ज्याला मासिक तलब प्रणाली अनुसार 3 लाख येन, आधारभूत भत्ता 5,687 येन भएको व्यक्तिले, भुक्तानी बाँकी दिन सङ्ख्या 90 दिन रहेको स्थितिमा पुनर्रोजगारीमा लागेर पुनर्रोजगार भत्ता लाभ प्राप्त गरेको।

पुनर्रोजगारीमा लागेपश्चात्को 6 महिनाको ज्याला मासिक तलब प्रणाली अनुसार 2 लाख 85 हजार येन भएको अवस्थामा।

□ काम छोड्नु अघिको दैनिक ज्याला राशि 10,000 येन (B), पुनर्रोजगारीमा लागेपश्चात्को 6 महिनाको ज्यालाको एक दिनको हिस्सा बराबरको राशि 9,500 येन (A) हुन्छ।

□ ज्याला भुक्तानीको आधारभूत दिन सङ्ख्या, मासिक तलब प्रणाली भएकोले क्यालेन्डर अनुसारको दिन सङ्ख्या (183 दिन मानौं) हुन्छ।

□ इलम प्रोत्साहन तथा कायम भत्ता रकम सूत्र अनुसार एकपटक हिसाब गर्ने हो भने

(10,000 येन - 9,500 येन) x 183 दिन = 91,500 येन हुन्छ।

□ यस अवस्थाको अधिकतम सीमा राशि निम्नानुसार हुने भएकोले, 91,500 येन भुक्तानी हुन्छ।

5,687 येन x 90 दिन x 30% = 153,549 येन

## आवेदन सम्बन्धमा

आवेदन म्याद, जागिरमा लागेको दिनदेखि 6 महिना बितेको दिनको भोलिपल्टबाट 2 महिना भित्र हुन्छ।

जागिर प्रोत्साहन तथा कायम भत्ताको लागि आवेदन दिने भएमा, तलका कागजातहरू हेलोवर्क आदिमा पेस गर्नुहोला।

1 आवेदन फाराम (जागिरदाता उद्यम मालिकको प्रमाण आवश्यक पर्छ)

2 रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड

3 हाजिरी रेकर्डको प्रतिलिपि, ज्याला लेजर पुस्तिकाको प्रतिलिपि जस्ता, हेलोवर्कहरूले माग गरेको कागजातहरू

* पेस गर्दा हुलाकबाट पठाएपनि फरक पर्दैन

# 25 अल्पकालीन इलम भत्ता बारेमा

बेरोजगार रहँदा, आरुबाइतो जस्ता 1 वर्ष नाघ्ने अनुमान नभएको पेसामा लागेको (पुनर्रोजगार भत्ताको भुक्तानी दायरामा नपर्ने) अवस्थामा, त्यस्तो इलममा लागेको दिनको हकमा, भुक्तानीका आवश्यक सर्त सबै पुरा गरेमा, अल्पकालीन इलम भत्ताको भुक्तानी प्राप्त गर्न सकिनेछ।

साथै, यस अल्पकालीन इलम भत्ता भुक्तानी प्राप्त गरेको अवस्थामा समेत, तत्पश्चात्, उक्त इलम नै दिगो हुने पेसा हुन गयो भनेर मान्यता दिइएमा, पुनर्रोजगार भत्ताको भुक्तानी दायरामा पर्न सकिनेछ।

पुनश्च, यस अवस्थाको भुक्तानी बाँकी दिन सङ्ख्या, "दिगो हुने पेसामा लागेको" दिनको अघिल्लो दिनमा निर्णय हुनेछ।

### अल्पकालीन इलम भत्ता रकम

इलम गरेको हरेक दिनमा, आधारभूत दैनिक भत्ता राशिको 30% बराबर हुने राशि (1 येन भन्दा मुनिको दशमलवलाई राउण्ड फिगर गर्ने) भुक्तानी प्राप्त हुनेछ।

* अल्पकालीन इलम भत्ता गणना गर्दाको आधारभूत दैनिक भत्ता राशिमा अधिकतम सीमा तोकिएको छ।

○ काम छोड्दाको उमेर 60 वर्ष भन्दा मुनिका व्यक्ति . . . . . . . . 6,195 येन

○ काम छोड्दाको उमेर 60 वर्ष वा सो भन्दा माथि 65 वर्ष भन्दा मुनिका व्यक्ति . . . 5,013 येन

(आधारभूत भत्ताको अधिकतम सीमा राशि, हरेक वर्ष अगष्ट 1 तारिखमा परिवर्तन हुन सक्छ।)

अल्पकालीन इलम भत्ता भुक्तानी प्राप्त गरेको दिनको हकमा, आधारभूत भत्ताको भुक्तानी प्राप्त गरेको मानिनेछ।

### निम्न भुक्तानीका आवश्यक सर्त सबै पुरा गरेको हुनु आवश्यक छ

① काममा लागेको दिनको अघिल्लो दिनमा आधारभूत भत्ताको भुक्तानी बाँकी दिन सङ्ख्या, तोकिएको लाभ दिन सङ्ख्याको एक तिहाइ वा सो भन्दा बढी र 45 दिन वा सो भन्दा बढी हुनुपर्ने।

② पुनर्रोजगार भत्ताको भुक्तानी दायरामा नपर्ने पेसामा लागेको हुनुपर्ने।

③ प्रतिक्षा अवधि पूर्ण मिति पश्चात् लागेको इलम हुनुपर्ने।

④ काम छोड्नुको कारणले लाभ प्रदानमा हदबन्दी लागेमा, प्रतिक्षा अवधि पूर्ण भएपश्चात्को 1 महिनाको हकमा हेलोवर्क आदि, अथवा अनुमति लिएका या सूचना दाखिला गरेका पेसा सिफारिस गरिदिने उद्यमीहरूको सिफारिस बमोजिम लागेको इलम हुनुपर्ने।

⑤ काम छोड्नु अघिको उद्यम मालिकले प्रदान गरको पुनर्रोजगार हुन नहुने (पुँजी, कोष, जनशक्ति, लेनदेन आदिको स्थितिबाट हेर्दा, काम छोड्नु अघिको उद्यम मालिकसँग घनिष्ठ सम्बन्ध भएको उद्यम मालिक समेत समावेश हुन्छ)

⑥ लाभ प्राप्ति योग्यता निर्धारण (रोजगारी खोज्ने आवेदन) अघिदेखि नियुक्ति प्रस्ताव गरिराखेको उद्यम मालिकले रोजगारी दिएको हुन नहुने।

### अल्पकालीन इलम भत्ताको आवेदन प्रक्रिया बारेमा

4 हप्तामा 1 पटक आउने बेरोजगार प्रमाणीकरण मितिमा, अघिल्लो पटकको प्रमाणीकरण मितिदेखि यस पटकको प्रमाणीकरण मितिको अघिल्लो दिनसम्मको हरेक दिनको लागि, "अल्पकालीन इलम भत्ता भुक्तानी आवेदन फाराम"मा "रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड" एवम् "इलममा लागेको तथ्यलाई प्रमाणित गर्ने कागजात” संलग्न गरेर पेस गर्नुहोला।

* जागिरमा लागेको दिन पश्चात्, बेरोजगारीको प्रमाणीकरण आवश्यक नपर्ने व्यक्तिको हकमा, भुक्तानी आवेदन फारामलाई प्रतिनिधि व्यक्ति (वारेसनामा आवश्यक) अथवा हुलाक प्रेषणद्वारा पेस गर्न सकिनेछ। पुनश्च, यस अवस्थामा, उद्यम मालिकको प्रमाण आवश्यक पर्छ।

## 26 नियमित जागिर तयारी भत्ता बारेमा

निम्न मध्ये कुनै एकसँग मेल खाने व्यक्ति, आधारभूत भत्ताको भुक्तानी बाँकी दिन सङ्ख्या, तोकिएको लाभ दिन सङ्ख्याको एक तिहाइ भन्दा मुनि हुँदा, हेलोवर्क आदि अथवा अनुमति लिएका या सूचना दाखिला गरेका पेसा सिफारिस गरिदिने उद्यमीहरूको सिफारिसद्वारा दिगो हुने पेसामा लागेर, सबै भुक्तानीका आवश्यक सर्तहरू पुरा गरेको बेलामा भुक्तानी दिइने भत्ता हो।

○ 45 वर्ष वा सो भन्दा माथिका रोजगारी नीति ऐन आदि बमोजिम पुनर्रोजगारी सहायता योजना आदिको दायरामा पर्ने व्यक्ति

○ अपाङ्गता जस्ता कारणले, जागिर पाउन मुश्किल हुने व्यक्ति

## नियमित जागिर तयारी भत्ताको रकम

भुक्तानी राशि, 90 (तोकिएको लाभ दिन सङ्ख्याको भुक्तानी बाँकी दिन सङ्ख्या 90 दिनभन्दा कम भएमा, भुक्तानी बाँकी दिन सङ्ख्या बराबरको सङ्ख्या। उक्त सङ्ख्या 45 भन्दा कम भएमा, 45)मा आधारभूत दैनिक भत्ता राशिलाई गुणा गरेर आएको राशिको 10 भागको 4 भाग हुनेछ (1 येन भन्दा मुनिको दशमलवलाई राउण्ड फिगर गर्ने)।

पुनश्च, तोकिएको लाभ दिन सङ्ख्या 270 दिन वा सो भन्दा बढी भएका लाभ प्राप्त गर्न योग्य व्यक्तिको हकमा, समान 36 दिनको हिस्सा बराबर हुनेछ।

* नियमित जागिर तयारी भत्ता गणना गर्दाको आधारभूत दैनिक भत्ता राशिमा अधिकतम सीमा राशि हुन्छ।

○ काम छोड्दाको उमेर 60 वर्ष भन्दा मुनि भएका व्यक्ति . . . . . . . . . . . . . . . . . . . . . 6,195 येन

○ काम छोड्दाको उमेर 60 वर्ष वा सो भन्दा माथि 65 वर्ष भन्दा मुनि भएका व्यक्ति . . . 5,013 येन

(आधारभूत भत्ताको अधिकतम सीमा राशि, हरेक वर्ष अगष्ट 1 तारिखमा परिवर्तन हुन सक्छ)

### निम्न भुक्तानीका आवश्यक सर्त सबै पुरा गरेको हुनु आवश्यक छ

① आधारभूत भत्ताको भुक्तानी बाँकी दिन सङ्ख्या, तोकिएको लाभ दिन सङ्ख्याको एक तिहाइ भन्दा कम हुनुपर्ने।

② हेलोवर्क आदि अथवा अनुमति लिएका या सूचना दाखिला गरेका पेसा सिफारिस गरिदिने उद्यमीहरूको सिफारिसद्वारा जागिर मिलेको हुनुपर्ने।

③ 1 वर्ष वा सो भन्दा बढी निरन्तर रोजगारी गर्ने कुरा पक्का हुनुपर्ने।

④ काम छोड्नु अघिको उद्यम मालिकद्वारा प्रदान गरिएको पुनर्रोजगार हुन नहुने

⑤ प्रतिक्षा अवधि पूर्ण मिति पश्चात् काममा लागेको हुनुपर्ने।

⑥ लाभ प्रदानमा हदबन्दी अवधि बितेपश्चात् काममा लागेको हुनुपर्ने।

⑦ सिद्धान्ततः जागिरमा लागेको दिनमा भुक्तानी बाँकी दिन सङ्ख्या बाँकी रहेको हुनुपर्ने।

⑧ रोजगार बिमाको बिमित योग्यता हासिल गर्नुपर्ने सर्तको रोजगारी हुनुपर्ने।

⑨ जागिरमा लागेको दिन अघि 3 वर्ष भित्रको जागिरको हकमा, पुनर्रोजगार भत्ता अथवा नियमित जागिर तयारी भत्ता भुक्तानी प्राप्त नगरेको हुनुपर्ने।

⑩ पुनर्रोजगार भत्ता भुक्तानी प्राप्त गर्न नसकिने हुनुपर्ने।

*भुक्तानी सम्बन्धमा निरीक्षण गर्ने बखतमा, उक्त उद्यमस्थलमा डिउटि गरिरहेको हुनु पर्नेछ।

### नियमित जागिर तयारी भत्ताको आवेदन प्रक्रिया बारेमा

आवेदन म्याद, जागिरमा लागेको दिनको भोलिपल्टदेखि 1 महिना भित्र रहनेछ।

नियमित जागिर तयारी भत्ताको लागि आवेदन दिने भएमा, तलका कागजातहरू हेलोवर्क आदिमा पेस गर्नुहोला।

1 नियमित जागिर तयारी भत्ता भुक्तानी आवेदन फाराम (जागिरदाता उद्यम मालिकको प्रमाण आवश्यक पर्छ)

2 रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड

3 अन्य, हेलोवर्क आदिले माग गरेको कागजातहरू

* पेस गर्दा हुलाकबाट पठाएपनि फरक पर्दैन। साथै, भुक्तानी / गैर-भुक्तानीको निर्धारण गर्नका निमित्त एक निश्चित निरीक्षण अवधि (1 महिना जति) चाहिने हुन्छ।

# 27 अन्य जागिर प्रोत्साहन लाभ बारेमा

अन्य जागिर प्रोत्साहन लाभ स्वरूप, स्थानान्तरण खर्च, बृहत् क्षेत्रमा रोजगारी खोज्ने गतिविधि खर्च आदि रहेका छन्।

## स्थानान्तरण खर्च बारेमा

स्थानान्तरण खर्च भन्नाले, लाभ प्राप्त गर्न योग्य व्यक्तिले हेलोवर्क, विशिष्ट स्थानीय सार्वजनिक सङ्गठन अथवा पेसा सिफारिस गरिदिने उद्यमीले सिफारिस गरेको पेसामा लाग्नका निमित्त, अथवा हेलोवर्कको कार्यालय प्रमुखले निर्देशन गरेको सार्वजनिक पेसागत तालिमहरूको कक्षामा उपस्थित हुनका निमित्त, निजको निवासस्थान परिवर्तन गर्नु परेर, हेलोवर्कको कार्यालय प्रमुखले आवश्यक ठहर गरेमा भुक्तानी गरिने खर्च हो।

तलका व्यक्तिहरूले स्थानान्तरण खर्च प्राप्त गर्न सक्ने छन्।

आधारभूत भत्ता प्राप्त गर्न योग्य व्यक्ति हेलोवर्क, विशिष्ट स्थानीय सार्वजनिक सङ्गठन अथवा पेसा सिफारिस गरिदिने उद्यमीले सिफारिस गरेको पेसामा लाग्नका निमित्त, अथवा हेलोवर्कको कार्यालय प्रमुखले निर्देशन गरेको तालिम लिनका निमित्त, निजको निवासस्थान परिवर्तन गर्नुपरेको, निम्न (क), (ख) को सबैसँग मेलखाने व्यक्ति।

(क) प्रतिक्षा अवधि बितेपश्चात् जागिर मिलेको, अथवा तालिम आदि लिनुपर्ने भएर, क्षेत्राधिकार भित्र पर्ने हेलोवर्कको कार्यालय प्रमुखले निवासस्थान परिवर्तन गर्नु आवश्यक ठहर गरेको अवस्थामा।

पुनश्च, निम्न मध्ये कुनै एक भित्र परेमा, निवासस्थान परिवर्तन गर्नु आवश्यक छ भन्ने मान्यता स्वरूपको व्यवहार हुनेछ।

i) सामान्य यातायातको सुविधा प्रयोग गरेर, अथवा सामान्य यातायातको साधन प्रयोग गरेर काम-निवासस्थान आवतजावत गर्नका लागि आतेजाते आवश्यक समय 4 घण्टा वा सो भन्दा बढी लाग्ने भएमा

ii) सबेरको समय (वा अबेरको समय)को यातायात सुविधा प्रस्थान (वा आगमन) आदिको सेवा सबल नभएर, काम-निवासस्थान आवतजावतमा उल्लेखनीय व्यवधान पुग्ने भएमा

iii) जागिरदाता उद्यमस्थल अथवा तालिम आदिको कक्षा लिने तालिमस्थलको विशेषता अथवा उद्यम मालिकको माग बमोजिम स्थानान्तरण गर्नै परेमा

(ख) यस जागिर अथवा सार्वजनिक पेसागत तालिम आदिको कक्षा लिने सम्बन्धमा, जागिर तयारी रकम तथा अन्य स्थानान्तरणमा आवश्यक हुने खर्चहरू जागिरदाता उद्यम मालिक, सार्वजनिक पेसागत तालिमस्थलका प्रमुख तथा अन्य व्यक्तिबाट भुक्तानी नपाएका, अथवा उक्त भुक्तानी राशिले स्थानान्तरण खर्चको राशिलाई नधान्ने व्यक्ति।

पुनश्च, माथि उल्लिखित (क), (ख) भित्र परेपनि, जागिरदाताको रोजगारी अवधि 1 वर्ष भन्दा कम भएमा, चक्रीय रूपमा रोजगारी गर्ने बानी परेको व्यक्तिले काम छोड्नु अघिको जस्तै स्थितिमा पुनर्रोजगारीमा लागेमा या पेसा सिफारिस इन्कार आदि गरेर लाभ प्रदानमा हदबन्दी लागेको खण्डमा, उक्त लाभ प्रदानमा हदबन्दी अवधि बित्नु अगावै, जागिर मिलेको, अथवा सार्वजनिक पेसागत तालिम आदि लिनुपर्ने भएको अवस्था आदिको हकमा, स्थानान्तरण खर्च भुक्तानी हुने छैन।

(आवेदन प्रक्रिया आदि बारेमा, हेलोवर्कहरूका सम्बन्धित अधिकारीलाई सोधपुछ गर्नुहोला)।

## रोजगारी खोज्ने गतिविधिको टेवा खर्च बारेमा

रोजगारी खोज्ने गतिविधि टेवा खर्च भन्नाले, बृहत् क्षेत्रमा रोजगारी खोज्ने गतिविधि खर्च, छोटो अवधिको तालिम कक्षा लिने खर्च, रोजगारी खोज्ने गतिविधि सम्बन्धित सेवा प्रयोग खर्चहरू समावेश हुन्छन् र, लाभ प्राप्त गर्न योग्य व्यक्तिले रोजगारी खोज्ने गतिविधिको सन्दर्भमा निम्न ① देखि ③ मध्येको कुनै एक भित्र पर्ने क्रियाकलाप गर्दा, हेलोवर्कको कार्यालय प्रमुखले आवश्यक ठहर गरेमा, भुक्तानी हुनेछ।

① हेलोवर्कको सिफारिस बमोजिम बृहत् परिधिको क्षेत्रमा रोजगारी खोज्ने गतिविधि गर्दा (बृहत् क्षेत्रमा रोजगारी खोज्ने गतिविधि खर्च)

② हेलोवर्कको पेसा मार्गनिर्देश बमोजिम छोटो अवधिको तालिम कक्षा लिँदा (छोटो अवधिको तालिम कक्षा लिने खर्च)

③ रोजगारी खोज्ने गतिविधि सजिलैसँग गर्नका निमित्त शिशु हेरचाह जस्ता सेवाको प्रयोग गर्दा (रोजगारी खोज्ने गतिविधि सम्बन्धित सेवा प्रयोग खर्च)

[बृहत् क्षेत्रमा रोजगारी खोज्ने गतिविधि खर्च]

बृहत् क्षेत्रमा रोजगारी खोज्ने गतिविधि खर्चको भुक्तानी प्राप्त गर्न सक्ने भनेको, हेलोवर्कको सिफारिस बमोजिम बृहत् परिधिको क्षेत्रमा रोजगारी खोज्ने गतिविधि गरेर, निम्न (क), (ख) को सबैसँग मेलखाने, लाभ प्राप्त गर्न योग्य व्यक्तिले हो।

(क) यस लाभ प्राप्त गर्न योग्य व्यक्तिहरूका लागि उपयुक्त छ भनेर मान्यता दिन मिल्ने क्षेत्राधिकार भन्दा बाहिरको इलाकामा अवस्थित भ्याकेन्सी खुलाउने उद्यमस्थलसँग सम्बन्धित नियमित भ्याकेन्सीका लागि नै सिफारिस भएको व्यक्ति

(ख) रेलमार्ग भाडा, जहाज भाडा, हवाइजहाज भाडा एवम् मोटर भाडाको गणना गर्ने आधार मानिएको दूरी आतेजाते रेलमार्ग 200 किलोमिटर (जलमार्ग एवम् सडकमार्गको हकमा 4 भागको 1 भाग बराबर 1 किलोमिटरको मापदण्ड राखेर ती हरेकलाई रेलमार्गको 1 किलोमिटर बराबर मानिने) वा सो भन्दा बढी भएको व्यक्ति।

माथि उल्लिखित (क) एवम् (ख)का लाभ प्राप्त गर्न योग्य व्यक्तिका हकमा पनि, तलका बुँदा भित्र नपरेमा, बृहत् क्षेत्रमा रोजगारी खोज्ने गतिविधि खर्च भुक्तानी हुनेछैन।

i) प्रतिक्षा अवधि बितेपश्चात् बृहत् क्षेत्रमा रोजगारी खोज्ने गतिविधि सुरुवात गरेको भएमा

ii) बृहत् क्षेत्रमा रोजगारी खोज्ने गतिविधिमा चाहिने खर्च, भिजिट गर्ने उद्यमस्थलबाट भुक्तानी नहुने भए, अथवा भुक्तानी पाइएको राशिले बृहत् क्षेत्रमा रोजगारी खोज्ने गतिविधि खर्च राशिलाई नधान्ने भएमा।

पुनश्च, माथि उल्लिखित i), ii) का अलावा, पेसा सिफारिस इन्कार आदि गरेको कारणले लाभ प्रदानमा हदबन्दी लागेमा, उक्त लाभ प्रदानमा हदबन्दी अवधि बित्नु अगावै, बृहत् क्षेत्रमा रोजगारी खोज्ने गतिविधि सुरुवात गरेको अवस्थाहरूको हकमा, बृहत् क्षेत्रमा रोजगारी खोज्ने गतिविधि खर्च भुक्तानी हुने छैन।

[छोटो अवधिको तालिम कक्षा खर्च]

छोटो अवधिको तालिम कक्षा खर्चको भुक्तानी प्राप्त गर्न सक्ने भनेको, हेलोवर्कको पेसा मार्गनिर्देश बमोजिम पुनर्रोजगारीमा लाग्नका निमित्त 1 महिना भन्दा कमको शैक्षिक तालिम लिएर, उक्त तालिम समापन गरेको र, निम्न (क) देखि (घ) को सबैसँग मेलखाने, लाभ प्राप्त गर्न योग्य व्यक्तिले हो।

(क) शैक्षिक तालिम कक्षा लिनु अगाडि, उक्त तालिम लिनका निमित्त चाहिने हेलोवर्कको पेसा मार्गनिर्देश प्राप्त गरेको हुनुपर्ने।

(ख) पेसा मार्गनिर्देश प्राप्त गर्ने दिनमा, लाभ प्राप्त गर्ने योग्यता रहिरहेको व्यक्ति हुनुपर्ने।

(ग) प्रतिक्षा अवधि बितेपश्चात्, शैक्षिक तालिमको कक्षा लिन सुरुवात गरेको हुनुपर्ने।

(घ) शैक्षिक तालिम लाभ प्रणाली (आम शैक्षिक तालिम) ले निर्दिष्ट गरेको कोर्सको कक्षा लिँदा, आम शैक्षिक तालिम लाभ रकमको भुक्तानीका आवश्यक सर्त पुरा गरेको व्यक्ति हुन नहुने।

[रोजगारी खोज्ने गतिविधि सम्बन्धित सेवा प्रयोग खर्च]

रोजगारी खोज्ने गतिविधि सम्बन्धित सेवा प्रयोग खर्चको भुक्तानी प्राप्त गर्न सक्ने भनेको, भ्याकेन्सी खुलाउनेसँगको अन्तर्वार्ता आदिको लागि, अथवा शैक्षिक तालिम कक्षा लिनका लागि, आफ्नो बच्चालाई शिशु हेरचाहको सेवा दिने ठाउँमा राख्न वा सो सेवा प्रयोग गर्ने र, निम्न (क) देखि (घ) को सबैसँग मेलखाने, लाभ प्राप्त गर्न योग्य व्यक्तिले हो।

(क) शिशु हेरचाह जस्ता सेवा प्रयोग गरेको दिनमा, लाभ प्राप्त गर्न योग्य व्यक्ति रहेको हुनुपर्ने।

(ख) प्रतिक्षा अवधि बितेपश्चात्, शिशु हेरचाह जस्ता सेवा प्रयोग गरेको हुनुपर्ने।

(ग) "भ्याकेन्सी खुलाउनेसँगको अन्तर्वार्ता आदि" भन्नाले, भ्याकेन्सी खुलाउनेसँगको अन्तर्वार्ताको अलावा, लिखित परीक्षा, हेलोवर्क आदि, अनुमति लिएका या सूचना दाखिला गरेका पेसा सिफारिस गरिदिने उद्यमीहरूले प्रदान गर्ने पेसागत परामर्श सेवा, पेसा सिफारिस आदिका साथै, सार्वजनिक निकाय आदि (बृद्ध, अपाङ्ग तथा रोजगारी खोजीकर्ता रोजगारी टेवा सङ्गठन (स्वतन्त्र प्रशासनिक संस्थान), स्थानीय स्वायत्त निकाय, भ्याकेन्सी जानकारी प्रदान गर्ने कम्पनी, पत्रपत्रिका कम्पनी आदि) ले प्रदान गर्ने रोजगारी खोज्ने गतिविधि सम्बन्धी मार्गनिर्देशन, व्यक्तिगत परामर्श लिन सम्भव हुने उद्योगको वर्णन-भेलाहरू समेत हुन्।

(घ) "शैक्षिक तालिम कक्षा" भन्नाले, हेलोवर्कको निर्देशन तथा सिफारिस बमोजिम सार्वजनिक पेसागत तालिम आदिको कक्षा लिँदा, जागिर टेवा योजनामा आधारित रही रोजगारी खोजीकर्ता टेवा तालिमको कक्षा लिँदा, हेलोवर्कको मार्गनिर्देश बमोजिम विविध तालिम केन्द्रहरूमा भर्ना हुँदा, शैक्षिक तालिम लाभको दायरामा पर्ने तालिम एवम् छोटो अवधिको तालिम कक्षा खर्चको दायरामा पर्ने तालिम आदिको कक्षा लिइरहँदा एवम् स्थानान्तरित भएर वा सरूवा भएर, काममा टेवा पुऱ्याउन जाँदा कार्यान्वयन गरिने प्रत्यायोजन तालिम या प्रशिक्षण कक्षा आदि लिने अवस्थालाई भनिन्छ।

(आवेदन प्रक्रिया आदि बारेमा, हेलोवर्कहरूका सम्बन्धित अधिकारीलाई सोधपुछ गर्नुहोला)।

# 28 जागिरमा लागेपश्चात्, पुनः काम छोड्दा?

## नयाँ लाभ प्राप्ति योग्यता हासिल गर्न नसकेको अवस्थामा

प्रारम्भिक लाभ प्राप्ति अवधि भित्र (पृष्ठ 8 हेर्नें)मा, भुक्तानी बाँकी दिन सङ्ख्या रहेको छ भने, उक्त परिधि भित्रमा आधारभूत भत्ता भुक्तानी प्राप्त हुनेछ। तथापि, भुक्तानीको दायरामा पर्ने दिन भनेको, काम छोडेपश्चात् हेलोवर्क आदिमा उपस्थित भएर सूचना दाखिला गरी, पुनर्रोजगारी खोज्न आवेदन दिनुभएको दिन (लाभ प्रदानमा हदबन्दी अवधि बाँकी भएमा, लाभ प्रदानमा हदबन्दी अवधि बितेपश्चात्) देखि हुने भएकोले, काम छोडेपश्चात् सकेसम्म चाँडै हेलोवर्क आदिमा उपस्थित भएर सूचना दाखिला गर्नुहोस्।


पुनश्च, पुनर्रोजगार भत्ता आदि भुक्तानी प्राप्त गरेमा, उक्त भुक्तानी भएको दिन सङ्ख्याको हिस्सालाई घटाएर आएको परिधि भित्र (दशमलवलाई राउण्ड फिगर गर्ने) रहेर आधारभूत भत्ता भुक्तानी प्राप्त हुनेछ।

**सूचना दाखिला गर्दा आवश्यक पर्ने वस्तु**

- □ रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड
- □ काम छोडपत्र अथवा गुमाएको पुष्टि हुने सूचनापत्र (पछि बुझाएपनि फरक पर्दैन)

**उदाहरणको लागि**

तोकिएको लाभ दिन सङ्ख्या 180 दिन भएका व्यक्तिले, आधारभूत भत्ता 60 दिन हिस्साको भुक्तानी प्राप्त गरेपश्चात् पुनर्रोजगारीमा लागेर, पुनर्रोजगार भत्ता 84 दिन हिस्साको भुक्तानी प्राप्त गरेपश्चात् काम छोड्दा




180 दिन (तोकिएको लाभ दिन सङ्ख्या) - 60 दिन (आधारभूत भत्ता) - 84 दिन (पुनर्रोजगार भत्ता) = 36 दिन, को परिधि भित्र रहेर आधारभूत भत्ता भुक्तानी प्राप्त हुनेछ।

**पुनर्रोजगार भत्ता आदिको लाभ प्राप्ति पश्चात् पुनःकाम छोडेमा लाभ प्राप्ति अवधि लम्ब्याउने विशेष प्रावधान रहेको छ**

पुनर्रोजगार भत्ता आदिको भुक्तानी प्राप्त गरेपश्चात्को पहिलो काम छोडेको (नयाँ लाभ प्राप्ति योग्यता पाएपश्चात् काम छोडेको बाहेक। तल "पुनःकाम छोड्ने" भनिने)को मिति लाभ प्राप्ति अवधि भित्रै रहेको, र, टाट पल्टिने, बर्खासी आदिले गर्दा पुनःकाम छोडेका व्यक्तिका हकमा, निश्चित लाभ प्राप्ति अवधि लम्ब्याइने छ।

## नयाँ लाभ प्राप्ति योग्यता हासिल गरेको अवस्थामा

जागिरमा लागेको उद्यमस्थलबाट बिमित भएर 12 महिना वा सो भन्दा बढी (बर्खासी, टाट पल्टिने आदिले गर्दा अवकाश लिएका व्यक्ति भए 6 महिना वा सो भन्दा बढी) काम गरेपश्चात् काम छोडेको भएमा, सामान्यतया नयाँ रोजगार बिमाको लाभ प्राप्ति योग्यता पाइने भएकोले, उक्त लाभ प्राप्ति योग्यताबाट आधारभूत भत्ता भुक्तानी प्राप्त हुनेछ। यस अवस्थामा, भुक्तानी प्राप्त गर्नका निमित्त गर्नुपर्ने प्रक्रिया सुरुबाट नै गर्नुपर्ने आवश्यकता रहन्छ (पृष्ठ 2 हेर्नें)।

पुनश्च, नयाँ लाभ प्राप्ति योग्यता हासिल भएमा, पहिलेको लाभ प्राप्ति योग्यता बमोजिमको भुक्तानी प्राप्त हुने छैन।

## 29 नामथर या ठेगाना परिवर्तन गर्दा

नामथर या ठेगाना परिवर्तन गर्दा, सकेसम्म चाँडै, हेलोवर्क आदिमा सूचना दाखिला गर्नुहोला।

ठेगाना परिवर्तन गरेमा, रोजगार बिमाको प्रक्रियामा तपाईँ आउनुपर्ने, क्षेत्राधिकार भित्रको हेलोवर्क आदि परिवर्तन भइदिन पनि सक्छ।

सूचना दाखिला गर्दा आवश्यक पर्ने वस्तु

□ रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड

□ नामथर, ठेगाना परिवर्तन सूचना दाखिला (बसोबास तथ्य उल्लेखित प्रमाणपत्र अर्थात् ज्युमिन् ह्यो किसाइ-जिको-स्योउमेइ स्यो भनिने प्रमाणपत्र जस्ता प्रमाण स्वरूपका कागजात संलग्न गर्नुहोला)

□ भुक्तानी इच्छाएको वित्तीय संस्था परिवर्तन गर्ने निवेदन (नामथर परिवर्तन भएमा)

## 30 सार्वजनिक पेसा संरक्षण कार्यालय प्रमुख, स्थानीय परिवहन ब्युरो प्रमुखको निर्देशन बमोजिम सार्वजनिक पेसागत तालिम आदिको कक्षा लिँदा?

हेलोवर्क आदिले तपाईँको पुनर्रोजगारीमा उपयोगी हुन्छ भनेर निर्णय गरेको खण्डमा, सार्वजनिक पेसागत तालिम आदिको कक्षा लिने निर्देशन आउन सक्नेछ।

यस अवस्थामा, तोकिएको लाभ दिन सङ्ख्याको हिस्सा भुक्तानी समापन भएपश्चात् पनि, तालिम समापनको दिनसम्म आधारभूत भत्ता लम्ब्याएर भुक्तानी गरिनेछ।

यसका अलावा, तालिम कक्षाको लागि चाहिने खर्चमा भरण गर्नका निमित्त, कक्षा भत्ता, यातायात भत्ता आदि भुक्तानी गरिनेछ।

## 31 रोग या चोटपटकले काम गर्न नसक्ने हुँदा?

लाभ प्राप्ति योग्यताको निर्धारण प्राप्त गरेपश्चात्, रोग या चोटपटकले 15 दिन वा सो भन्दा बढी काम गर्न नसक्ने स्थितिमा हुँदा, आधारभूत भत्ताको सट्टामा, बराबर राशिको घाउचोट वा बिमारी भत्ता भुक्तानी प्राप्त हुनेछ (तथापि, स्वास्थ्य बिमा, श्रमिक दुर्घटना बिमा जस्ता, अन्य कानुनमा आधारित रहेर घाउचोट वा बिमारी भत्ता रकम, बिदा क्षतिपूर्ति लाभ आदिको भुक्तानी प्राप्त गरिरहेको भए या प्रतिक्षा अवधि भित्र एवम् लाभ प्रदानमा हदबन्दी अवधि भित्रको दिनको लागि भने, भुक्तानी प्राप्त हुने छैन)।

साथै, लगातार 30 दिन वा सो भन्दा बढी काम गर्न नसक्दा, घाउचोट वा बिमारी भत्ता भुक्तानी प्राप्त नगरी, लाभ प्राप्ति अवधि लम्ब्याएर, घाउचोट वा बिमारी निको भएपश्चात् आधारभूत भत्ता भुक्तानी प्राप्त गर्न पनि सकिनेछ (लाभ प्राप्ति अवधि लम्ब्याउने बारेमा पृष्ठ 17 हेर्ने)।

घाउचोट वा बिमारी भत्ताको आवेदन प्रक्रिया बारेमा

घाउचोट वा बिमारी भत्ताको आवेदन दिने भएमा, तलका कागजातहरू हेलोवर्क आदिमा पेस गर्नुहोला। आवेदन अवधि, घाउचोट वा बिमारी निको भए लगत्तैको प्रमाणीकरण मितिसम्म हुनेछ।

1 घाउचोट वा बिमारी भत्ता भुक्तानी आवेदन फाराम
2 रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्ड

* पेस गर्दा प्रतिनिधि व्यक्तिले गरेपनि फरक पर्ने छैन तर, त्यस अवस्थामा वारेसनामा आवश्यक पर्नेछ।

घाउचोट वा बिमारीको अवधि 1 महिना वा सो भन्दा बढी होला जस्तो भएमा, पहिले नै हेलोवर्क आदिमा परामर्श गर्नुहोला।

साथै, स्वास्थ्य बिमाको प्रकार चेक गर्नुपर्ने भएकोले, "स्वास्थ्य बिमा कार्ड" (प्रतिलिपि भएपनि फरक नपर्ने) लिई आउनुहोला।

## 32 यदि, लाभ प्राप्त गर्न योग्य व्यक्तिको लाभ प्राप्ति अवधि बीचमा नै मृत्यु हुन गयो भने?

कथमकदाचित, लाभ प्राप्ति अवधि बीचमा लाभ प्राप्त गर्न योग्य व्यक्तिको मृत्यु हुन गएमा, निज व्यक्तिसँगै एउटै घरपरिवार अन्तर्गत जीविकोपार्जन गर्दै आएका मृतकका परिवारले मृत्युको अघिल्लो दिन (कुनै निश्चित अवस्थामा त्यही दिन) सम्मको आधारभूत भत्ता आदिको भुक्तानी प्राप्त गर्न सक्नेछन्। यसलाई "गैर-भुक्तानी बेरोजगार लाभ आदि" भनिन्छ।

यस अवस्थामा, लाभ प्राप्त गर्न योग्य व्यक्तिको मृत्यु भएको दिनको भोलिपल्टदेखि 6 महिना भित्रमा "गैर-भुक्तानी बेरोजगार लाभ आदिको भुक्तानी माग पत्र" लाई हेलोवर्क आदिमा पेस गर्नुहोला।

# 33 बेरोजगार लाभ आदि सही तवरले प्राप्त गरौँ

◎ अवैध लाभ प्राप्ति भन्नाले

बेरोजगार लाभ आदि भुक्तानी प्राप्त गर्न नमिल्ने हुँदाहुँदै पनि, छलछाम पूर्ण अथवा अवैध माध्यमबाट बेरोजगार लाभहरूको भुक्तानी लिने, अथवा लिन खोज्ने कार्यलाई भनिन्छ (वास्तविकतामा भुक्तानी प्राप्त गऱ्यो कि गरेन भन्ने कुराले फरक पार्दैन)।

◎ सही घोषणा नगरेमा अवैध लाभ प्राप्ति हुनेछ।

उदाहरणको लागि, निम्न खालका अवस्थाहरू हुन्।

□ रोजगारी खोज्ने गतिविधिको रेकर्ड नहुँदा नहुँदै पनि, बेरोजगार प्रमाणीकरण निवेदन फाराममा सो रेकर्ड बारेमा झुट्टा घोषणा गरे।

□ उद्यम मालिकद्वारा रोजगारी प्रदान गरिएको अवस्था (रोजगारी स्वरूपसँग सम्बन्ध छैन। परीक्षण (प्रशिक्षण) अवधि समेत समावेश।) मा, त्यस जानकारी बेरोजगार प्रमाणीकरण निवेदन फाराममा घोषणा नगर्ने, नियुक्ती मिति, रोजगारी पाएर, काम गरेको तथ्य एवम् आम्दानी लुकाउने जस्ता, झुटो घोषणा गरे।

□ श्रमिक दुर्घटना बिमाको बिदा (क्षतिपूर्ति) लाभ या स्वास्थ्य बिमाको घाउचोट वा बिमारी भत्ता रकम आदिको भुक्तानी प्राप्त गरिरहेको घोषणा नगरेको (रोजगार बिमाको भुक्तानी समाप्ति पश्चात्, रोजगार बिमा लाभ प्राप्ति गरेको अवधिको हकमा, श्रमिक दुर्घटना बिमाको बिदा क्षतिपूर्ति लाभको भुक्तानी बिगत देखि कै प्राप्त गर्ने अवस्था समेत।)।

□ जागिरमा नलाग्दा नलाग्दै पनि जागिरमा लागेँ भनेर ढाँट्ने, जागिरमा लागेको दिन ढाँट्ने गरेर, पुनर्रोजगार भत्ता आदिको भुक्तानी आवेदन दिए।

□ कम्पनीको पदाधिकारी आदिमा नियुक्त भएको कुरा घोषणा नगरे।

□ झुट्टा जानकारी भरेको काम छोडपत्र (काम छोड्ने कारण सहित।) पेस गरे।

◎ नियम पालना गरेर सही तवरले लाभ प्राप्ति गरौँ

यदि, अवैध लाभ प्राप्ति गऱ्यो भने,

□ भुक्तानी रोक्का (उक्त दिन भन्दा पछिको बेरोजगार लाभ आदिको भुक्तानी प्राप्त गर्ने अधिकार गुम्नेछ)

□ फिर्ता आदेश (अवैध रूपले लाभ प्राप्ति गरेको रकम, सम्पूर्ण राशि फिर्ता नगरी हुँदैन)

□ चुक्ता आदेश (अवैध रूपले लाभ प्राप्ति गरेको रकम सम्पूर्ण राशि फिर्ता गर्नुका साथसाथै, अवैध रूपमा लाभ प्राप्ति गरेको रकमको 2 गुणा बराबरको राशि थप चुक्ता नगरी हुँदैन)

□ अवैध लाभ प्राप्ति गरेको दिनको भोलिपल्टदेखि विलम्ब शुल्क लगाइने छ।

□ यी फिर्ता गर्नुपर्ने रकम चुक्ता गर्नमा बेवास्ता गरेमा, सम्पत्ति जफत आदि हुनसक्छ।

□ दुर्गुणपूर्ण मनसायले गरेको भए, ठगी अपराध आदिको सजाय पनि हुन सक्नेछ।

# 34 कार्यवाही प्रति अपिल गर्न चाहेमा?

हेलोवर्क आदिले गरेको बेरोजगार लाभ आदि सम्बन्धी कार्यवाही प्रति अपिल गर्ने भए, उक्त कार्यवाही भएको भन्ने थाहा पाएको दिनको भोलिपल्टदेखि 3 महिना भित्रमा, रोजगार बिमा परीक्षण अधिकारी मा परीक्षणको लागि अनुरोध गर्न सकिनेछ। यसलाई “सिन्सा सेइक्यू” अर्थात् "परीक्षण माग" भनिन्छ।

परीक्षण माग गर्दा, हेलोवर्क आदि मार्फत, अथवा, रोजगार बिमा परीक्षण अधिकारीलाई उक्त व्यहोरा प्रत्यक्ष निवेदन गर्नुहोस्।

साथै, रोजगार बिमा परीक्षण अधिकारीको निर्णय प्रति अपिल गर्न चाहेमा, निर्णय पत्रको पूर्ण-पाठ पठाइएको दिनको भोलिपल्टदेखि 2 महिना भित्रमा श्रम बिमा परीक्षण समितिमा पुनःपरीक्षण माग गर्न सकिने छ।

तथापि, परीक्षण माग गरेको दिनको भोलिपल्टदेखि 3 महिना बितेपनि परीक्षण माग बारेको निर्णय नभएमा, निर्णय नपर्खीकन, श्रम बिमा परीक्षण समिति विरुद्ध पुनःपरीक्षण माग गर्न सकिने छ।

हेलोवर्क आदिले गरेको बेरोजगार लाभ आदि सम्बन्धी कार्यवाही बदर गर्ने मुद्दा, परीक्षण मागको निर्णय भएपश्चात्, निर्णय भएको कुरा थाहा पाएको दिनदेखि 6 महिना भित्रमा दायर गर्न सकिने छ (तथापि, निर्णय भएको दिनदेखि 1 वर्ष बितेको अवस्था बाहेक।)।

तथापि, परीक्षण माग गरेको दिनको भोलिपल्टदेखि 3 महिना बितेपनि परीक्षण माग बारेको निर्णय नभएको जस्ता अवस्थामा, निर्णय नपर्खीकन, बदर गर्ने मुद्दा दायर गर्न सकिने छ।

# 35 शैक्षिक तालिम लाभ बारेमा

1 आम शैक्षिक तालिमसँग सम्बन्धित शैक्षिक तालिम लाभ

काम गर्ने व्यक्तिको आफ्नै पहलमा गर्ने क्षमता विकास प्रयासमा टेवा दिई, रोजगारीको दिगोपना र पुनर्रोजगारीमा लाग्न प्रोत्साहन दिने लक्ष्य राखेको रोजगार बिमाको लाभ प्रणाली हो।

एक निश्चित आवश्यक सर्त पुरा गर्ने रोजगार बिमाको बिमित (*1) (रोजगाररत व्यक्ति), अथवा पहिले बिमित रहेको व्यक्ति (काम छोडेको व्यक्ति)ले, श्रम तथा कल्याण मन्त्रीले निर्दिष्ट गरेको शैक्षिक तालिम लिएर, समापन गरेमा, उक्त कक्षा लिनका निमित्त कक्षा लिने व्यक्ति स्वयंले शैक्षिक तालिम केन्द्रमा तिरेको शैक्षिक तालिम लागतको एक निश्चित प्रतिशत बराबरको राशि (अधिकतम सीमा भएको) भुक्तानी गरिनेछ।

*1 बिमित भन्नाले, आम बिमित एवम् जेष्ठ नागरिक बिमितलाई भनिन्छ। तल, यस शीर्षकमा उही हुनेछ।

भुक्तानीको दायरामा पर्ने व्यक्ति

आम शैक्षिक तालिमसँग सम्बन्धित शैक्षिक तालिम लाभ रकमको भुक्तानी दायरामा पर्ने व्यक्ति भनेका, निम्न ① अथवा ② मध्येको कुनै एक भित्र पर्ने, श्रम तथा कल्याण मन्त्रीले निर्दिष्ट गरेको शैक्षिक तालिम लिएर, यस शैक्षिक तालिम समापन गरेका व्यक्ति हुनेछ।

① रोजगार बिमाको बिमित (रोजगार बिमाको बिमित स्वरूप रोजगाररत व्यक्ति)

श्रम तथा कल्याण मन्त्रीले निर्दिष्ट गरेको शैक्षिक तालिम कक्षा सुरु गरेको दिन (तल "कक्षा सुरुवात मिति" भनिने।) मा, भुक्तानीका आवश्यक सर्तहरूको अवधि (*2), 3 वर्ष वा सो भन्दा बढी हुनुपर्ने (*3)

② पहिले रोजगार बिमाको बिमित रहेका व्यक्ति (हाल रोजगार बिमाको बिमित नरहेका व्यक्ति)

कक्षा सुरुवात मिति भन्दा ठिक अगाडिको, बिमितबाट हटेको दिन, कक्षा सुरुवात मिति भन्दा अघिको 1 वर्ष भित्र (लागु हुने दायरा अवधि लम्ब्याइएको भएमा अधिकतम 20 वर्ष भित्र) (*4) भएर, कक्षा सुरुवात मितिमा भुक्तानीका आवश्यक सर्तहरूको अवधि 3 वर्ष वा सो भन्दा बढी हुनुपर्ने (*3)

*2 भुक्तानीका आवश्यक सर्तहरूको अवधि भन्नाले, कक्षा सुरुवात हुनुभन्दा अगाडिको मिति सम्मको अवधिमा रोजगार बिमा लागु हुने उद्यममा बिमित स्वरूप रोजगार भएको अवधिलाई भनिन्छ। विस्तृतमा, हेलोवर्कको सम्बन्धित अधिकारीलाई सोधपुछ गर्नुहोला।

*3 पहिलो पटक आम शैक्षिक तालिमसँग सम्बन्धित शैक्षिक तालिम लाभ प्राप्त गर्ने व्यक्तिको हकमा, भुक्तानीका आवश्यक सर्तहरूको अवधि 1 वर्ष वा सो भन्दा बढी हुनुपर्ने (अन्तरिम प्रबन्ध)

*4 कक्षा सुरुवात मितिमा बिमित नरहेका व्यक्ति मध्ये, बिमित योग्यता गुमेको दिन पश्चात् 1 वर्ष भित्रमा गर्भावस्था, प्रसूति, शिशु स्याहार, बिरामी, चोटपटक जस्ता कारणद्वारा, लगातार 30 दिन वा सो भन्दा बढी, दायरामा परेको शैक्षिक तालिम कक्षा सुरुवात गर्न नसक्ने भएमा, हेलोवर्कमा उक्त व्यहोरा निवेदन गर्नाले, बिमित योग्यता गुमेको दिनदेखि कक्षा सुरुवात मितिसम्मको शैक्षिक तालिम लाभको दायरामा पर्न सक्ने अवधि (लागु हुने दायरा अवधि) मा उक्त कक्षा सुरुवात गर्न नसक्ने दिन सङ्ख्या (अधिकतम 19 वर्ष) जोड्न सकिनेछ।

भुक्तानी राशि

दायरामा परेको शैक्षिक तालिम लिएर, समापन गरेमा, उक्त कक्षा लिनका निमित्त कक्षा लिने व्यक्ति आफैँले शैक्षिक तालिम सञ्चालनकर्तालाई तिरेको शैक्षिक तालिम लागतको 20% बराबरको राशि भुक्तानी प्राप्त हुनेछ।

तथापि, उक्त 20% बराबरको राशि 1 लाख येन नाघेमा भुक्तानी राशि 1 लाख येन हुने र, 4 हजार येन ननाघेमा शैक्षिक तालिम लाभ रकमको भुक्तानी प्राप्त हुने छैन।

*कक्षा सुरुवात मिति अघि 1 वर्ष भित्रमा क्यारियर कन्सल्टेन्ट (पेसागत क्षमता विकास तथा प्रवर्धन ऐन दफा 30 को 3 मा व्यवस्था गरिएको क्यारियर कन्सल्टेन्ट) ले गर्ने क्यारियर कन्सल्टिङ सेवा प्राप्त गरेमा, उक्त खर्चलाई, शैक्षिक तालिम लागतमा जोड्न सकिनेछ। तथापि, उक्त राशि 20 हजार येन नाघेमा शैक्षिक तालिम लागत राशि 20 हजार येन सम्म मिल्नेछ (सन् 2017 जनवरी 1 तारिख पश्चात् क्यारियर कन्सल्टिङ सेवा लिएमा मात्र)।

2 विशिष्ट आम शैक्षिक तालिमसँग सम्बन्धित शैक्षिक तालिम लाभ

अविलम्ब पुनर्रोजगार एवम् चाँडो करियर निर्माणमा टेवा दिई, रोजगारीको दिगोपना र पुनर्रोजगारीमा लाग्न प्रोत्साहन दिने लक्ष्य राखेको रोजगार बिमाको लाभ प्रणाली हो।

एक निश्चित आवश्यक सर्त पुरा गर्ने रोजगार बिमाको बिमित (*1) (रोजगाररत व्यक्ति), अथवा पहिले बिमित रहेको व्यक्ति (काम छोडेको व्यक्ति)ले, श्रम तथा कल्याण मन्त्रीले निर्दिष्ट गरेको शैक्षिक तालिम लिएर, समापन गरेमा, उक्त कक्षा लिनका निमित्त कक्षा लिने व्यक्ति स्वयंले शैक्षिक तालिम केन्द्रमा तिरेको शैक्षिक तालिम लागतको निश्चित प्रतिशत बराबरको राशि (अधिकतम सीमा भएको) भुक्तानी गरिनेछ।

*1 बिमित भन्नाले, आम बिमित एवम् जेष्ठ नागरिक बिमितलाई भनिन्छ। तल, यस शीर्षकमा उही हुनेछ।

**भुक्तानीको दायरामा पर्ने व्यक्ति**

विशिष्ट आम शैक्षिक तालिमसँग सम्बन्धित शैक्षिक तालिम लाभ रकमको भुक्तानी दायरामा पर्ने व्यक्ति भनेका, निम्न ① अथवा ② मध्ये कुनै एक भित्र पर्ने, श्रम तथा कल्याण मन्त्रीले निर्दिष्ट गरेको शैक्षिक तालिम लिएर, यस शैक्षिक तालिम समापन गरेका व्यक्ति हुनेछ।

① रोजगार बिमाको बिमित (रोजगार बिमाको बिमित स्वरूप रोजगाररत व्यक्ति)

श्रम तथा कल्याण मन्त्रीले निर्दिष्ट गरेको शैक्षिक तालिम कक्षा सुरु गरेको दिन (तल "कक्षा सुरुवात मिति" भनिने।) मा, भुक्तानीका आवश्यक सर्तहरूको अवधि (*2), 3 वर्ष वा सो भन्दा बढी हुनुपर्ने(*3)

② पहिले रोजगार बिमाको बिमित रहेका व्यक्ति (हाल रोजगार बिमाको बिमित नरहेका व्यक्ति)

कक्षा सुरुवात मिति भन्दा ठिक अगाडिको बिमितबाट हटेको दिन, कक्षा सुरुवात मिति भन्दा अघिको 1 वर्ष भित्र (लागु हुने दायरा अवधि लम्ब्याइएको भएमा अधिकतम 20 वर्ष भित्र) (*4)भएर, कक्षा सुरुवात मितिमा भुक्तानी आवश्यक सर्त अवधि 3 वर्ष वा सो भन्दा बढी हुनुपर्ने (*3)

*2 भुक्तानीका आवश्यक सर्तहरूको अवधि भन्नाले, कक्षा सुरुवात हुनुभन्दा अगाडिको मिति सम्मको अवधिमा रोजगार बिमा लागु हुने उद्यममा बिमित स्वरूप रोजगार भएको अवधिलाई भनिन्छ। विस्तृतमा, हेलोवर्कको सम्बन्धित अधिकारीलाई सोधपुछ गर्नुहोला।

*3 पहिलो पटक विशिष्ट आम शैक्षिक तालिमसँग सम्बन्धित शैक्षिक तालिम लाभ प्राप्त गर्ने व्यक्तिको हकमा, भुक्तानीका आवश्यक सर्तहरूको अवधि 1 वर्ष वा सो भन्दा बढी हुनुपर्ने (अन्तरिम प्रबन्ध)

*4 कक्षा सुरुवात मितिमा बिमित नरहेका व्यक्ति मध्ये, बिमित योग्यता गुमेको दिन पश्चात् 1 वर्ष भित्रमा गर्भावस्था, प्रसूति, शिशु स्याहार, बिरामी, चोटपटक जस्ता कारणद्वारा, लगातार 30 दिन वा सो भन्दा बढी, दायरामा परेको शैक्षिक तालिम कक्षा सुरुवात गर्न नसक्ने भएमा, हेलोवर्कमा उक्त व्यहोरा निवेदन गर्नाले, बिमित योग्यता गुमेको दिनदेखि कक्षा सुरुवात मितिसम्मको शैक्षिक तालिम लाभको दायरामा पर्न सक्ने अवधि (लागु हुने दायरा अवधि) मा उक्त कक्षा सुरुवात गर्न नसक्ने दिन सङ्ख्या (अधिकतम 19 वर्ष) जोड्न सकिनेछ।

**भुक्तानी राशि**

दायरामा परेको शैक्षिक तालिम लिएर, समापन गरेमा, उक्त कक्षा लिनका निमित्त कक्षा लिने व्यक्ति आफैँले शैक्षिक तालिम सञ्चालनकर्तालाई तिरेको शैक्षिक तालिम लागतको 40% बराबरको राशि भुक्तानी प्राप्त हुनेछ।

तथापि, उक्त 40%बराबरको राशि 2 लाख येन नाघेमा भुक्तानी राशि 2 लाख येन हुने र, 4 हजार येन ननाघेमा शैक्षिक तालिम लाभ रकमको भुक्तानी प्राप्त हुने छैन।

3 विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिमसँग सम्बन्धित शैक्षिक तालिम लाभ

काम गर्ने व्यक्तिको आफ्नै पहलमा, मध्य तथा दीर्घकालीन क्यारियर निर्माणमा टेवा दिई, रोजगारीको दिगोपना र पुनर्रोजगारीमा लाग्न प्रोत्साहन दिने लक्ष्य राखेको रोजगार बिमाको लाभ प्रणाली हो।

एक निश्चित सर्त पुरा गर्ने रोजगार बिमाको बिमित (*1) (रोजगाररत व्यक्ति), अथवा पहिले बिमित रहेको व्यक्ति (काम छोडेको व्यक्ति)ले, श्रम तथा कल्याण मन्त्रीले निर्दिष्ट गरेको विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिम लिएर, समापन गरेमा, उक्त व्यक्ति स्वयंले शैक्षिक तालिम केन्द्रमा तिरेको शैक्षिक तालिम लागतको एक निश्चित प्रतिशत बराबरको राशि (अधिकतम सीमा भएको) हेलोवर्कबाट भुक्तानी गरिने प्रणाली हो।

साथै, यस लाभ प्राप्त गरिरहेको व्यक्तिले, तालिम लिइरहेको अवधिमा बेरोजगार स्थितिमा रहेको दिनको हकमा, आधारभूत दैनिक भत्ता राशि बराबरको राशिको 80% (*2) शैक्षिक तालिम टेवा लाभ रकम प्राप्त गर्न सक्ने हुनसक्छ।

*1 बिमित भन्नाले, आम बिमित एवम् जेष्ठ नागरिक बिमितलाई भनिन्छ। तल, यस शीर्षकमा उही हुनेछ।

*2 सन् 2017 डिसेम्बर 31 तारिख भन्दा अघि कक्षा लिन सुरुवात गरेको विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिमको शैक्षिक तालिम टेवा लाभ रकमको भुक्तानी राशि भनेको, आधारभूत दैनिक भत्ता राशि बराबरको राशिको 50% हुनेछ।

भुक्तानीको दायरामा पर्ने व्यक्ति

विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिमसँग सम्बन्धित शैक्षिक तालिम लाभ रकमको भुक्तानी दायरामा पर्ने व्यक्ति भनेका, निम्न ① अथवा ② मध्येको कुनै एक भित्र पर्ने, श्रम तथा कल्याण मन्त्रीले निर्दिष्ट गरेको शैक्षिक तालिम लिएर, यस शैक्षिक तालिम समापन गरेका व्यक्ति हुन्।

① रोजगार बिमाको बिमित

विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिम कक्षा लिन सुरुवात गरेको दिन (तल "कक्षा सुरुवात मिति" भनिने।) मा रोजगार बिमाको बिमित व्यक्तिहरू मध्ये, भुक्तानीका आवश्यक सर्तहरूको अवधि (*3) 3 वर्ष वा सो भन्दा बढी (*4) भएका

② पहिले रोजगार बिमाको बिमित रहेका व्यक्ति

कक्षा सुरुवात मितिमा बिमित नरहेका व्यक्तिहरू मध्ये, बिमित योग्यता गुमेको दिन (काम छोडेको दिनको भोलिपल्ट) पश्चात्, कक्षा सुरुवात मितिसम्म 1 वर्ष भित्र (लागु हुने दायरा अवधि लम्ब्याइएको (*5) अवस्थामा अधिकतम 20 वर्ष भित्र) भएर, र भुक्तानीका आवश्यक सर्तहरूको अवधि 3 वर्ष वा सो भन्दा बढी (*4) भएका व्यक्ति

*3 भुक्तानीका आवश्यक सर्तहरूको अवधि भन्नाले, कक्षा सुरुवात मितिसम्मको बीचमा रोजगार बिमा लागु हुने उद्यममा बिमित स्वरूप रोजगारी गरेको अवधिलाई भनिन्छ। विस्तृतमा, हेलोवर्कको सम्बन्धित अधिकारीलाई सोधपुछ गर्नुहोला।

*4 पहिलो पटक विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिमसँग सम्बन्धित शैक्षिक तालिम लाभ प्राप्त गर्ने व्यक्तिको हकमा, भुक्तानीका आवश्यक सर्तहरूको अवधि 2 वर्ष वा सो भन्दा बढी हुनुपर्ने (अन्तरिम प्रबन्ध)

*5 कक्षा सुरुवात मितिमा बिमित नरहेका व्यक्ति मध्ये, बिमित योग्यता गुमेको दिन पश्चात् 1 वर्ष भित्रमा गर्भावस्था, प्रसूति, शिशु स्याहार, बिरामी, चोटपटक जस्ता कारणद्वारा, लगातार 30 दिन वा सो भन्दा बढी, दायरामा परेको शैक्षिक तालिम कक्षा सुरुवात गर्न नसक्ने भएमा, हेलोवर्कमा उक्त व्यहोरा निवेदन गर्नाले, बिमित योग्यता गुमेको दिनदेखि कक्षा सुरुवात मितिसम्मको शैक्षिक तालिम लाभको दायरामा पर्न सक्ने अवधि (लागु हुने दायरा अवधि) मा उक्त कक्षा सुरुवात गर्न नसक्ने दिन सङ्ख्या (अधिकतम 19 वर्ष) जोड्न सकिनेछ।

भुक्तानी राशि

| | विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिम कक्षा चलिरहँदा | विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिम समापन पश्चात् |
|---|---|---|
| भुक्तानी राशि<br>(कक्षा लिने व्यक्तिले तिरेको शैक्षिक तालिम लागत x दायाँ स्तम्भको प्रतिशत) | 50%<br>तथापि, 4 हजार येन नाघेको अवस्थामा।<br>12 लाख येन नाघेमा :12 लाख येन | योग्यता हासिल आदि गरेको, र समापन गरेको दिनको भोलिपल्टदेखि 1 वर्ष भित्रमा बिमित स्वरूप रोजगार भएमा<br>70%<br>तथापि, 4 हजार येन नाघेको अवस्थामा।<br>16 लाख 80 हजार येन नाघेमा :16 लाख 80 हजार येन<br>पहिले नै भुक्तानी गरेको बायाँ स्तम्भको राशिसँगको अन्तर राशि थप भुक्तान गरिनेछ। |

* विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिमको कक्षा चलिरहँदा भुक्तानी गरिने लाभ रकमको अधिकतम सीमा राशि 12 लाख येन नै, तालिम अवधि 3 वर्ष भएको विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिम कक्षा लिँदाको अधिकतम सीमा राशि हो। तालिम अवधि 1 वर्ष हुँदा 4 लाख येन, 2 वर्ष हुँदा 8 लाख येन अधिकतम सीमा राशि हुनेछ।

साथै, विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिमको समापन पश्चात् भुक्तानी गरिने लाभ रकम 16 लाख 80 हजार येनको हकमा समेत, तालिम अवधि 3 वर्ष भएको विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिम कक्षा लिँदाको अधिकतम सीमा राशि हुनेछ। तालिम अवधि 1 वर्ष हुँदा 5 लाख 60 हजार येन, 2 वर्ष हुँदा 11 लाख 20 हजार येन अधिकतम सीमा राशि हुनेछ।

* 10 वर्षको बीचमा धेरै पटक विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिम कक्षा लिने भएमा, पहिलो पटक विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिमको शैक्षिक तालिम लाभ रकम प्राप्त गरेको विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिमको कक्षा सुरुवात मिति (सन् 2017 डिसेम्बर 31 तारिख भन्दा अघिको कक्षा सुरुवात मिति समेत।) लाई सुरुवात बिन्दु मानेर, 10 वर्ष बित्दासम्मको बीचमा कक्षा लिन सुरुवात गरेको विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिमको शैक्षिक तालिम लाभ रकमको योगफल राशि, 16 लाख 80 हजार येन हद स्वरूप रहनेछ।

पुनश्च, कानुन बमोजिम सबैभन्दा छोटो 4 वर्षको विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिम कक्षा लिइरहेको व्यक्तिको हकमा, तेस्रो वर्षको कक्षा समाप्ति हुँदा, विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिम लाभको 10 वर्षे अवधिमा हुने भुक्तानीको अधिकतम सीमा राशि 16 लाख 80 हजार येनमा, चौँथो वर्षको कक्षा लिने बराबरको रकम स्वरूप अधिकतम सीमा 5 लाख 60 हजार येन थप गरिनेछ (4 वर्षको अवधिमा अधिकतम 22 लाख 40 हजार येन)।

* सन् 2017 डिसेम्बर 31 तारिख भन्दा अघि कक्षा लिन सुरुवात गरेको विशेषाज्ञिक अभ्यासमूलक शैक्षिक तालिमको भुक्तानी राशि, शैक्षिक तालिम लागतको 40% (योग्यता हासिल आदि गरेको, र समापन गरेको दिनको भोलिपल्टदेखि 1 वर्ष भित्रमा बिमित स्वरूप रोजगार भएको भएमा, 60%) हुनेछ। साथै, भुक्तानीको अधिकतम सीमा राशि, वार्षिक 3 लाख 20 हजार येन (योग्यता हासिल गरेको, र समापन गरेको दिनको भोलिपल्टदेखि 1 वर्ष भित्रमा बिमित स्वरूप रोजगार भएमा, वार्षिक 4 लाख 80 हजार येन) हुनेछ।

## 4 शैक्षिक तालिम लाभको निर्दिष्ट कोर्स र भुक्तानीका आवश्यक सर्तहरू बारेको जाँचबुझ सम्बन्धमा

**श्रम तथा कल्याण मन्त्री निर्दिष्ट शैक्षिक तालिममा कस्ता कुराहरू छन् त?**

"श्रम तथा कल्याण मन्त्री निर्दिष्ट शैक्षिक तालिम कोर्स सूची" मार्फत, हेलोवर्कको काउण्टरबाट हेर्न सकिनेछ।

पुनश्च, इन्टरनेटबाट समेत "श्रम तथा कल्याण मन्त्री निर्दिष्ट शैक्षिक तालिम कोर्स सर्चिङ सिस्टम" मा हेर्न सकिनेछ। (https://www.kyufu.mhlw.go.jp/kensaku/)

शैक्षिक तालिम लाभ रकमको भुक्तानी आवेदन अघि,

① अहिलेको कक्षा सुरुवात (योजना) दिनमा, तपाईँको शैक्षिक तालिम लाभ रकमको प्राप्ति योग्यता पुगेको छ त?

② कक्षा लिने इच्छा अनुरूपको शैक्षिक तालिम कोर्स, श्रम तथा कल्याण मन्त्रीबाट तोक आदेश भएको छ त?

भन्ने बारेमा, "शैक्षिक तालिम लाभ रकम भुक्तानीका आवश्यक सर्तहरू जाँचबुझ पत्र" बमोजिम, तपाईँको ठेगाना क्षेत्राधिकार भित्र पार्ने हेलोवर्कमा जाँचबुझ गर्न सकिने छ। विस्तृतमा, हेलोवर्कको सम्बन्धित अधिकारीलाई सोधपुछ गर्नुहोला।

# 36 रोजगारी निरन्तरता लाभ बारेमा

रोजगार बिमाको लाभ भित्र, रोजगाररत अवधिमा भुक्तानी गरिने "रोजगारी निरन्तरता लाभ" भन्ने प्रणाली रहेको छ।

यहाँहरू पुनर्रोजगारीमा लाग्नुभएपश्चात्, भुक्तानीको दायरामा पर्न सक्ने हुनाले, सामान्य जानकारी गराउँदछु।

पुनश्च, रोजगारी निरन्तरता लाभको भुक्तानी आवेदन आदिको प्रक्रिया बारेमा, पुनर्रोजगार स्थल रहेको उद्यम मालिक मार्फत अघि बढाउनु पर्ने हुन्छ।

यस "रोजगारी निरन्तरता लाभ"मा, "जेष्ठ नागरिक रोजगारी निरन्तरता लाभ", "शिशु स्याहार बिदा लाभ" एवम् "स्याहार-सुसार बिदा लाभ" रहेका छन्।

## जेष्ठ नागरिक रोजगारी निरन्तरता लाभ बारेमा

जेष्ठ नागरिक रोजगारी निरन्तरता लाभ, 65 वर्ष उमेर सम्मको रोजगारीको निरन्तरतालाई सहायता गर्नका निमित्त, एक निश्चित आवश्यक सर्त पूरा गर्ने 60 वर्ष वा सो भन्दा माथि 65 वर्ष भन्दा मुनि (जहाजी कर्मचारीको हकमा, जन्ममिति अनुसार 55 वर्ष वा सो भन्दा माथि 60 वर्ष भन्दा मुनि हुने अवस्था रहेको छ। विस्तृतमा सम्बन्धित अधिकारीलाई सोधपुछ गर्नुहोला।) का रोजगार बिमाको बिमित व्यक्ति (रोजगाररत व्यक्ति)लाई भुक्तानी गरिने छ।

जेष्ठ नागरिक रोजगारी निरन्तरता लाभ अन्तर्गत, जेष्ठ नागरिक रोजगारी निरन्तरता आधारभूत लाभ रकम र जेष्ठ नागरिक पुनर्रोजगार लाभ रकम गरी 2 प्रकार हुन्छन्।

### 1 जेष्ठ नागरिक रोजगारी निरन्तरता आधारभूत लाभ रकम

रोजगार बिमाको आधारभूत भत्ता आदि (पुनर्रोजगार भत्ता आदिको आधारभूत भत्ता भुक्तानी गरेको सरह मानिने लाभ समेत।) को भुक्तानी प्राप्त नगरेका व्यक्ति, दायरामा पर्ने लाभ रकम हो।

**भुक्तानीका आवश्यक सर्तहरू**

□ 60 वर्ष वा सो भन्दा माथि 65 वर्ष भन्दा मुनिका बिमित हुनुपर्ने

□ बिमित रहेको अवधि जोड्दा 5 वर्ष वा सो भन्दा बढी हुनुपर्ने

* यस "बिमित रहेको अवधि"को गणनामा, बिमित रहेको अवधि बीचमा खाली समय भएमा, उक्त खाली अवधि 1 वर्ष भित्र भएमा, अघिपछिको बिमित रहेको अवधि जोड्नुपर्ने हुन्छ।

तथापि, बिगतमा आधारभूत भत्ता आदि अथवा विशेष प्रावधानमूलक एकमुस्ट रकमको भुक्तानी प्राप्त गरिसकेको भए, तत्पश्चात्को अवधि मात्र जोड्न सकिने छ।

□ 60 वर्ष उमेर पछिको हरेक महिनामा भुक्तानी पाएको ज्याला राशि, 60 वर्ष पुगेको समयमा पाएको मासिक ज्याला राशिको 75% भन्दा कममा घटेको हुनुपर्ने

□ 60 वर्ष भन्दा पछिको हरेको महिनामा भुक्तानी पाएको ज्याला राशि, भुक्तानी हद राशि (365,114 येन हरेक वर्ष अगष्ट 1 तारिखमा परिवर्तन हुन सक्छ।) भन्दा कम हुनुपर्ने

□ क्यालेन्डरको हरेक महिनाको सङ्क्रान्ति देखि मसान्तसम्म बिमित स्वरूप निरन्तर रोजगारी गरिरहेको हुनुपर्ने

□ क्यालेन्डरको हरेक महिनामा शिशु स्याहार बिदा लाभ अथवा स्याहार-सुसार बिदा लाभको भुक्तानी प्राप्त गर्न नमिल्ने हुनुपर्ने

**भुक्तानी गरिने रकम**

हरेक महिनामा भुक्तानी पाएको ज्याला "घट्ने दर" (%) (हरेक महिनामा भुक्तानी पाएको ज्याला राशि ÷ 60 वर्ष पुगेको समयको मासिक ज्याला राशि x 100) अनुरूप, निम्न सूत्र लगाएर हिसाब गरिने छ (तथापि, भुक्तानी हद राशि आदिको कारणले भुक्तानी राशि घट्न जाने, भुक्तानी नहुने पनि हुनसक्छ।)।

□ घट्ने दर 61% वा सो भन्दा कम भएमा

भुक्तानी राशि = हरेक महिनामा भुक्तानी पाएको ज्याला राशि x 15%

□ घट्ने दर 61% नाघेर 75% भन्दा कम भएमा

भुक्तानी राशि = हरेक महिनामा भुक्तानी पाएको ज्याला राशि x 15% देखि 0% (घट्ने दर अनुसार एक निश्चित प्रतिशत घट्नेछ।)

□ घट्ने दर 75% वा सो भन्दा बढी भएमा भुक्तानी गरिने छैन।

* भुक्तानी प्राप्त गर्न सकिने अवधि, 65 वर्ष पुग्ने महिनासम्म हुनेछ।

2 जेष्ठ नागरिक पुनर्रोजगार लाभ रकम

लाभ प्राप्ति योग्यता बमोजिमको आधारभूत भत्ताको भुक्तानी प्राप्त गरेपश्चात्, 60 वर्ष पुगेको समय पछि 1 वर्ष नाघ्ने गरी लगातार रोजगारी गर्ने पक्कापक्की भएको मान्यता दिइने पेसामा लागेकोले बिमित स्वरूप रोजगार भएको व्यक्तिलाई प्रदान गरिने लाभ रकम हो। आधारभूत भत्ताको लाभ प्राप्ति अवधि भित्रमा जागिरमा लागेर, जागिरमा लागेको दिनको अघिल्लो दिनमा आधारभूत भत्ताको भुक्तानी बाँकी दिन सङ्ख्या 100 दिन वा सो भन्दा बढी रहेमा दायरामा पर्नेछ।

भुक्तानीका आवश्यक सर्तहरू

□ 60 वर्ष वा सो भन्दा माथि 65 वर्ष भन्दा मुनिका बिमित हुनुपर्ने

□ बिमित रहेको अवधि जोड्दा 5 वर्ष वा सो भन्दा बढी हुनुपर्ने

* यस "बिमित रहेको अवधि"को गणनामा, बिमित रहेको अवधि बीचमा खाली समय भएमा, उक्त खाली अवधि 1 वर्ष भित्र भएमा, अघिपछिको बिमित रहेको अवधि जोड्नुपर्ने हुन्छ।

तथापि, बिगतमा आधारभूत भत्ता आदि अथवा विशेष प्रावधानमूलक एकमुस्ट रकमको भुक्तानी प्राप्त गरिसकेको भए, तत्पश्चात्को अवधि मात्र जोड्न सकिने छ।

□ जागिरमा लागेको दिनको अघिल्लो दिनमा, आधारभूत भत्ताको भुक्तानी बाँकी दिन सङ्ख्या 100 दिन वा सो भन्दा बढी हुनुपर्ने

□ पुनर्रोजगारीमा लागेपश्चात्को मासिक ज्याला राशि, आधारभूत भत्ता हिसाबको आधार स्वरूपको दैनिक ज्याला राशिको 30 दिनको हिस्सा बराबरको राशिको 75% भन्दा कममा घटेको हुनुपर्ने

□ पुनर्रोजगारीमा लागेपश्चात्को हरेक महिनामा भुक्तानी पाएको ज्याला राशि, भुक्तानी हद राशि (365,114 येन हरेक वर्ष अगष्ट 1 तारिखमा परिवर्तन हुन सक्छ।) भन्दा कम हुनुपर्ने

□ क्यालेन्डरको हरेक महिनाको सङ्क्रान्ति देखि मसान्तसम्म बिमित स्वरूप निरन्तर रोजगारी गरिरहेको हुनुपर्ने

□ हरेक क्यालेन्डर महिनामा शिशु स्याहार बिदा लाभ अथवा स्याहार-सुसार बिदा लाभको भुक्तानी प्राप्त गर्न नमिल्ने हुनुपर्ने

भुक्तानी राशि

आधारभूत रूपमा, जेष्ठ नागरिक रोजगारी निरन्तरता आधारभूत लाभ रकम जस्तै हो भनेर सोच्न सकिने। तथापि, "घट्ने दर" को हकमा, 60 वर्ष पुगेको समयको ज्याला नभई, आधारभूत भत्ताको मापदण्ड रहेको ज्यालासँग तुलना गरेर, पुनर्रोजगारीमा लागेपश्चात्को ज्याला घटेको छ कि के छ गणना गरिनेछ।
साथै, भुक्तानी प्राप्त गर्न सकिने अवधि आधारभूत भत्ताको भुक्तानी बाँकी दिन सङ्ख्या अनुसार, निम्नानुसार हुनेछ।

□ जागिरमा लागेको दिनको अघिल्लो दिनमा आधारभूत भत्ताको भुक्तानी बाँकी दिन सङ्ख्या 200 दिन वा सो भन्दा बढी भएमा: पुनर्रोजगारी पछि 2 वर्ष

□ जागिरमा लागेको दिनको अघिल्लो दिनमा आधारभूत भत्ताको भुक्तानी बाँकी दिन सङ्ख्या 100 दिन वा सो भन्दा बढी भएमा: पुनर्रोजगारी पछि 1 वर्ष

* त्यस अवधि भित्रमा 65 वर्ष पुगेमा, 65 वर्ष पुगेको महिनासम्म हुनेछ।

* जेष्ठ नागरिक पुनर्रोजगार लाभ रकम र पुनर्रोजगार भत्ता सह-भुक्तानी हुने छैन।

* रोजगारी निरन्तरता लाभको वास्तविक लाभ राशि, "मिनासि-चिन्गिन भनिने केही थप ज्याला राशि" या "भुक्तानी हद राशि" को कारणले घट्न जाने, भुक्तानी नहुने हुनसक्छ। विस्तृतमा, हेलोवर्कको सम्बन्धित अधिकारीलाई सोधपुछ गर्नुहोला।

## शिशु स्याहार बिदा लाभ बारेमा

रोजगार बिमाको बिमित (*) (महिला वा पुरुष जो भएपनि फरक पर्ने छैन।) ले शिशु स्याहार बिदा प्राप्त गरेमा, एक निश्चित आवश्यक सर्त पूरा गर्‍यो भने "शिशु स्याहार बिदा लाभ रकम" भुक्तानी गरिने छ। विस्तृतमा, हेलोवर्कको सम्बन्धित अधिकारीलाई सोध्नुहोला।

* बिमित भन्नाले, आम बिमित एवम् जेष्ठ नागरिक बिमितलाई भनिन्छ।

## स्याहार-सुसार बिदा लाभ बारेमा

रोजगार बिमाको बिमित(*)ले, निजको परिवारलाई स्याहार-सुसार गर्नका लागि स्याहार-सुसार बिदा प्राप्त गरेको खण्डमा, एक निश्चित आवश्यक सर्त पूरा गर्‍यो भने "स्याहार-सुसार बिदा लाभ रकम" भुक्तानी गरिने छ। विस्तृतमा, हेलोवर्कको सम्बन्धित अधिकारीलाई सोध्नुहोला।

* बिमित भन्नाले, आम बिमित एवम् जेष्ठ नागरिक बिमितलाई भनिन्छ।

## 37 रोजगार बिमा र वृद्धावस्था कर्मचारी पेन्सन आदिसँगको सह-भुक्तानी समायोजन बारेमा

रोजगारी खोजीकर्ता लाभ (आधारभूत भत्ता) र वृद्धावस्था कर्मचारी पेन्सन/अवकाश पारस्पारिक पेन्सनसँगको सह-भुक्तानी समायोजन गरिनेछ। लाभ प्राप्तिको अधिकार सिर्जना हुने वृद्धावस्था कर्मचारी पेन्सनहरूको हकवाला लाभार्थीले, रोजगारी खोजीकर्ता लाभ (आधारभूत भत्ता)को भुक्तानी प्राप्त गर्ने अवधिमा, वृद्धावस्था कर्मचारी पेन्सन/अवकाश पारस्पारिक पेन्सनको भुक्तानी बन्द हुनेछ।

यो भनेको, रोजगारी खोजीकर्ता लाभको भुक्तानी अन्तर्वस्तु परिवर्तन हुने कुरा नभएर, पेन्सनको भुक्तानी बन्द हुने कुरा हो। पुनश्च, रोजगारी खोजीकर्ता लाभका अलावा जेष्ठ नागरिक रोजगारी निरन्तरता लाभ पनि सह-भुक्तानी समायोजनको दायरामा पर्नेछ।

सह-भुक्तानी समायोजन बारे विस्तृतमा, तपाईँले प्रक्रिया चालिरहनु भएको, अथवा, चाल्ने योजना भएको पेन्सन कार्यालयमा सोधपुछ गर्नुहोला।

## 38 नागरिक स्वास्थ्य बिमा शुल्क (कर)को न्यूनीकरण बारेमा

टाट पल्टिने या बर्खासी आदिको कारणले काम छोडेका (विशिष्ट लाभ प्राप्त गर्न योग्य व्यक्ति) या, रोजगारी अन्त्य आदिको कारणले काम छोडेका (विशिष्ट कारणले काम छोडेका) व्यक्तिको नागरिक स्वास्थ्य बिमा शुल्क (कर)मा न्यूनीकरण गरिनेछ।

**दायरामा पर्ने व्यक्ति**

काम छोडेको दिनको भोलिपल्टदेखि आगामी आर्थिक वर्षको अन्तसम्मको अवधिमा,

1 रोजगार बिमाको विशिष्ट लाभ प्राप्त गर्न योग्य व्यक्ति (जस्तै : टाट पल्टिने या बर्खासी आदिको कारणले काम छोडेका)

2 रोजगार बिमाको विशिष्ट कारण भएको योग्य व्यक्ति (जस्तै : रोजगारी अन्त्य आदि कारणले काम छोडेका)

स्वरूप रोजगारी खोजीकर्ता लाभ (आधारभूत भत्ता आदि) प्राप्त गर्ने व्यक्ति हुन्।

*रोजगार बिमा लाभ प्राप्ति योग्यता कार्डको काम छोडेको कारण 11, 12, 21, 22, 31, 32, 23, 33, 34 भित्र पर्ने व्यक्ति

*जेष्ठ नागरिक लाभ प्राप्त गर्न योग्य व्यक्ति एवम् विशेष प्रावधानमूलक लाभ प्राप्त गर्न योग्य व्यक्तिहरू दायरामा पर्ने छैनन्।

**न्यूनीकरण राशि**

नागरिक स्वास्थ्य बिमा शुल्क (कर), अघिल्लो वर्षको आय आदि बमोजिम हिसाब गरिने छ।

अघिल्लो वर्षको तलब आयलाई त्यसको 30/100 मानेर न्यूनीकरण गरिनेछ।

*न्यूनीकरण राशि आदि ठोस रूपमा थाहापाउनका लागि, गाउँ/नगरपालिकामा सोधपुछ गर्नुहोला।

**न्यूनीकरण अवधि**

काम छोडेको दिनको भोलिपल्टदेखि आगामी आर्थिक वर्षको अन्तसम्मको अवधि हुनेछ।

*रोजगार बिमाको रोजगारी खोजीकर्ता लाभ (आधारभूत भत्ता आदि) प्राप्त गर्ने अवधि भन्दा फरक हुनेछ।

*सूचना दाखिला ढिला हुन गएपनि पहिले देखिको न्यूनीकरण प्राप्त गर्न सकिनेछ।

*नागरिक स्वास्थ्य बिमामा सामेल भइरहँदा, बीचैमा जागिरमा लागेपनि लगातार दायरा भित्रै परिने छ तर, कम्पनीको स्वास्थ्य बिमामा सामेल हुने आदिबाट, नागरिक स्वास्थ्य बिमा त्यागेमा समाप्त हुनेछ।

न्यूनीकरण प्राप्त गर्नका लागि सूचना दाखिला आवश्यक हुनेछ। प्रणालीको विस्तृत जानकारी लिनका लागि, बसोबास रहेको गाउँ/नगरपालिकाको नागरिक स्वास्थ्य बिमा इन्चार्जलाई सोधपुछ गर्नुहोला।

# मुख्य प्रक्रियाहरूका सूची

| प्रक्रिया आवश्यक पर्ने बेला | प्रक्रिया गर्ने म्याद | आवश्यक कागजात | सङ्लग्न कागजात एवम् प्रमाणपत्र | सम्बन्धित पृष्ठ |
| --- | --- | --- | --- | --- |
| रोग, चोटपटक, गर्भावस्था, सुत्केरी, शिशु वा नजिकको नातेदारको हेरचार इत्यादिले गर्दा लाभ प्राप्ति अवधि लम्ब्याउन खोजेको बेलामा | रोजगारीमा लाग्न नसकेको अवधि 30 दिन पुगेको भोलिपल्ट पश्चात्, सिद्धान्ततः छिटो गर्नुपर्छ यद्यपि लम्बिएपछिको लाभ प्राप्ति अवधिको अन्तिम दिन सम्मको अवधिमा पनि गर्न मिल्ने। | लाभ प्राप्ति अवधि लम्ब्याउने आवेदन फारम, लाभ प्राप्ति योग्यता कार्ड | मातृशिशु-पुस्तिका, स्वास्थ्य जाँच रिपोर्ट आदि | पृष्ठ 17 |
| जागिर वा उद्यम सुरु गर्ने कुरा निश्चित भएको बेलामा | सिद्धान्ततः जागिर सुरु गर्ने दिनको अघिल्लो दिन | रोजगारी (नियुक्ति मिति) प्रमाणपत्र, लाभ प्राप्ति योग्यता कार्ड | जागिर स्थल<br>उद्यम मालिक | पृष्ठ 20 |
| तुरून्तै पुनर्रोजगार हुन पाएको बेलामा | जागिर सुरु गरेको भोलिपल्ट देखि 1 महिना भित्र | पुनर्रोजगार भत्ता भुक्तानी आवेदन फारम, लाभ प्राप्ति योग्यता कार्ड | जागिर स्थल<br>उद्यम मालिक | पृष्ठ 20 |
| अपाङ्गता आदि भएका महानुभावले हेलोवर्कको सिफारिस मार्फत जागिरमा लागेको बेलामा | जागिर सुरु गरेको भोलिपल्ट देखि 1 महिना भित्र | नियमित जागिर तयारी भत्ता भुक्तानी आवेदन फाराम, लाभ प्राप्ति योग्यता कार्ड | जागिर स्थल<br>उद्यम मालिक | पृष्ठ 25 |
| नामथर वा ठेगाना इत्यादि परिवर्तन भएको बेलामा | आगामी प्रमाणीकरण मिति सम्म (अन्य हेलोवर्कका कार्यक्षेत्र तर्फ स्थानान्तरण हुने बेलामा अग्रीम रूपमा) | लाभ प्राप्ति योग्य व्यक्तिको नामथर, ठेगाना परिवर्तन भएको सूचना दाखिला, लाभ प्राप्ति योग्यता कार्ड | बसोबास पत्र(ज्युमिन ह्योउ) आदि | पृष्ठ 30 |
| रोग या चोटपटकले लगातार 15 दिन वा सो भन्दा माथि काम गर्न नसक्ने बेलामा | निको हुने वित्तिकैको प्रमाणीकरण मिति सम्म (दीर्घकालीन घाउचोट वा बिमारीको अवस्थामा हेलोवर्क आदिमा परामर्श गर्नुहोस्) | घाउचोट वा बिमारी भत्ता भुक्तानी आवेदन फारम, लाभ प्राप्ति योग्यता कार्ड | उपचार गर्ने चिकित्सक | पृष्ठ 30 |
| मृत्यु भएको लाभकर्ताको सट्टामा मृतक परिवारको सदस्यले बेरोजगारी आदिको लाभ प्राप्त गर्न खोजेको बेलामा | मृत्यु भएको भोलिपल्ट देखि 6 महिना भित्र | गैर-भुक्तानी बेरोजगार लाभ आदिको भुक्तानी माग रसिद, लाभ प्राप्ति योग्यता कार्ड | डेथ सर्टिफिकेट, घरपरिवार सबैको बसोबास पत्र(ज्युमिन ह्योउ), पारिवारिक दर्ता विस्तृत प्रतिलिपि (कोसेकि तोउहोन) आदि | पृष्ठ 31 |

別紙2

# 面 接 証 明 書

住 所

---

氏 名

---

上記の者について、以下のとおり、当社の採用試験（面接）を行いました。

| | |
|---|---|
| 採用試験（面接）<br>実 施 日 時 | 年 月 日 時 分 から<br><br>年 月 日 時 分 まで |

上記のとおり相違ないことを証明します。

年 月 日

公共職業安定所長 殿

事業所

所在地

名 称

代表者名 印

電話番号

# 採 用 証 明 書

別紙１

本人記入欄

| 支給番号 | ー　　ー | | |
|---|---|---|---|
| フリガナ<br>氏　名 | | 生年月日 | 年　月　日 |
| 住所 | （〒　　） | （電話　（　　）　　） | |

この採用証明書は、正しい雇用年月日を把握し、適正な給付を行うため、事業主の皆様に証明していただくものです。必ず出勤簿、タイムカード、労働者名簿等の関係書類を確認の上、証明してください。

万一、**雇用年月日を事実に相違して記載し、それが不正受給につながる場合は、雇用保険法第 10 条の４第２項により失業等給付を受けた者と連帯して返還及び納付していただく場合があります**。

事業主記入欄

| 雇用（予定）年月日<br>（試用期間を含む。） | 年　月　日 | 雇用の内定日 | 年　月　日 |
|---|---|---|---|
| 雇用（予定）年月日以前に臨時、アルバイト、日雇い等で働いた期間の有無（該当する箇所を〇で囲んでください。）。<br>**※裏面「「雇用年月日」についての注意事項」を必ずご参照ください**。 | ア　無し<br>イ　有り（具体的な就労期間を記入してください。）<br>年　月　日　～　年　月　日<br>（　　日間） | | |
| 職　　種 | | | |
| 今回採用された方の採用経路について、以下の項目の該当する箇所を〇で囲んでください。<br>ア　安定所の紹介（関連機関含む）　ウ　求人広告、新聞折り込み等<br>イ　職業紹介事業者の紹介　エ　知人、取引先等の紹介 | | | |

上記のとおり相違ないことを証明します。

公共職業安定所長　殿

年　　月　　日

事業所 所在地

名　称

代表者名　　　　　　　　　印

電　話

適用事業所番号　　　ー　　　ー

ハローワークでは、各種技能を持たれた方々が多数仕事を探されています。

1　今後の採用予定

☐　ある　　☐　ない

| 職種 | 採用予定人数 | 採用の時期 |
|---|---|---|
| | | 月頃 |
| | | 月頃 |

2　現在、ハローワークに求人を出していただいていますか？

☐　出している ☐　出していない

# 「雇用年月日」についての注意事項


①　まず、社員や従業員として、いつから在籍されているかを確認してください。「雇用年月日」は、本人との間で取り決めをされた

**「在籍となる初日」**のことをいいます。

通常は、「最初に出勤される予定の日」や「実際に出勤された日」となりますが、「在籍となる初日」と最初に出勤される日が異なる場合があるので、ご注意ください。


（例１）雇用年月日が休祝日に当たる場合

●日は会社休業日




※　１月１日が雇用年月日


（例２）出勤すべき初日に欠勤された場合




※　１月 23 日が雇用年月日

②　「在籍となる初日」には、正社員や本採用に限らず、臨時やパート、見習い、試用、研修等で在籍している期間も含みます。

（例３）正社員に切替前に、臨時・パート・試用期間・アルバイト等がある場合




※　６月 20 日が雇用年月日

# 傷　病　証　明　書

支 給 番 号　□□－□□□□□□－□

住 所

氏 名

生年月日　　年　　月　　日 生

| | |
|---|---|
| 傷病等の状態及びその程度 | |
| 傷病等のため職業に就くことができなかったと認められる期間 | 年　月　日　から<br>年　月　日　まで　日間 |

上記のとおり証明します。

年　　月　　日

公共職業安定所長 殿

所在地

医師又は

診療担当者名　　印

別紙4

# 離　職　状　況　証　明　書
## （雇用保険未加入者用）

| | | | | |
|---|---|---|---|---|
| 申請者が記入 | フリガナ | | 生年月日 | 昭和<br>年　月　日<br>平成 |
| | 氏　　名 | | | |
| | 住　　所 | 〒　　　－<br>TEL（　　　）　　－ | | |

| | | | | |
|---|---|---|---|---|
| 事業主が記入してください。 | 雇用年月日 | 令和　　年　　月　　日 | 離職年月日 | 令和　　年　　月　　日 |
| | 離職理由　・・・・・・・　該当するものを○で囲み、具体的な事情を記載してください。 | | | |
| | イ　解雇　　ロ　倒産による退職　ハ　契約期間満了<br>ニ　事業主の勧奨による退職　　ホ　定年（　　　歳）<br>ヘ　定年（　　歳）後の勤務延長又は再雇用の終了（　　歳）<br>ト　その他 | | 具体的な事情 | |
| | 上記のとおり相違ないことを証明します。<br>令和　　年　　月　　日<br>公共職業安定所長　殿<br>事業所の所在地及び名称<br>事業主氏名　　　　　　　　　　　㊞ | | | |

※　事業主の方へお願い

1　この証明は、貴事業所で雇入れた方のうち、雇用保険被保険者として資格取得をされなかった方についてご記入ください。

2　雇入年月日・離職年月日については、試用期間・研修期間等があった場合には、その期間を含めてご記入ください。

3　雇用保険に加入いただいている場合は、離職票Ⅰ・Ⅱをご使用ください。

| 【安定所記載欄】 |
|---|
| |

# 令和２年（２０２０年）

| | 週型＼曜日型 | 日 | 月 | 火 | 水 | 木 | 金 | 土 |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 4 | | | | 1 | 2 | 3 | 4 |
| | 1 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 |
| | 2 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 |
| | 3 | 19 | 20 | 21 | 22 | 23 | 24 | 25 |
| | 4 | 26 | 27 | 28 | 29 | 30 | 31 | |
| 2 | 4 | | | | | | | 1 |
| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
| | 2 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 |
| | 3 | 16 | 17 | 18 | 19 | 20 | 21 | 22 |
| | 4 | 23 | 24 | 25 | 26 | 27 | 28 | 29 |
| 3 | 1 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| | 2 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 |
| | 3 | 15 | 16 | 17 | 18 | 19 | 20 | 21 |
| | 4 | 22 | 23 | 24 | 25 | 26 | 27 | 28 |
| | 1 | 29 | 30 | 31 | | | | |
| 4 | 1 | | | | 1 | 2 | 3 | 4 |
| | 2 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 |
| | 3 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 |
| | 4 | 19 | 20 | 21 | 22 | 23 | 24 | 25 |
| | 1 | 26 | 27 | 28 | 29 | 30 | | |
| 5 | 1 | | | | | | 1 | 2 |
| | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| | 3 | 10 | 11 | 12 | 13 | 14 | 15 | 16 |
| | 4 | 17 | 18 | 19 | 20 | 21 | 22 | 23 |
| | 1 | 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |
| | 2 | 31 | | | | | | |
| 6 | 2 | | 1 | 2 | 3 | 4 | 5 | 6 |
| | 3 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
| | 4 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| | 1 | 21 | 22 | 23 | 24 | 25 | 26 | 27 |
| | 2 | 28 | 29 | 30 | | | | |
| 7 | 2 | | | | 1 | 2 | 3 | 4 |
| | 3 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 |
| | 4 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 |
| | 1 | 19 | 20 | 21 | 22 | 23 | 24 | 25 |
| | 2 | 26 | 27 | 28 | 29 | 30 | 31 | |
| 8 | 2 | | | | | | | 1 |
| | 3 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
| | 4 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 |
| | 1 | 16 | 17 | 18 | 19 | 20 | 21 | 22 |
| | 2 | 23 | 24 | 25 | 26 | 27 | 28 | 29 |
| | 3 | 30 | 31 | | | | | |
| 9 | 3 | | | 1 | 2 | 3 | 4 | 5 |
| | 4 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
| | 1 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 |
| | 2 | 20 | 21 | 22 | 23 | 24 | 25 | 26 |
| | 3 | 27 | 28 | 29 | 30 | | | |
| 10 | 3 | | | | | 1 | 2 | 3 |
| | 4 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| | 1 | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 |
| | 2 | 18 | 19 | 20 | 21 | 22 | 23 | 24 |
| | 3 | 25 | 26 | 27 | 28 | 29 | 30 | 31 |
| 11 | 4 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| | 1 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 |
| | 2 | 15 | 16 | 17 | 18 | 19 | 20 | 21 |
| | 3 | 22 | 23 | 24 | 25 | 26 | 27 | 28 |
| | 4 | 29 | 30 | | | | | |
| 12 | 4 | | | 1 | 2 | 3 | 4 | 5 |
| | 1 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
| | 2 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 |
| | 3 | 20 | 21 | 22 | 23 | 24 | 25 | 26 |
| | 4 | 27 | 28 | 29 | 30 | 31 | | |

※ 春分の日、秋分の日は未定

# 令和３年（２０２１年）

| | 週型＼曜日型 | 日 | 月 | 火 | 水 | 木 | 金 | 土 |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 4 | | | | | | 1 | 2 |
| | 1 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| | 2 | 10 | 11 | 12 | 13 | 14 | 15 | 16 |
| | 3 | 17 | 18 | 19 | 20 | 21 | 22 | 23 |
| | 4 | 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |
| | 1 | 31 | | | | | | |
| 2 | 1 | | 1 | 2 | 3 | 4 | 5 | 6 |
| | 2 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
| | 3 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| | 4 | 21 | 22 | 23 | 24 | 25 | 26 | 27 |
| | 1 | 28 | | | | | | |
| 3 | 1 | | 1 | 2 | 3 | 4 | 5 | 6 |
| | 2 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
| | 3 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| | 4 | 21 | 22 | 23 | 24 | 25 | 26 | 27 |
| | 1 | 28 | 29 | 30 | 31 | | | |
| 4 | 1 | | | | | 1 | 2 | 3 |
| | 2 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| | 3 | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 |
| | 4 | 18 | 19 | 20 | 21 | 22 | 23 | 24 |
| | 1 | 25 | 26 | 27 | 28 | 29 | 30 | |
| 5 | 1 | | | | | | | 1 |
| | 2 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 |
| | 3 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 |
| | 4 | 16 | 17 | 18 | 19 | 20 | 21 | 22 |
| | 1 | 23 | 24 | 25 | 26 | 27 | 28 | 29 |
| | 2 | 30 | 31 | | | | | |
| 6 | 2 | | | 1 | 2 | 3 | 4 | 5 |
| | 3 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
| | 4 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 |
| | 1 | 20 | 21 | 22 | 23 | 24 | 25 | 26 |
| | 2 | 27 | 28 | 29 | 30 | | | |
| 7 | 2 | | | | | 1 | 2 | 3 |
| | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| | 4 | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 |
| | 1 | 18 | 19 | 20 | 21 | 22 | 23 | 24 |
| | 2 | 25 | 26 | 27 | 28 | 29 | 30 | 31 |
| 8 | 3 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| | 4 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 |
| | 1 | 15 | 16 | 17 | 18 | 19 | 20 | 21 |
| | 2 | 22 | 23 | 24 | 25 | 26 | 27 | 28 |
| | 3 | 29 | 30 | 31 | | | | |
| 9 | 3 | | | | 1 | 2 | 3 | 4 |
| | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 |
| | 1 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 |
| | 2 | 19 | 20 | 21 | 22 | 23 | 24 | 25 |
| | 3 | 26 | 27 | 28 | 29 | 30 | | |
| 10 | 3 | | | | | | 1 | 2 |
| | 4 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| | 1 | 10 | 11 | 12 | 13 | 14 | 15 | 16 |
| | 2 | 17 | 18 | 19 | 20 | 21 | 22 | 23 |
| | 3 | 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |
| | 4 | 31 | | | | | | |
| 11 | 4 | | 1 | 2 | 3 | 4 | 5 | 6 |
| | 1 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
| | 2 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| | 3 | 21 | 22 | 23 | 24 | 25 | 26 | 27 |
| | 4 | 28 | 29 | 30 | | | | |
| 12 | 4 | | | | 1 | 2 | 3 | 4 |
| | 1 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 |
| | 2 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 |
| | 3 | 19 | 20 | 21 | 22 | 23 | 24 | 25 |
| | 4 | 26 | 27 | 28 | 29 | 30 | 31 | |

※ 春分の日、秋分の日は未定

# सम्पर्क गर्ने ठाउँको सूची

**घर नजिकको हेलोवर्क यहाँबाट खोज्न सकिन्छ।**

**https://www.mhlw.go.jp/content/000637894.pdf**

**दोभाषे हुने हेलोवर्कको लागि यहाँ**

**https://www.mhlw.go.jp/content/000592865.pdf**

**श्रम शर्तको बारेमा परामर्श लिन चाहेको बेलामा**

**https://www.check-roudou.mhlw.go.jp/soudan/foreigner_eng.html**